## प्रथम परिच्छेद

# शोधपरिचय

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा नारीपात्र** रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत् स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

### १.३ विषयपरिचय

साहित्यकार हृदयचन्द्रसिंह प्रधान (वि.सं. १९७२ - २०१६) नेपाली साहित्यका क्षेत्रमा निबन्धकार, कथाकार, समालोचक, कवि, व्याकरणकार, नाटककार र उपन्यासकारका रूपमा परिचित रहेका छन् । यसमध्ये उपन्यास विधामा उनको विशिष्टता रहेको छ । उनका दुई उपन्यास 'स्वास्नीमान्छे' (२०११) र 'एकचिहान' (२०१७) उपन्यास परम्परामा महत्त्वपूर्ण रहेका छन् । यिनै दुई उपन्यासको प्रकाशन पश्चात् आधुनिक नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी धाराको प्रारम्भ भएको हो । यीमध्ये 'स्वास्नीमान्छे' उपन्यास नारीवादी धाराको पहिलो र सफल उपन्यास बनेको छ । उनको नारीवादी प्रवृत्ति अन्य उपन्यासकारका तुलनामा अग्रपङ्क्तिमा रहेको छ । उनका नारीपात्रहरू नारी मुक्तिका लागि सधै सङ्घर्षशील रहेका छन् । नारी अस्मितामाथि अन्याय गर्ने पुरुष समाजलाई औंला ठड्याउने यी नारीहरू यस शोध कार्यका विषय बनेका छन् । यी नारी पात्रहरूको कार्यले प्रधानलाई प्रगतिवादी लेखकका रूपमा समेत परिचित गराएका छन्।

### १.४ समस्याकथन

नेपाली साहित्यमा आख्यानअन्तर्गत्को उपन्यास विधामा विशिष्टता हासिल गरेका प्रधानका उपन्यासहरू 'स्वास्नीमान्छे' र 'एकचिहान' का नारीपात्रको अध्ययन यस शोधपत्रको मूल विषय हो । अतः उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासका नारीपात्रहरूको अध्ययन गर्नु नै यस शोषपत्रको प्रमुख समस्या हो । यसका अन्य समस्याहरू निम्न अनुसार रहेका छन् ।

(क) उपन्यास विश्लेषणको चरित्रगत आधार र हृदयचन्द्रसम्मको उपन्यास परम्परामा उनको स्थान कहाँ छ ?

(ख) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा के -कस्ता नारीपात्र रहेका छन् ?

(ग) हृदयचन्द्रसिंह प्रधानका नारीपात्रलाई हेर्ने आधारहरू के-के हुन् ?

(घ) नारीवादी दृष्टिकोणले प्रधानका नारीपात्र कस्ता छन् ?

(ङ) हृदयचन्द्रसिंह पूर्वका उपन्यासहरू 'रूपमती', 'भ्रमर' र 'मुलुकबाहिर' का नारीपात्रका तुलनामा प्रधानका नारीपात्र कस्ता छन् ?

## १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रमा अध्ययनको विषयका क्रममा आएका प्रमुख समस्याहरूको सामाधान यसपत्रको प्रमुख उद्देश्य हो । यी उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

(क) उपन्यास विश्लेषणको चरित्रगत आधार र हृदयचन्द्रसम्मको उपन्यास परम्परामा उनको स्थानको रेखाङ्कन गर्नु ।

(ख) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा नारी पात्रहरूको अध्ययन गर्नु ।

(ग) हृदयचन्द्रसिंह प्रधानका नारीपात्रहरूलाई हेर्ने आधारहरूको निरूपण गर्नु ।

(घ) नारीवादी दृष्टिकोणले प्रधानका नारीपात्रहरूको विश्लेषण गर्नु ।

(ङ) 'रूपमती', 'भ्रमर' र 'मुलुकबाहिर' का नारीपात्रसँग प्रधानका नारीपात्रको तुलनात्मक विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली उपन्यास परम्परामा मौलिक, सामाजिक र प्रगतिवादी चिन्तन बोकेको 'एकचिहान' (२०१७) र नारीवादी चिन्तन आत्मसात गरेको 'स्वास्नीमान्छे' (२०११) उपन्यासको एउटा छुट्टै विशेषता रहेको छ । यी उपन्यासका सम्बन्धमा विभिन्न समालोचक तथा साहित्यकारहरूले विभिन्न पुस्तक तथा पत्रिकाहरूमा टिप्पणी र चर्चा गरेका छन् । जसलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

विश्वनाथ भट्टराईले 'मधुपर्क' (२०२७) वर्ष ३, अङ्क ६ (कार्त्तिक) मा 'स्वास्नीमान्छे एक सिंहावलोकन' लेखमार्फत् हृदयचन्द्रसिंह प्रधान 'एकचिहान' र 'स्वास्नीमान्छे' उपन्यासमा सामाजिक समस्या लिएर त्यसको उद्‌घाटन र पर्दाफास गर्ने सिपाहीका रूपमा देखापरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

नारायण केतुले 'रूपरेखा' (२०२८) मा प्रकाशित 'स्वास्नीमान्छे एकविचार' शीर्षकको लेखमा हाम्रो समाजका नारीहरूलाई दासता र थिचाइबाट मुक्त नगरेसम्म हामीमाथि जान सक्दैनौं । अत्याचारको मैदानमा आइमाईले लगाम नसमाएसम्म जागरण आएको ठहर्दैन यसै स्थितिमा 'स्वास्नीमान्छे' उपन्यास लेखिएको कुरा उनले उल्लेख गरेका छन् ।

डा.वासुदेव त्रिपाठीले 'विचरण' (२०२८) मा साहित्यकार प्रधानका बारेमा टिप्पणी गर्दै 'स्वास्नीमान्छे' उपन्यास वैचारिकताको पुष्टिका लागि कोरिएको समाजको स्थूल रेखाङ्कन हो भनेका छन् ।

वंशी श्रेष्ठले 'विदेह' (२०३०) मा प्रकाशित 'स्वास्नीमान्छेः एक टिप्पणी' शीर्षक लेखमा स्वास्नीमान्छे उपन्यासले रन्डी किन र कसरी बन्नुपर्छ भन्ने कारणहरू राम्ररी देखाएको कुरा उल्लेख गरेका छन् ।

इन्द्रबहादुर राईले 'नेपाली उपन्यासका आधारहरू' (२०३१) मा 'स्वास्नीमान्छे' उपन्यासमा उपन्यासकारको सुधारवादी सिद्धान्तले 'स्वास्नीमान्छे' मा झैं 'एकचिहान' मा पनि निरन्तरता पाएको कुरा उल्लेख गरेका छन् ।

घटराज भट्टराईले 'प्रतिभै प्रतिभा र नेपाली साहित्य' (२०४०) मा 'एकचिहान' लाई प्रगतिशील र सामाजिक उपन्यासको रूपमा टिप्पणी गरेका छन् ।

ऋषिराज बरालले 'प्रगतिशील उपन्यासको मूल प्रवृत्ति' (२०४८) शीर्षकको विद्यावारिधि शोधप्रबन्ध प्रस्तुत गर्दै 'स्वास्नीमान्छे' उपन्यासलाई पहिलो क्रान्तिकारी, परिवर्तनकारी, प्रगतिवादी उपन्यासको चरणमा राख्दै 'स्वास्नीमान्छे' उपन्यास नै नारीमुक्तिको प्रथम उद्घोष हो भन्ने कुरा उल्लेख गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले 'उपन्यासको विश्लेषण' (२०५५) मा 'स्वास्नीमान्छे' उपन्यासलाई नारीपुरुषका बीचमा लैङ्गिक विभेदलाई हटाएर नारी उत्थान गर्ने तथा पुरुषको एकाधिकार भत्काउने लक्ष्य राखिएको प्रथम नेपाली नारीवादी उपन्यास हो भन्ने कुरा उल्लेख गरेका छन् ।

कमलबहादुर खत्रीले 'एकचिहान उपन्यासको कृतिपरक अध्ययन' (२०५८) नामक शोधपत्रमा उपन्यासकार प्रधानले 'एकचिहान' कि रञ्जनादेवीलाई नारी स्वतन्त्रता र समानताका लागि आवाज उठाउने एक शिक्षित र सचेत नारी पात्रका रूपमा लिएको कुरा उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले 'नेपाली उपन्यासः परम्परा र प्रवृत्ति' (२०६४) मा आलोचनात्मक यथार्थवादको रूपमा 'स्वास्नीमान्छे शीर्षकअन्तर्गत् 'स्वास्नीमान्छे' यथास्थितिलाई कटु आलोचना गरेर वैकल्पिक दिशाको अन्वेषण गरिनुपर्ने कुराको अपेक्षा भएको वैकल्पिक दिशा भइनसकेको प्रस्तुत उपन्यास विद्रोहको सचेतनालाई मुखर गर्ने पहिलो र सबल उपन्यासका रूपमा देखिन्छ भनेका छन् ।

यस प्रकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरूको विभिन्न पक्षको अध्ययन र विश्लेषण भएका छन् । यी अध्ययन उपन्यासको इतिहास, विकासक्रम, प्रवृत्ति आदिका आधारमा भएका छन् । माथि उल्लिखित अध्ययनहरूमा राजेन्द्र सुवेदी, कृष्णहरि बराल र नेत्र एटमका अध्ययन महत्त्वपूर्ण र वास्तविक रहेका छन् ।

## १.७ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता

साहित्यकार हृदयचन्द्रसिंह प्रधानलाई उपन्यासकारका रूपमा परिचित गराउने उनका दुई उपन्यास 'स्वास्नीमान्छे' (२०११) र 'एकचिहान' (२०१७) को कृतिपरक अध्ययन भइसकेको छ । विभिन्न कोणबाट यी उपन्यासहरूको विश्लेषणसमेत भएको छ । आलोचनात्मक यथार्थवादी धारालाई आत्मसात गरी प्रगतिवादको समकक्षीमा समेत पुगेका यी उपन्यास नारीवादी दृष्टिकोणले सशक्त रहेका छन् । नारीकेन्द्रीयतामा अघि बढेका प्रधानका उपन्यासमा प्रयुक्त नारीपात्रहरूको समान्य रूपमा समालोचनात्मक टिप्पणी भए पनि गहन अध्ययन हुन बाँकी नै

रहेको हुँदा यस शोधपत्र उक्त विषयमा केन्द्रित हुनु औचित्यपूर्ण देखिन्छ । उपन्यासकार प्रधानका उपन्यासहरूको अध्ययन गर्न चाहने जो सुकै व्यक्तिलाई पनि यस शोधकार्यले थप जानकारी प्रदान गर्ने हुँदा यो शोधपत्र महत्त्वपूर्ण र उपयोगी रहेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

साहित्यकार हृदयचन्द्रसिंह प्रधानले नेपाली साहित्य जगतमा कथा, निबन्ध, कविता, समालोचना, एकाङ्की, उपन्यासजस्ता विविध विधामा कलम चलाएका छन् । उनका धेरै कृतिहरू प्रकाशनमा आए पनि अन्य कृतिहरूलाई थाती राखेर उनको जीवनी, व्यक्तित्वको परिचय र उनका दुई उपन्यास 'स्वास्नीमान्छे' र 'एकचिहान' मा प्रयुक्त नारीपात्रहरूको विभिन्न कोणबाट अध्ययन गर्नुमा सीमित रहेको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र हृदयचन्द्रसिंह प्रधानका 'स्वास्नीमान्छे' र 'एकचिहान' उपन्यासका नारीपात्रको अध्ययनमा केन्द्रित रहेकाले प्राथमिक स्रोतका रूपमा यिनै दुई उपन्यासलाई सामग्री सङ्कलनको आधार बनाइएको छ । त्यसैगरी पुस्तक, पत्रपत्रिका, लेख, शोधनिर्देशक र समालोचकका विचारलाई पनि शोध अध्ययनका क्रममा समेटिएको छ । शोधविधिका रूपमा भने वर्णनात्मक र विश्लेषणात्मक विधिलाई प्रयोग गरिएको छ ।

## १.१० शोत्रपत्रको रूपरेखा

यस शोधपत्रलाई महत्त्वपूर्ण पाँच परिच्छेदमा विभाजन गरिएको छ । यी पाँच परिच्छेदलाई मुख्य आधार बनाइए पनि आवश्यकता अनुसार यी परिच्छेदभित्र अन्य उपशीर्षकहरू पनि राखिएका छन् । शोधपत्रका महत्त्वपूर्ण परिच्छेदहरू निम्न अनुसार रहेका छन् ।

| | | |
|---|---|---|
| प्रथम परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्वको परिचय, चरित्र, नेपाली उपन्यास परम्परा र आधुनिक नेपाली उपन्यासको परम्परा |
| तेस्रो परिच्छेद | : | उपन्यासकार हृदयचन्द्रसिंह प्रधान, उनका उपन्यासहरू र उनका उपन्यासमा प्रयुक्त नारीपात्रहरूको विश्लेषण |
| चौथो परिच्छेद | : | उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका नारीपात्रहरूको विश्लेषणका विविध आधारहरू |
| पाँचौं परिच्छेद | : | सारांश र निष्कर्ष |

शोधपत्रको अन्त्यमा प्रस्तुत शोधपत्र तयार पार्दा प्रयोग गरिएका पुस्तक एवम् पत्रपत्रिकाको छुट्टाछुट्टै सन्दर्भसामग्रीसूची प्रस्तुत गरिएको छ ।

## दोस्रो परिच्छेद

# उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको जीवनी र व्यक्तित्वको परिचय, चरित्र, नेपाली उपन्यास परम्परा र आधुनिक नेपाली उपन्यास

### २.१ हृदयचन्द्रसिंह प्रधानको जीवनी र व्यक्तित्वको परिचय

### २.१.१ जन्म र बाल्यकाल

नेपाली साहित्यमा उपन्यासकारका रूपमा चर्चित बनेका हृदयचन्द्रसिंह प्रधानको जन्म वि.सं. १९७२ माघ ९ गते काठमाडौंको ढोकाटोलमा भएको थियो । उनका पिताको नाम सूर्यप्रसाद प्रधान र माताको नाम सूर्यमाया प्रधान हो (बराल र एटम, २०५५: ८२) । उनको जन्म काठमाडौंको निम्नमध्यम वर्गीय परिवारमा भएको हो (सुवेदी, २०६४: १९१) । उनी जन्मेको दुई वर्षपछि नै उनका भाइ ललितचन्द्रसिंह प्रधान जन्मेकाले हृदयचन्द्रसिंह प्रधानलाई पालनपोषणका लागि मावलीघर नरदेवीमा राखिएको थियो । उनका मावली आर्थिक दृष्टिले सम्पन्न थिए र उनका मामाका छोरा नभएका कारण उनले मावली घरमा हजुरबुबा र हजुरआमाबाट नातिको रूपमा प्रशस्त मायाममता पाएका थिए (घिमिरे, २०३६: १) । हृदयचन्द्रसिंह प्रधानको ११ वर्षसम्मको बाल्यकाल मावलमा नै बितेको थियो । उनलाई पाँचवर्षको उमेरदेखि दमको रोगले आक्रमण गरेको पाइन्छ । यही रोग नै पछि गएर उनको मृत्युको कारणसमेत बन्यो (एक सज्जन, २०१७-२०१८: ४४) । मामाघरमै भए पनि उनको बाल्यकाल सुखसँग बितेको पाइन्छ । उनको पहिलो नाम चन्द्रप्रसाद रहेको र पछि उनलाई अत्यन्तै मनपरेको नाम 'हृदयचन्द्र' राखेको थाहा हुन्छ ( प्रधान, २०२८: ५-६) । यसरी प्रधानको बाल्यकालको सम्पूर्ण समय मावलमा सुखसँग बितेको पाइन्छ ।

### २.१.२ शिक्षा

हृदयचन्द्रसिंह प्रधानको शिक्षाको कुनै खास व्यवस्था उनका संरक्षकहरूबाट भएको पाइँदैन तापनि मामाघरमा बस्दा नै उनले साँवा अक्षर चिनिसकेका थिए । १२ वर्षको उमेरमा आफ्ना बाबुआमासँग रानीगन्ज गएका हृदयचन्द्रसिंहको अध्ययनका लागि अरू दुई वर्षमा पनि कुनै व्यवस्था नभएपछि त्यो समय पनि खेल्नमा मात्रै सीमित भयो । रानीगन्ज गएको दुई वर्षपछि मात्र उनले वीरगन्जदेखि एककोस पूर्व सुनौली भन्ने ठाउँमा आफ्ना मामा बाजेकहाँ अध्ययनका लागि बसेर हिसाबसम्बन्धी साधारण ज्ञान आर्जन गरे (एक सज्जन, २०१७-२०१८: ४४) । हृदयचन्द्रसिंह प्रधानले विद्यालय र महाविद्यालयमा औपचारिक शिक्षा पूरा गरेको पाइँदैन । राजेन्द्र सुवेदीले हृदयचन्द्रसिंहको शिक्षाका सम्बन्धमा चर्चा गर्दा उनले प्रवेशिका तह सम्मको शिक्षा प्राप्त गरेको कुरा उल्लेख गरेका छन् (सुवेदी, २०६४: १९१) । हृदयचन्द्रसिंहको घरायसी अवस्था कमजोर बन्दै जाँदा उनका बाबुले कहिले रानीगन्ज र कहिले श्रीपुर जस्ता ठाउँहरूमा घुम्नु पऱ्यो । त्यसले गर्दा उनको अनिश्चित बसाइका कारण उनको औपचारिक शिक्षाका लागि आवश्यक वातावरण र पारिवारिक सुविधा प्राप्त नभएको देखिन्छ । समयको प्रवाहसँगै युवा अवस्थातर्फ प्रवेश गरेपछि

प्रेमसम्बन्धी गीत भएका पुस्तक, पत्रिकाहरू खोजी-खोजी पढ्न थालेको जानकारी पाइन्छ (उप्रेती, २०६३: ९-१०) ।

यसरी उनको जीवनमा औपचारिक शिक्षाको भन्दा स्वअध्ययनको नै विशेष महत्त्व रहेको पाइन्छ । हृदयचन्द्रसिंहको साहित्यकार व्यक्तित्वको निर्माणमा पनि मूल रूपमा स्वअध्ययनकै प्रमुख भूमिका रहेको छ किनभने यही अध्ययनले नै उनलाई साहित्यका विविध विधामा कलम चलाउने प्रेरणा दियो ।

### २.१.३ पारिवारिक जीवन

हृदयचन्द्रसिंह प्रधान मध्यमवर्गीय परिवारमा जन्मेकाले उनको पारिवारिक आर्थिक अवस्था सुरुमा सम्पन्न नै भएको पाइन्छ । उनका हजुरबुबा खरिदार थिए । त्यसैले उनले आर्थिक समस्याको सामना गर्नु परेन । उनको ब्रतबन्ध ८ वर्षको उमेरमा भएको हो (उप्रेती, २०६३:१०-११) । वि.सं. १९९४ मा २२ वर्षको उमेरमा रुक्मिणादेवीसँग उनको विवाह भएको पाइन्छ (घिमिरे, २०३६:८) । उनका ४ छोरी र १ छोरा छन् (प्रधान, २०२८: २४) ।

### २.१.४ जागिरे जीवन र आर्थिक अवस्था

हृदयचन्द्रसिंह प्रधानको विवाहपश्चात् घरपरिवार चलाउने अन्य कुनै आधार नभएपछि आफूलाई पटक्कै मन नपर्ने निम्न वैतनिक नौसिन्दा पदमा वि.सं. १९९५ देखि प्रवेश गरी उनले सरकारी जागीर खाएको पाइन्छ (उप्रेती, २०६३:११) । वि.सं. १९९५ मा नौसिन्दा पदमा नियुक्ति पाएका हृदयचन्द्रसिंह प्रधान पदोन्नति हुँदै क्रमशः बहिदार, राइटर हुँदै वि.सं. १९९६ मा मुखियासमेत बनेको पाइन्छ (घिमिरे, २०३६:६)। वि.सं. २००४ असोज ४ गतेदेखि नेपाली भाषा प्रकाशिनी समितिमा ग्रन्थकारको रूपमा सरुवा भए (तिवारी, २०२८:५५) । नेपाली भाषा प्रकाशिनी समितिमा ग्रन्थकारका रूपमा काम गर्दा प्राप्त गर्ने रु. २०० र काठमाडौं नगरपालिकाको मुखपत्र 'जनचेतना' मा काम गर्दा प्राप्त रु १२५ गरी जम्मा रु ३२५ उनको आम्दानी रहेको पाइन्छ । प्रधानको जीवनको धेरै समय त्यहीँको जागिरेका रूपमा बित्यो । बाल्यवस्थादेखि नै रोगी हृदयचन्द्रसिंह २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएको आरोपमा जेल परेपछि झन्डै दुई महिनाभन्दा बढी जेलजीवन बिताउँदा उनलाई क्षयरोगले आक्रमण गऱ्यो । वि.सं. २०१३ देखि उनलाई नेपाली भाषा प्रकाशिनी समितिले घरैमा बसी लेख्ने सुविधा दिएको थियो तर हाजिर नभएकाले तलब रोक्का भयो र उनी ठूलो आर्थिक सङ्कटमा परे । झण्डै तीन वर्षपछि उनलाई रोकिएको तलव प्राप्त भयो । त्यो रकम पनि एकजना नेताले लामो समयसम्म सापट लिएको थियो (प्रधान, २०२८: २४) । जागिर खाने क्रममा दरबार हाइस्कुल र स्रेस्ता पाठशालामा शिक्षक भएर पनि कार्य गरेको पाइन्छ (भट्टराई, २०४०:३५०) । यसरी उनले धेरै क्षेत्रमा कार्यगरी धेरै अनुभव प्राप्त गरेका छन् जसले उनको व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याएको छ ।

### २.१.५ भ्रमण तथा सम्मान र पुरस्कार

हृदयचन्द्रसिंह प्रधानले नेपालका धेरैजसो जिल्लालगायत आफ्नो रोगको उपचारका क्रममा दुईपटक भारत भ्रमण गरेका थिए । उनले २००४ सालमा भएको प्रतियोगितात्मक साहित्य सम्मेलनमा 'जुँगा' निबन्धमा प्रथम पुरस्कार प्राप्त गरेका थिए (भट्टराई, २०४०: २४६) ।

### २.१.६ मृत्यु

साहित्यकार हृदयचन्द्रसिंह प्रधान बाल्यावस्थादेखि नै दमको रोगबाट पीडित थिए । वि.सं. २००७ मा प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएको आरोपमा उनी दुई महिनाभन्दा बढी जेल परे । त्यहाँ उनलाई क्षयरोगले समात्यो । उनको प्रारम्भिक उपचार काठमाडौंको टोखा स्यानिटोरियममा भयो तापनि त्यहाँ उनको रोगको पूर्ण उपचार भएन । त्यसपछि उनलाई भारतको स्यानिटोरियामा लगियो । त्यहाँ दश महिनाको उपचार पश्चात् छ वटा करङ काटेर उनी क्षयरोगबाट मुक्त भएर फर्के । केही समयपछि उनलाई रोगले पुनः आक्रमण गऱ्यो । त्यसपछि उनी उपचारका लागि भारतको भोपाल गए । करिब अढाई वर्षजति भोपाल स्यानिटोरियामा उपचार गराएर फर्के पनि आर्थिक सङ्कटका कारण डाक्टरको सल्लाह बमोजिमको औषधी, खुराक र आराम नपाउँदा भोपालबाट फर्केको ९ महिनापछि ४४ वर्षको उमेरमा वि.सं. २०१६ माघ १० गते उनको जीवनको समाप्त भयो (एक सज्जन, २०१७-२०१८: ४५) ।

यस प्रकार हृदयचन्द्रसिंह प्रधानको जीवनी सामान्य रहेको पाइन्छ । आर्थिक सङ्कटका कारण परिवारको न्यानो माया नपाएका प्रधानको बाल्यकालको सम्पूर्ण समय मावलीमा नै बित्यो । आर्थिक सङ्कटकै कारण सामान्य रोगका कारणले उनको जीवन अन्त्य भएको पाइन्छ ।

## २.२ हृदयचन्द्रसिंह प्रधानको व्यक्तित्व

### २.२.१ सामाजिक व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान समाजसेवी व्यक्ति थिए । उनी सामाजिक कार्यमा अत्यन्त रुचि राख्दथे । उनी समाजमा विद्यमान अन्धविश्वास, कुरीति र कुंसस्कारका विरोधी देखिन्छन् । यस्ता अन्धविश्वास र परम्परालाई समाजबाट निर्मूल पार्नुपर्छ भन्ने मान्यता भएका कारण उनले वि.सं. १९९६ सालमा केही साथीहरूसँग मिलेर काठमाडौंको क्षेत्रपाटीमा एउटा प्राथमिक विद्यालयको स्थापना गरेको पाइन्छ (उप्रेती, २०६३:१४) । त्यस समयमा विद्यालयको स्थापना गर्नु निकै साहसिक कार्य थियो ।

### २.२.२ राजनीतिक व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान एक राजनीतिक व्यक्तित्व भएको कुरा उनको विभिन्न लेखरचनाबाट थाहा हुन आउँछ । प्रगतिशील विचारधाराबाट प्रत्यक्ष रूपमा सहभागिता जनाएको आरोपमा राणा सरकारले उनलाई ४४ दिनसम्म नजरबन्द र ३१ दिन नख्खु जेलको यातना पनि दिएको पाइन्छ ( प्रधान, २०२४:११८) । राणा शासनको अन्त्यपछि उनी जेलमुक्त भए । उनले क्रान्तिका सन्दर्भमा नेता गणेशमान सिंह श्रेष्ठसँग दौडधुप गर्न आफ्नो स्वास्थ्यका कारणले नसके पनि जनक्रान्तिका

लागि जेलनेलको कुरा त के परिआउँदा ज्यान अर्पण गर्नसमेत तयार रहेका कुरा आफ्ना निबन्धहरूमा उल्लेख गरेको पाइन्छ (प्रधान, २०२४:७२) । २००७ सालको क्रान्तिपछिको खुल्ला राजनीतिक परिवेशमा उनी कुनै राजनीतिक दलमा रहेर सक्रिय सहभागिता जनाएको देखिदैन । तत्कालीन सयममा उनी एकातिर जागिरे थिए भने अर्कातिर उनको स्वास्थ्य कमजोर हुँदै थियो । साथै उनलाई त्यस समयमा आर्थिक विपन्नताले पनि किचेको थियो तापनि उनको सहानुभूति वामपन्थी विचारधारा र कार्यक्रमसँगै जोडिएको सङ्केत स्पष्ट हुन्छ (उप्रेती, २०६३:१४-१५) ।

### २.२.३ सम्पादक व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान सम्पादक पनि थिए । तात्कालीन राणाशासनको जटिल परिस्थितिमा पनि नेपाली साहित्यको उत्थान र साहित्यिक वातावरणको निर्माण गर्ने उद्देश्यले वि.सं. २००२ मा 'नेपाली साहित्य परिषद्' को स्थापना हुँदा उनी सञ्चालक तथा संस्थापक मध्येका एक सदस्यको रूपमा रहेका थिए । वि.सं. २००४ मा उनले 'साहित्यस्रोत' मासिक गद्यप्रधान साहित्यिक पत्रिकाको सम्पादन गरे (उप्रेती, २०६३: १६) । त्यसैगरी 'नेपाल' नामक नेपाल भाषाको द्वैमासिक पनि सम्पादन गरेका थिए (प्रधान, २०२४:८८) । प्रधानले नेपाली भाषा र साहित्यको विकासका लागि उल्लेखनीय कार्य गरेको देखिन्छ ।

### २.२.४ साहित्यकार व्यक्तित्व

साहित्यकार हृदयचन्द्रसिंह प्रधान औपचारिक रूपमा भन्दा स्वअध्यायनबाटै साहित्यतर्फ प्रस्थान गरेको पाइन्छ । उनको लेखनमा शारदा पत्रिकाको प्रकाशनले महत्त्वपूर्ण प्रेरणा दिएको कुरा उनले 'कसरी म लेखक हुन आएँ' नामक निबन्धमा उेल्लख गरेको पाइन्छ । प्रारम्भमा उनले प्रेमगीत, प्रेमपत्र पढ्ने गरेको र बिस्तारै 'प्रेमलहरी', 'इन्द्रजाल', 'चन्द्राकान्ता', 'भूतनाथ', शुक्रराज शास्त्रीको 'स्वर्गको दरबार' जस्ता आख्यान, बालकृष्ण समको 'मुटुको व्यथा', नाटक, लेखनाथको 'ऋतुविचार' खण्डकाव्य आदि पुस्तकहरूको अध्ययन गरेको देखिन्छ (प्रधान, २०२४: १२३) । नेपाली साहित्यका विविध विधाहरूमध्ये निबन्ध, कथा, उपन्यास, समालोचना, कविता, नाटक, एकाङ्की जस्ता विधाहरूमा प्रधानले कलम चलाएका छन् जुन निम्नानुसार छन् :

#### (क) निबन्ध

साहित्यकार हृदयचन्द्रसिंह प्रधानले आफ्नो साहित्ययात्राको प्रारम्भ वि.सं. १९९३ मा 'शारदा' पत्रिकामा प्रकाशित 'मातृस्नेह' शीर्षकको निबन्धबाट गरेका हुन् । यही निबन्धको प्रकाशनबाट नै चन्द्रप्रसाद प्रधान हृदयचन्द्रसिंह प्रधान भएर नेपाली साहित्यमा परिचित भए ( उप्रेती, २०६३: १७) । उनका निबन्धहरू निम्नलिखित निबन्धसङ्ग्रहमा सङ्कलित रहेका छन् ।

१) भू-स्वर्ग (२००३)
२) तीस रुपियाँको नोट (२००४)
३) जुँगा (२००९)
४) अफसोस (२०२७)
५) कुरा साँचो हो (२०११)

### (ख) समालोचना

'केही नेपाली नाटक' (२००२) बाट हृदयचन्द्रसिंह प्रधान समालोचनाका क्षेत्रमा प्रवेश गरेका हुन् । उनका प्रकाशित समालोचनात्मक कृतिहरू निम्नलिखित रहेका छन् ।

१) केही नेपाली नाटक (२००२)
२) भानुभक्त एक समीक्षा (२०१३)
३) साहित्य एक दृष्टिकोण (२००४)
४) नेपाली काव्य र उनका प्रतिनिधि (२०२१)

### (ग) कथा

हृदयचन्द्रसिंह प्रधान कथाकार पनि हुन् । उनका कथाहरू पनि प्रकाशनमा आएको पाइन्छ । उनका कथाहरूमा गरिब, दुःखीहरूको जीवनभोगाईका व्यथाहरू प्रस्तुत भएको पाइन्छ । उनका पात्रहरू आर्थिक समस्याले पिल्सिएका देखिन्छन् । उनले अन्य विधामा भन्दा कथा विधामा कम सफलता पाए पनि वैचारिकताका दृष्टिले हेर्दा सफल देखिन्छन् (उप्रेती, २०६२: १९) । उनका कथाहरू निम्नलिखित कथासङ्ग्रहमा सङ्कलित रहेका छन् ।

१) उनको आँशु (२०१२)
२) हृदयचन्द्रका केही कथाहरू (२०२५)

### (घ) नाटक तथा एकाङ्की

हृदयचन्द्रसिंह प्रधान नाटककारका रूपमा समेत परिचित रहेका छन् । उनका नाटकका साथै एकाङ्कीहरू पनि प्रकाशित भएका छन् । उनका एकाङ्कीहरू निम्नलिखित सङ्ग्रहमा प्रकाशित छन् ।

१) छेउ लागेर (२०१०)
२) गङ्गालालको चिता (२०११)
३) कीर्तिपुरको युद्धमा (२०१६)
४) उनी देवता हुन् (२०१६)

### (ङ) उपन्यास

वि.सं. २०११ मा प्रकाशित 'स्वास्नीमान्छे' उपन्यासबाट हृदयचन्द्रसिंह प्रधान उपन्यासकारका रूपमा परिचित बने । वि.सं. २०१७ मा उनको अर्को चर्चित उपन्यास 'एकचिहान' पनि प्रकाशित भयो । यी दुवै उपन्यास सामाजिक विषयवस्तुमा आधारित रहेका छन् । उनका उपन्यासमा नारीसमस्या, गरिबीको समस्या, जातीय भेदभाव, अन्धपरम्परा, सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक शोषणहरू व्याप्त रहेका छन् । सामाजिक विषयवस्तु भए पनि यी उपन्यासहरूमा नारीवादी विचारधारा प्रशस्त रहेको छ । उनका उपन्यासको मूल उद्देश्य समाज परिवर्तन नै हो ।

यस प्रकार साहित्यकार प्रधानको नेपाली साहित्यका विविध क्षेत्रमा उपस्थिति रहेको छ । साहित्यका विभिन्न विधामध्ये पनि समालोचना र उपन्यास विधामा उनको सिद्धहस्त प्रतिभा रहेको छ ।

## २.३ चरित्र

नेपाली साहित्यमा पात्रको समानार्थी रूपमा चरित्र शब्द प्रचलित रहेको देखिन्छ । आख्यानात्मक कृतिहरूमा अभिनय गर्ने व्यक्ति चरित्र हो । चरित्रको शाब्दिक अर्थ व्यवहार, आदत, चालचलन, अभ्यास, कृत्य, कर्म प्रकृति, स्वभाव, कर्तव्य आदि हुन्छ (आप्टे, १९६९:३७४) । कोशीय अर्थलाई दृष्टिगत गर्दा पात्र शब्दले व्यक्तिलाई र चरित्र शब्दले व्यक्तिका स्वभाव, प्रकृति,आदत, व्यवहार चालचलन भन्ने बुझिन्छ (शर्मा, २०५५:२६०) ।

उपन्यासका महत्त्वपूर्ण तत्त्वहरूमध्ये चरित्र पनि एक महत्त्वपूर्ण तत्त्व हो । उपन्यासको सफलतामा यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । चरित्रलाई कतै पात्र र कतै क्रियाकलाप र कार्यव्यापार आदिका नामबाट पनि चिनाउने प्रयास गरिन्छ । मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृति र पुस्ता, जाति र सभ्यता परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछ । आ-आफ्ना प्राकृतिक र भौगोलिक प्रभावबाट निर्मित प्रवृत्तिले मान्छे-मान्छेमा विविध स्वभावहरू निर्मित हुन्छन् र तिनको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखापर्छ (सुवेदी, २०६४:२३) । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी चरित्रको हुन्छ (बराल र एटम् २०५८:३०) । मानवको सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । उपन्यासको आयतनभित्र सिङ्गो मानवसभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित भएको हुन्छ । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो; यसरी तानेर ल्याएको वस्तु पाठकसम्म सम्प्रेषण गर्न जाँगर देखाउने वस्तु पनि उपन्यास भित्र चरित्र नै प्रमुख भएर रहेको हुन्छ । उपन्यासमा प्रयुक्त पात्रको चरित्र पुरै युग र परिवेशको संवाहक भएर उपस्थित भएको हुन्छ (सुवेदी, २०६४:२३) ।

संस्कृत साहित्यमा प्राचीन कालदेखि नै नाटकका सन्दर्भमा पात्रको विवेचना गरिएको पाइन्छ । भरतमुनिले नायक, नायिकासम्बन्धी विस्तृत विवेचना प्रस्तुत गरेका छन् । धनञ्जयले नाटकका प्रमुख तत्त्वहरूमा वस्तु, नेता र रसलाई मान्दै चरित्रलाई नेता भनेका छन् (धनञ्जय, २०१९:७) ।

यस प्रकार कथानकमा अभिनय गर्ने व्यक्ति नै चरित्र हो । कोश अनुसार यस पात्र वा चरित्र शब्दको विभिन्न अर्थ लाग्ने भए पनि साहित्यको सन्दर्भमा नाटकको अभिनेता तथा काव्य, कथा, उपन्यास आदिका नायक, नायिका तथा अन्य व्यक्तिहरू भन्ने अर्थ नै उपयुक्त देखिन्छ ।

### २.३.१ चरित्र वर्गीकरणका आधारहरू

चरित्र सबै एकै प्रकारका हुँदैनन् । कार्यव्यापारका आधारमा पात्रहरूको वर्गीकरण गर्ने गरिन्छ । उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि

विभिन्नताको आरोपण गरिएको हुन्छ (बराल र एटम्, २०५८:३०) । वास्तवमा मान्छे जति किसिमका हुन्छन् पात्र पनि त्यति नै किसिमका हुन्छन् । त्यसैले पात्र यति नै हुन्छन् भनेर वर्गीकरण गर्न एकदमै कठिन छ । त्यसो भए पनि प्राचीनकालदेखि नै चरित्रको वर्गीकरण हुँदै आएबाट चरित्रलाई वर्गीकरण गर्ने विभिन्न आधार प्राप्त गर्न सकिन्छ । चरित्र वर्गीकरणका आधारका सन्दर्भमा धेरै नेपाली विद्वान्हरूले आफ्नो विचार प्रस्तुत गरेका छन् । उनीहरूका अनुसार चरित्र वर्गीकरणका आधार निम्नअनुसार हुन सक्दछन् ।

टङ्कप्रसाद न्यौपानेले कथावस्तुका दृष्टिले प्रधान र गौणपात्र, चरित्रचित्ररणका दृष्टिले स्थिर र गतिशीलपात्र, भूमिकाका दृष्टिले वर्गीय र वैयक्तिक पात्र भनी वर्गीकरण गरेका छन् (न्यौपाने, २०३८: १९२) ।

ऋषिराज बरालले पात्रको वर्गीकरण गतिशील पात्र र स्थिर पात्र, गोला पात्र र चेप्टा पात्र, प्रतिनिधि पात्र र व्यक्तिपरक पात्र, अन्तर्मुखी र बहुर्मुखी पात्र भनी वर्गीकरण गरिएको पाइन्छ भन्ने कुरा उल्लेख गरेका छन् (बराल, २०६३:३४) ।

कृष्णहरि बराल र नेत्र एटमले गतिशील र गतिहीन, यथार्थ र आदर्श, अनुमुर्खी र बहिमुर्खी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक भनी पत्रहरूको वर्गीकरण गरेको पाइन्छ (बराल र एटम, २०५८: ३०) ।

मोहनराज शर्माले पात्रको वर्गीकरण लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य पात्र र मञ्चपात्र, आवद्धताका आधारमा बद्धपात्र र मुक्तपात्र भनी वर्गीकरण गरेका छन् र यही आधारमा पात्रको अध्ययन गर्दा उपयुक्त हुने कुरा बताएका छन् (शर्मा, २०४९: १५५-१५८) ।

यस प्रकार चरित्र वर्गीकरणका आधारहरूका सन्दर्भमा धेरै नेपाली विद्वान्हरूले चर्चा गरेका छन् र आफ्नो वर्गीकरणका मतसमेत अगाडि सारेका छन् । यी आधारहरूमध्ये पनि मोहनराज शर्माले प्रस्तुत गरेको मत बढी वैज्ञानिक रहेको र सम्पूर्ण कुराहरू समेटिएको हुँदा यही आधारमा चरित्र वर्गीकरण गरिन्छ ।

**(क) लिङ्गका आधार**

लिङ्गका आधारमा चरित्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई प्रकारका हुन्छन् । लिङ्गले पात्रहरूको जात छुट्टयाउने कार्य गर्दछ । पात्रको बाह्य वर्णन तथा शरीर, नामकरण आदि कुराहरूले लिङ्ग छुट्याउने गरिन्छ ।

**(ख) कार्यका आधार**

कार्यका आधारमा चरित्रहरू प्रमुख, सहायक र गौण गरी तीन प्रकारका हुन्छन् । उपन्यासमा सबैपात्रको समान भूमिका रहदैन । सबैभन्दा बढी काम गर्ने वा कार्य मूल्य भएको पात्र प्रमुख, त्यसभन्दा कम कार्य मूल्य भएको पात्र सहायक र ज्यादै थोरै कार्यमूल्य भएको पात्र

गौण हुन्छ । अन्य पात्रको तुलनामा यी पात्रहरू बीचमा झुलुक्क झुल्किने र बीचबाटै हराउने गर्दछन् । प्रमुख पात्रहरू भने आदिदेखि अन्त्यसम्म नै उपस्थित रहने गर्दछन् ।

**(ग) प्रवृत्तिको आधार**

यस आधारमा पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् । उपन्यासका पात्रहरूले सकारात्मक वा नकारात्मक दुवैप्रकारका भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात सत्य हुन्छन् भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल वा असत्य हुन्छन् ।

**(घ) स्वभावको आधार**

यस आधारमा चरित्र गतिशील र गतिहीन गरी दुई प्रकारका हुन्छन् । कुनै परिस्थितिअनुसार आफ्नो चरित्र बदल्ने पात्र गतिशील हुन्छ जो आफ्नो विचार, सिद्धान्त र जीवनधारा बदलेर स्थिति सुहाउँदो बन्छ । परिस्थिति बद्लिए पनि आद्यान्त उस्तै जीवन बिताउँने पात्र गतिहीन हुन्छ ।

**(ङ) जीवनचेतनाको आधार**

यसका आधारमा पात्रहरू वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । सामाजिक वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्र व्यक्तिगत हुन्छ ।

**(च) आसन्नताको आधार**

उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भएर संवाद वा कार्य प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिता वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ ।

**(छ) आबद्धताको आधार**

यसका आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई किसिमका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई झिक्दा कथानकमा त्यति असर पर्दैन किनभने यस्ता पात्रहरूलाई उपन्यासमा कम महत्त्व दिइएको हुन्छ ।

यस प्रकार चरित्र वर्गीकरणका उपयुक्त आधारहरू यिनै हुन् । यी आधारहरूले चरित्रका सबै पक्षलाई समेटेका छन् । चरित्र वर्गीकरणका अन्य आधारहरू छुटपुट रूपमा देखिए पनि त्यति महत्त्वपूर्ण भने छैनन् ।

### २.३.२ उपन्यासमा चरित्रचित्रण

उपन्यासको सबैभन्दा महत्त्वपूर्ण पक्ष नै चरित्र-चित्रण हो । सामाजिक संरचनाको चित्र चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता जाति र सभ्यता

परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछ । व्यक्तिका अन्तर र बाह्य दुवै संरचना चरित्रकै माध्यमबाट प्रकट हुने तत्त्व हुन् । व्यक्तिको चरित्र बाह्य रूपमा प्रकट हुँदा उसको चरित्र सामाजिक बन्छ र अन्तर्पक्षमा प्रकटित हुँदा उसको चरित्र मनोविज्ञानमा रूपान्तरित हुन्छ । आ-आफ्ना प्राकृतिक र भौगोलिक प्रभावबाट निर्मित प्रवृत्तिले मान्छे-मान्छेमा विविध स्वभावहरू निर्मित हुन्छन् र तिनको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखापर्दछ । यी विविध कारणले नै मान्छे-मान्छेमा वैयक्तिकताको निर्माण हुन्छ र तिनै विभिन्न वैयक्तिकताले मान्छेलाई मौलिकता प्रदान गर्छ (सुवेदी, २०६४: २३) ।

चरित्र व्यक्तिजीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्चनासँग सम्वद्ध हुने हुनाले खण्ड रूपमा होस् वा अखण्ड रूपमा मनुष्यलाई बुझ्नु र उसको सामाजिक जीवन र वैयक्तिक अन्ततः स्थितिको विश्लेषण गर्ने काम उपन्यासले गर्नुपर्दछ । आ-आफ्नो सामाजिक, वैयक्तिक र भौगोलिक विशेषताहरूले गर्दा मनुष्य जातिमा असङ्ख्य विविधता छन् । अतः सामाजिक, वैयक्तिक वा मानवीय आधारमा उनीहरूको वैविध्यको र विविधता भित्रै एकताको अध्ययन उपन्यासमा चरित्र चित्रणले नै गर्नुपर्छ (प्रधान, २०५२:८) ।

कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारण गरिने भएकाले सामान्यतः पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ । स्रष्टाले पात्रमा निश्चित नैतिक अभिवृत्ति प्रकट गराउने हुँदा उनीहरूको संसार भिन्दै हुन्छ जुन संवाद र क्रियाद्वारा व्यक्त हुन्छ । यद्यपि उपन्यासको चरित्र निर्मित हुन्छ तर पनि त्यसले सांसारिक जीवनको बाह्य एवं आन्तरिक प्रवृत्तिहरूको मूल स्वरूपलाई पक्रिएको हुन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ । त्यस्तै, पात्रउपर नै स्रष्टा सबैभन्दा बढी निर्भर रहेको हुन्छ ( बराल र एटम, २०५८:३०) । उपन्यासमा आएका चरित्रले कथानकको समग्रतालाई प्रस्तुत गर्ने र फेरवदल गर्ने गर्दछन् । उपन्यासकारले आफ्नो विचार वा जीवनको दृष्टिकोण चरित्रमार्फत् नै व्यक्त गर्दछ । यो नै लेखक र पाठकबीच सम्बन्ध स्थापित गर्ने माध्यम पनि हो । उपन्यासका चरित्र जीवनका घातप्रतिघातहरूलाई बुझ्न सक्ने जीवन्त हुनुपर्दछ ।

यस प्रकार उपन्यासमा चरित्रचित्रणको महत्त्वपूर्ण भूमिका रहन्छ । चरित्रचित्रण सवीव ढङ्गले गरिएको छ भने मात्र उपन्यास सफल बन्दछ । यसका लागि उपन्यासमा पात्रहरू वास्तविकताको नजिक पुग्न अत्यावश्यक हुन्छ । उपन्यास चरित्रकेन्द्री हुनेभएकाले र चरित्रले उपन्यासमा व्यक्त हुने बृहत् सत्य र उद्देश्य परिपुष्टि गर्ने भएकाले यसको अध्ययन आवश्यक छ ।

### २.३.३ चरित्रचित्रणका तरिका

उपन्यासमा चरित्रहरूको उपस्थिति कुन रूपमा भएको छ भन्ने कुरा चरित्रचित्रणका तरिकाअन्तर्गत् अध्ययन गरिन्छ । कृष्णहरि बराल र नेत्र एटमले उपन्यासमा साधारणतया प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्रचित्रण गरिन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

### (क) प्रत्यक्ष वा वर्णनात्मक पद्धति

प्रत्यक्ष वा वर्णनात्मक पद्धतिबाट चरित्रचित्रण गर्दा उपन्यासकारले बाहिरबाट चरित्रको स्थिति, सोचाइ, विचार, अनुभवजस्ता कुराहरूमा आफ्नो दृष्टिकोण वर्णन गर्दछ र आधिकारिक ढङ्गले उल्लेख गर्दछ । त्यस्तो वर्णन आजकाल विशेष गरी मनोवैज्ञानिक उपन्यासमा प्रकट भएको हुन्छ ।

### (ख) अप्रत्यक्ष वा नाटकीय पद्धति

अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्रचित्रण गर्दा उपन्यासकार टाढा बस्छ र उसका चरित्रलाई आफैँ परिचित हुने तथा प्रदर्शित हुने उचित अवसर प्रदानगर्दछ । उनीहरूका विचार उकेल्न मिल्ने वातावरण तयार गरिदिने कर्तव्य मात्र उपन्यासकारको हुन्छ र पात्रलाई अन्य पात्र वा घटनाका बारेमा टिप्पणी गर्न दिन्छ । अप्रत्यक्ष पद्धतिबाट चरित्रचित्रण गर्दा उपन्यासकारले सङ्केत, घटना, मनोवाद र संवाद जस्ता चारवटा विधिको प्रयोग गर्दछ ।

## २.४ नेपाली उपन्यास परम्परा र आधुनिक नेपाली उपन्यासमा हृदयचन्द्रसिंह प्रधान

### २.४.१ नेपाली उपन्यास परम्परा

### (क) प्राथमिककाल (वि.सं. १८२७ - १९४० पूर्वसम्म)

वास्तवमा उपन्यास विधालाई पाश्चात्य जगतकै देन मानिन्छ । विश्वसाहित्यमा उपन्यासले पूरापूर आफ्नो जग बसाइसकेको स्पष्ट छ । विश्व साहित्यले नेपालजस्तो अविकसित मुलुकलाई ढिलै भए पनि प्रभाव पारेर नै छाड्यो । नेपाली उपन्यासको पृष्ठभूमिकालमा औपन्यासिक कृतिहरू भएकै पाइन्छ । धेरैजसो विद्वान्हरूको मतअनुसार वि.सं. १८२७ को शक्तिवल्लभ अर्यालको नेपालीमा अनुवादित ‘महाभारतविराटपर्व’ लाई नेपाली उपन्यासको पूर्वाधार मानिएको छ (श्रेष्ठ र शर्मा, २०४९:१०३) । यसपछिको भानुदत्तको अनुवादित कृति ‘हितोपदेश मित्रलाभ’ (१८३३) महत्त्वपूर्ण देखिन आउँछ । आख्यानात्मक ढाँचाका प्राथमिककालीन अन्य कृतिहरू शक्तिवल्लभ अर्यालकै ‘हास्यकदम्व’ (१८५५), रामभद्रपाध्याको ‘लक्ष्मीधर्मसंवाद’ (१८५१), वेनामी ‘पिनासको कथा’ (१८७२), ‘दशकुमार चरित्र’ (१८७५), मुन्सीका ‘तीन आहान’ (१८७६), ‘स्वस्थानी ब्रतकथा’ (१८७८), भवानीदत्त पाण्डले अनुवाद गरेको ‘मुद्राराक्षस’ (१८८२ पूर्व), सुन्दरानन्द बाँडाको ‘त्रिरत्न सौन्दर्यगाथा’ (१८९०) र ‘अध्यात्म रामायण’ (१८९६) आदि पर्दछन् । आख्यानात्मक र चरित्रको आयतन विस्तृत भएका यी रचनाहरूमा उपन्यासको विधागत अस्तित्वको प्रारूप भेट्न सकिन्छ (सुवेदी, २०५३:२६) । देवराज शर्माको ‘स्वस्थानीब्रतकथा’ (१९४२) देखि छपाइको लहर चलेको बेलामा यी कृतिहरू आउनुलाई शरदचन्द्र शर्मा र राजेन्द्र सुवेदीले नेपाली उपन्यासको माध्यमिक कालको प्रारम्भ मानेका छन् (सुवेदी, २०५२: २७) । यी कृतिहरू पूर्णरूपले उपन्यास नभए पनि उत्तरवर्ती उपन्यासहरूका आधारशीला र उत्प्रेरक अवश्य बनेका छन् ।

यसकालमा संस्कृतबाट उल्था गरिएका रचनाहरूको मात्रा बढी भए पनि कथा सूत्रप्रक्रिया, गद्यशैली र आख्यान विधानका दृष्टिले यस्ता कृतिहरूको उपन्यासको विकासमा महत्त्वपूर्ण योगदान

रहेको छ । नेपाली साहित्यले जम्मा ११८ वर्षको अवधि पार गरेको यस कालमा लामा खालका आख्यानले नै बढी भूमिका खेलेको पाइन्छ । यस्ता आख्यानहरूलाई उपन्यास नै भनेर किटान गर्न नसके पनि उपन्यास विधाको प्रारम्भ गर्न भने यी कृतिहरू सफल रहेका छन् ।

**(ख) नेपाली उपन्यासको माध्यमिक काल (वि.सं. १९४१ - १९९१)**

नेपाली उपन्यासको प्राथमिक कालमा देखापरेका अनुदित कृतिले उपन्यासको रूप देखाउन नसके पनि आख्यानात्मक नमुना भने अवश्य बोकेका थिए । प्राथमिक कालमा यस्ता कृतिहरूले माध्यमिक कालको उठानमा प्रेरणा दिएकै मान्नुपर्छ । माध्यमिक कालको शुरुदेखि अन्तसम्म यस्तै आख्यानात्मक र तिलस्मी शैलीको औपन्यासिक धाराको प्रभाव परिरहेको पाइन्छ (प्रधान, २०५२: ४१) । यसकालले पनि प्राथमिक कालका नीति, धर्मको शिक्षा दिने धार्मिक पौराणिक आख्यानको परम्परालाई यथावत राख्दै कल्पनाको अद्भूत लोकको सृष्टि गरेको छ । मनोरञ्जन र अलौकिकताको मात्रा तथा आकृतिजन्य प्रयासहरूमै लेखक र प्रकाशनहरू भूलिएको देखिन्छ । मौलिक भनिने कृति पनि अनुवाद लाग्ने परिवेश, सन्दर्भ र कथावस्तुले गर्दा प्रायः ती उपन्यासहरू स्वदेशी प्रकृतिका भान पर्दैनन् (प्रधान, २०५२: ४१) । वि.सं. १९४६ मा 'वीरसिक्का' को प्रकाशनपछि मात्र आख्यानले उपन्यासको स्वरूप धारण गरी कल्पनाको आभूतिक लोकलाई स्पर्श गर्न सफल भयो । 'वीरसिक्का' (१९४६) को प्रकाशनबाट प्रारम्भ भएको माध्यमिककालीन औपन्यासिक परम्परा 'प्रेमलाप' (१९५० तिर), 'महेन्द्रप्रभा' (१९५९), 'नलोपाख्यान' (१९५९), 'वेदान्तसार' (१९६०) हुँदै 'राजपुत रमणी' (१९८९) सम्म आइपुगेको छ । प्राथमिककालको सापेक्षतामा माध्यमिककालमा आख्यानले विविध परम्परा र प्रवृत्तिका दिशाहरू प्राप्त गर्न सकेको देखिन्छ (सुवेदी, २०५३: २९) ।

लगभग आधा शताब्दी समयको माध्यमिककालीन उपन्यास परम्परा प्राथमिककालको तुलनामा केही आशा लाग्दो देखियो । जासुसी अभिरुचि, अतिप्राकृतिक र स्वप्निल संसारको समावेश, धार्मिक शिक्षा, अद्भूत रोमाञ्च तत्त्व, रतिरागत्वको अतिशय प्रयोग आदि जस्ता प्रवृत्ति नै यस कालका मुख्य प्रवृत्तिहरू हुन् ।

**(ग) आधुनिक काल (१९९१ - यता)**

'आधुनिक' शब्दको सामान्य अर्थ 'वर्तमान सम्मको', 'हालसालको' वा 'नयाँ' भन्ने हुन्छ भने साहित्यको सन्दर्भमा 'आधुनिक' को अर्थ परम्परागत प्रवृत्तिका विरुद्ध नवीन मूल्य र मान्यताको जगमा उभिएको कृतिको विशेषताका रूपमा लगाउने गरिन्छ (बराल र एटम, २०५८: ८६) ।

वि.सं. १९९१ मा प्रकाशित 'सुमती' उपन्यासले नेपाली उपन्यासको मध्यकालको अन्त्यद्वार ढप्क्याउने काम गरेको छ । उपन्यासमा पाइने मध्यकालीन प्रवृत्तिलाई बिदाइ गर्ने र आधुनिक प्रवृत्तिलाई स्वागत गर्ने विन्दुमा उभिएको यस उपन्यासको रचना महत्त्वपूर्ण मानिन्छ । उपन्यास परम्परामा प्रस्तुत कृतिलाई पहिलो र मौलिक भनी दावी गरिएको भए पनि समालोचकहरूको भनाई के छ भने रूपमतीले ग्रहण गरेको आधुनिकताको प्रवेश यसमा हुन सकेको छैन (सुवेदी,

२०६४:६१) । उपन्यासकार रुद्रराज पाण्डको 'रूपमती' (१९९१) ले माध्यमिककालीन रहस्य, रोमाञ्च, जासुसी, आद्भूतिकता, अतिरञ्जनात्मकता, तिलस्मी, ऐयारी जस्ता औपन्यासिक प्रवृत्तिहरूलाई सामाजिक यथार्थमा परिणत गरायो । औपन्यासिक संरचनाका दृष्टिले 'रूपमती' आधुनिकताको वरण गर्न सक्षम भयो तर यसको उद्देश्य आदर्शप्राप्तिमा रहनपुग्यो (राई, २०५०: १८) ।

यसरी नै अर्को प्रसिद्ध उपन्यास रूपनारायणसिंहको 'भ्रमर' (१९९३) हो । दार्जीलिङबाट प्रकाशित प्रस्तुत उपन्यास औपन्यासिकताका दृष्टिले 'रूपमती' भन्दा विकसित देखिन्छ । सुगठित कथानक, चरित्रको नाटकीय प्रस्तुति, अलङ्कृत भाषा र प्रणयमूलक कथावस्तुको समन्वयात्मक उपस्थितिले 'भ्रमर' को महत्त्व निकै उच्च रहेको पाइन्छ । नेपाली उपन्यास पम्परामा स्वच्छन्दतावादलाई भित्र्याउने प्रथम उपन्यास 'भ्रमर' नै हो ।

आधुनिक नेपाली उपन्यासको दोस्रो चरण लैंनसिंह बाङ्गदेलको 'मुलुक बाहिर' (२००४) उपन्यासबाट प्रारम्भ भएको मानिन्छ । यस उपन्यासले आदर्शवादलाई किनारा लगाउँदै नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादलाई प्रतिष्ठान गरायो । बाङ्देलले यस उपन्यासमा पाश्चात्य यथार्थवादको प्रभाव ग्रहण गर्दै प्रवासिएका नेपालीहरूको वास्तविक कथाको चित्र प्रस्तुत गरेका छन् । यसपछि नेपाली उपन्यास तीब्र गतिमा अघि बढ्न थाल्यो । लैनसिंह बाङ्देलको 'माइतघर' (२००६), 'लङ्गडाको साथी' (२००८), मोहनबहादुर मल्लको 'उजेली छायाँ' (२००८), 'मायारानी' (२००९) आदि उल्लेखनीय उपन्यासहरू पनि यहि चरणमा रहेका छन् (श्रेष्ठ शर्मा, २०४९: ११०) ।

यसैगरी नेपाली उपन्यास परम्परामा आधुनिकालअर्न्तगत आलोचनात्मक यथार्थवादी धाराको प्रारम्भ हुन्छ । नेपाली उपन्यास-साहित्यमा आलोचनात्मक यथार्थवादको प्रारम्भिक झल्को लैनसिंह बाङ्देलको 'लङ्गगडाको साथी' (२००८) मा पाइए तापनि ठोस रूपमा चाहिँ हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नीमान्छे' (२०११) बाट यस धाराको आरम्भ भएको देखिन्छ (बराल र एटम, २०५८: ११९) । यस चरणको मूल प्रवृत्ति प्रगतिवादी यथार्थवाद हो । यसको नेतृत्व स्वयम् हृदयचन्द्रसिंह प्रधानले गरेको पाइन्छ । उपन्यासलाई माध्यम बनाएर प्रधानले प्रगतिवादी उपन्यासको प्रारम्भ गरेका छन् । प्रधानले आरम्भ गरेको यस इतिहासलाई अन्य उपन्यासकारहरूले सङ्ख्यात्मक र गुणात्मक रूपमा अगाडि बढाउँदै लेगका छन् (बराल, २०४८: १३०) ।

हृदयचन्द्रसिंह प्रधान उपन्यासको वस्तुचयनका दृष्टिले बाङ्देलका नजिक भए पनि यिनका उपन्यासमा परम्परागत मान्यताप्रति विद्रोह र वैचारिक क्रान्तिकारिता टड्कारो रूपमा पहिलोपल्ट आएको छ । प्रधान समाज केन्द्रित उपन्यासकार भएका नाताले शोषित पीडित निमुखा जनातहरूको पक्ष लिएर विकृति र विसङ्गतिको भण्डाफोर गर्दछन् । खासमा प्रगतिवादी यथार्थको मूल ध्येय यथास्थितिप्रतिको विद्रोह नै हो । प्रधानको उपन्यास 'एकचिहान' (१०१७) ले पनि प्रगतिवादी मूल्य र मान्यता बोकेको छ (शर्मा, २०४४: ९५) ।

सामाजिक दायित्वप्रति अत्यन्त सचेत रही अन्धविश्वास, शोषण, परम्परागत कुरीतिप्रति कठोर प्रहार गर्ने प्रधान आफ्ना उपन्यास मार्फत् परिवर्तनको आह्वान गर्छन । उनको दृष्टि प्रगतिशील समाजको स्थापना र सुधारतर्फ गएको हुँदा उनमा नयाँ समाज रचनाको लागि प्रेरणा प्रदान गर्ने शक्ति देखिन्छ । उनका 'स्वास्नीमान्छे' र 'एकचिहान' उपन्यास दमन र भेदभावका विरुद्धमा रचना गरिएका छन् ।

यस प्रकार उपन्यासकार हृदयचन्द्रसिंह प्रधान नेपाली उपन्यास परम्परामा आधुनिककालअन्तर्गत्को तेस्रो चरण अर्थात् आलोचनात्मक यथार्थवादमार्फत् उदाएका हुन् । समाजका परम्परागत मूल्य, मान्यता र कुरीतिप्रति विद्रोह गर्दै प्रगतिवादतर्फ लाग्न सन्देश उनका उपन्यासले दिएका छन् । उनका उपन्यासमा व्यक्त विचारहरू समाज सुधारका दृष्टिबाट महत्त्वपूर्ण छन् । नेपाली उपन्यासका परम्परामा उनको स्थान आधुनिककालअन्तर्गत् आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा रहेको छ । उनी प्रगतिवादको नजिक रहेका छन् । समाजमा देखिएका विविध विकृति र विसङ्गतिको आलोचनात्मक टिप्पणी उनका उपन्यासमा पाइन्छ । उनी आलोचनात्मक यथार्थवादका प्रारम्भकर्ता हुन् ।

## तेस्रो परिच्छेद

# उपन्यासकार हृदयचन्द्रसिंह प्रधान, उनका उपन्यासहरू र उनका उपन्यासमा प्रयुक्त नारी पात्रहरूको विश्लेषण

### ३.१ उपन्यासकार हृदयचन्द्रसिंह प्रधान

हृदयचन्द्रसिंह प्रधानलाई उपन्यासकारको रूपमा परिचित गराउने दुईवटा उपन्यास 'स्वास्नीमान्छे' र 'एकचिहान' हुन् । यिनै दुईवटा उपन्यासमार्फत् उनी नेपाली साहित्यकाशमा उपन्यासकारका रूपमा चर्चित बने । सामाजिक विषयवस्तुलाई आफ्नो उपन्यासको मूल कथानक बनाउने हृदयचन्द्रसिंह प्रधानले समाजमा देखिएका र देखिने विषमता, कुरीति, परम्परागत रुढि, आडम्बर र थिचोमिचोलाई विरोध गर्दै स्वच्छ र शान्तिपूर्ण समाजको स्थापना गर्न खोजेको पाइन्छ । उनका उपन्यासहरूमा दुःखी, गरीब र पीडितहरूको जीवन भोगाइका व्यथाहरूका आवाज प्रस्तुत भएको पाइन्छ । वैचारिकतालाई सामाजिक प्रधानता दिएर उपन्यास लेख्ने उपन्यासकार हृदयचन्द्रसिंहका उपन्यासका पात्रहरू आर्थिक समस्याले पिरोलिएका देखिन्छन् ।

हृदयचन्द्रसिंह प्रधान मानवतावादी लेखक हुन् । यसैले उनको उपन्यासमा मानवद्वारा मानवमाथि गरिने अन्याय, अत्याचारको भर्त्सना गरेको पाइन्छ । 'एकचिहान' मा उनले किसानको रगत चुस्ने सुरमान सुब्बा जस्ता तल्सिङ्को आलोचना गरेका छन् । एउटी पत्नीले नपुगेर भमरो भैँ बनिहिँड्ने गोदत्तप्रसाद जस्तालाई उदाङ्गो पार्ने काम गरिएको छ भने 'स्वास्नीमान्छे' मा नारीजातिको जीवनलाई सुखी हुन नदिने प्रमोद भैँ पतीत लोग्ने, मोहनबहादुर जस्तो गुन्डा अनि मिश्री भैँ वेश्याको घोर विरोध गरिएको छ ।

'स्वास्नीमान्छे' ले नारीउपर गरिने भेदभाव र भोगवादी प्रवृत्तिलाई हाँक दिँदै सङ्घर्षका लागि एकजुट हुने प्रेरणा दिएको छ । यसमा समाजमा रहेका शोषकवर्गको छद्म क्रियाकलापलाई उदाङ्गो पारी नारीशोषणको अन्त्य गर्ने पहलका लागि आवाज उठाइएको छ । वेश्यासम्बन्धी सामाजिक धारणामा परिवर्तन आउनुपर्ने कुरामा यसले जोड दिएको छ (बराल र एटम, २०५८: ११९) ।

'एकचिहान' मा किसानहरूको समस्या र स्वप्नचर्या छ । सामाजिक प्रचलन र विचारमा देखिएका सबै किसिमका संकीर्णता, अन्धविश्वास र भेदभावका विरुद्ध सुधार गरी नयाँ समाज रच्ने आदर्श भावना 'एकचिहान' मा अंकित छ (प्रधान, २०५२:२४३) ।

'स्वास्नीमान्छे' र 'एकचिहान' को उद्देश्य समाज सुधार नै भए पनि दुवैका विषयवस्तुमा भिन्नता छ । 'स्वास्नीमान्छे' खास गरेर व्यक्तिमा केन्द्रित भई उनीहरूको समाप्तिमा अभिशप्त जीवन भोग्नुपर्ने अन्यायबाट मुक्त पाउने लालसामा लालित पोषित छ । त्यसैले विद्रोहभाव र आतङ्ककारी स्वरले यसमा प्रधानता पाएको छ । 'एकचिहान' परम्परागत सामाजिक, धार्मिक, व्यावहारिक मान्यताका विरुद्ध समयोचित उदार र राष्ट्रिय दृष्टि अँगाल्ने आग्रहमा निर्मित छ । यसकारण आलोचना, आदर्श, सुधार जस्ता प्रवृत्तिको यसमा आधिपत्य रहेको छ । पहिलोको सुधार

वा विद्रोह प्रतिशोधात्मक आक्रोशद्वारा प्रेरित विचारको विशृङ्खलतामा सामाजिक अन्यायको उजुरी मात्र हो तर जुन समाज रचना गर्ने अभिलाषा 'एकचिहान' मा देखिन्छ त्यसको व्यावहारिक उपयोगिता छ, आदर्श छ । 'स्वास्नीमान्छे' विकृति, विडम्वित र विपन्न व्यक्तिहरूको प्रतीकात्मक चीत्कार हो भने 'एकचिहान' आदर्शवादी सुधारक तथा निष्कपट श्रमजीवीहरूको सपना हो (प्रधान, २०५२: २४७ - २४८) ।

परिमाणात्मक रूपमा उनका उपन्यास थोरै भए पनि गुणात्मक रूपमा उनका उपन्यासहरू महत्त्वपूर्ण रहेका छन् । समाजका फरक-फरक विषयवस्तु अँगालेका यी उपन्यासहरूको एकमात्र उद्देश्य समाज सुधार नै हो । उपन्यासकार हृदयचन्द्रसिंह प्रधान यिनै दुई उपन्यासमार्फत् नेपाली साहित्यमा महत्त्वपूर्ण बनेका छन् । उनका दुवै उपन्यास समग्रमा सफल रहेका छन् ।

नारी जातिलाई विकासको बाटोमा लम्काउन प्रधानले आफ्ना दुवै उपन्यासमा सक्दो प्रयास गरेका छन् । 'एकचिहान' मा अनमेल विवाह गर्न चाहने सुरमान सुब्बा अनि परस्त्रीगमनतर्फ लहसिएको गोदत्तप्रसादले शिवनारांहरूका हातबाट घोक्रिनु परको छ । एकचिहानमा नारीहितको वकालत रञ्जनादेवीले गरेकी छ भने 'स्वास्नीमान्छे' मा वसन्तीले । नारी उत्थानका लागि उनका दुवै उपन्यास स-शक्त रहेका छन् ।

## ३.२ उपन्यासकारकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरू

### (क) 'स्वास्नीमान्छे'

'स्वास्नीमान्छे' उपन्यासको प्रकाशन वि.सं. २०११ मा भएको हो । यसमा मूलतः नारी समस्यालाई प्रस्तुत गरिएको छ । नारी समस्यामा केन्द्रित यो उपन्यास नारीवादी उपन्यासको एक उदाहरणका रूपमा रहेको छ । यसमा एकजना स्वास्नीमानिसको जीवनीको चर्चा गरिएको छ । जो स्वास्नीमानिसकै दाउपेच र साजिसले दलित, पीडित, र लाञ्छित भएकी छ, जो स्वास्नीमानिसकै कमजोरी र निष्कर्मन्यताले गर्दा समाजमा पतीत भएकी अनि जो आखिरमा स्वास्नीमानिसकै जागरुकता तथा कर्मठताले गर्दा उभो पनि लाग्न पाएकी छ । स्वास्नीमानिस रन्डी किन हुन्छन् र त्यसको निराकरण कसरी हुन्छ भन्ने कुरालाई लिएर यो उपन्यास लेखिएको हो (कर्माचार्य, २०१७-२०१८: १५) । यस उपन्यासमा पुरुषप्रधान समाजले नारी माथि गरेको, अन्याय, अत्याचार, उत्पीडन र शोषणको उद्घाटन गरिएको छ । पुरुषकै थिचोमिचोका कारण यस उपन्यासकी प्रमुख नारीपात्र मोतीमायाको जीवन दुःखान्त बनेको छ । नेपाली नारीहरूको उत्थान आवश्यक छ, नारीहरूको उत्थान नभएसम्म नेपाली समाजको उत्थान सम्भव छैन भन्ने कल्पनालाई साकार बनाउन तम्सिएका प्रधानको दृष्टि भोलिका नारी समाजका विभिन्न समस्याहरूलाई मुख्य स्थान दिँदै त्यस किसिमका विकृत समस्याहरूको आमूल परिवर्तन गर्नेतिर लम्किरहेको कुरा उनका औपन्यासिक प्रवृत्तिबाट छर्लङ्गिन्छ (मधुपर्क, २०२७: ४२) । एकातिर यस उपन्यासले नारीहरूको उत्थान र विकासका लागि समाजलाई अभिप्रेरित गर्दछ भने अर्कातिर तात्कालीन राजनीतिक विकृतिलाई देखाएको छ । राजनीतिमा देखिएको विकराल स्थितिका कारण नै आज समाजले

उन्नति गर्न नसकेको हो भन्ने लेखकको विचार रहेको छ । यस उपन्यासमा तात्कालीन, सामाजिक, राजनीतिक, आर्थिक जीवनका विविध गोरेटाहरूको अध्ययन गरिएको छ ।

**(ख) 'एकचिहान'**

उपन्यासकार प्रधानको दोस्रो उपन्यास 'एकचिहान' २०१७ सालमा उनको निधनपछि प्रकाशनमा आएको हो । यसमा आर्थिक समस्या मूल रूपमा आएको छ । काठमाडौं उपत्यकाको आर्थिक समस्याले जर्जरित एक किसान परिवारको दयनीय अवस्थाको चित्रण गरिएको छ । यसमा विभिन्न जाति र सम्प्रदायका पात्रहरू उपस्थित गराएर जातीय एकताको महत्त्व उजागर गरिएको छ । यसमा समाजका शोषक, सामन्तीहरूको अन्याय र अत्याचारबाट पीडित समाजका निम्नवर्गहरूको चित्रण गरिएको छ । समाजका उच्चवर्गहरूको हार देखाएर निम्न वर्गहरूको जित गराइएको कारणले यस उपन्यासका लेखक निम्नवर्गका पक्षमा रहेको कुरा थाहा हुन्छ । आफ्नो स्थानमा अडिग रहेर शोषकहरूका तानाशाही प्रवृत्तिको भण्डाफोर गर्न समाजका निम्नवर्गहरूलाई लेखकले आवहृन गरेका छन् । एकातिर यस उपन्यासले आर्थिक समस्यालाई प्रष्ट्याएको छ भने अर्कातर्फ नारीवादी स्वर पनि उरालेको छ । प्रधानले उपन्यासमा रञ्जनादेवीलाई उभ्याएर उसकामार्फत् प्रशस्त नारीवादी चिन्तन प्रस्तुत गरेका छन् । पितृसत्ताले नारीलाई हेर्दै आएको विचारमा अब परिवर्तन आउनुपर्छ भन्ने प्रगतिशील विचारधारा लेखकमा रहेको कुरा यस उपन्यासले प्रष्ट पार्दछ ।

यस प्रकार नेपाली उपन्यास पम्परामा प्रधानका दुई उपन्यास महत्त्वपूर्ण रहेका छन् । नारी समस्यालाई देखाउन 'स्वास्नीमान्छे' उपन्यास सफल रहेको छ भने आर्थिक समस्यालाई देखाउन 'एकचिहान' उपन्यास सफल भएको छ । सामाजिक समस्यालाई उपन्यासको कथानक बनाउने उपन्यासकार प्रधानका यी उपन्यास आलोचनात्मक यथार्थवादका प्रारम्भकर्ता हुन् ।

### ३.२.१ हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा प्रयुक्त नारी पात्रहरूको विश्लेषण

उपन्यास चरित्रमा टिकेको हुन्छ । यसमा विविध चरित्रहरूको प्रयोग गरिएको हुन्छ । उपन्यासमा उपस्थित भएका चरित्रहरू सबै एकै प्रकारका हुँदैनन् । स्वभाव, कार्य, प्रवृत्ति, भूमिका आदिका आधारमा सबै चरित्रहरू बेग्लाबेग्लै प्रवृत्तिका हुन्छन् । पात्रहरूको अध्ययन गर्न कुनै खास आधारको आवश्यकता पर्दछ । चरित्रहरूको विश्लेषण गर्ने आधारहरू विभिन्न नेपाली विद्वान्हरूले प्रस्तुत गरेका छन् । सबै विद्वान्हरूको मत बेग्लाबेग्लै रहेका छन् । टङ्कप्रसाद न्यौपाने, ऋषिराज बराल, कृष्णहरि बराल र नेत्र एटम, मोहनराज शर्मा आदि विद्वान्हरूले चरित्र विश्लेषणका आधारहरूको उल्लेख गरेका छन् । यी विद्वान्हरूको चरित्र वर्गीकरणसम्बन्धी आधारमा मोहनराज शर्माले उल्लेख गरेका आधारहरू लिङ्गको आधार स्त्रीलिङ्ग र पुलिङ्ग, कार्यको आधार- प्रमुख, सहायक र गौण, प्रवृत्तिको आधार अनुकूल र प्रतिकूल, स्वभावको आधार - गतिशील र गतिहीन जीवनचेतनाको आधार -वर्गगत र वैयक्तिक, आसन्नताको आधार - नेपथ्य र मञ्चपात्र, आवद्धका आधार -बुद्ध र मुक्त पात्रलाई बढी वैज्ञानिक मानिएको हुँदा यही आधारमा प्रधानका नारीपात्रहरूको विश्लेषण गरिन्छ ।

### ३.२.२ 'स्वास्नीमान्छे' उपन्यासमा प्रयुक्त नारीपात्र

#### (क) मोतीमाया

मोतीमाया 'स्वास्नीमान्छे' उपन्यासकी प्रमुख नारी पात्र हो । पितृसत्तात्मक समाजमा नारीमाथि हुने शोषण, अन्याय, अत्याचार र पुरुषको मनोमानीपूर्ण व्यवहारबाट हुने पीडा उसमा घनीभूत भएको पाइन्छ । जन्मजात रूपमा नै नारी र पुरुषमाथि भेदभाव हुँदै आएको छ । नारीहरू पुरुषहरूले छुट्याइदिएको घेराभित्र सीमित हुन पुगेका छन् । पुरुषले जति अन्याय गरे पनि नारीले सहनुपर्छ भन्ने पुरुष सामन्तवादी विचारधारा हाम्रो समाजमा रहेको पाइन्छ । यही सामन्तवाद प्रमोदले मोतीमायामाथि लागु गरेको छ । मोतीमाया प्रमोदकी विवाहित पत्नी हो । उसले यौवनावस्थामा प्रमोदबाट अत्यन्तै माया पाएकी छ । उसको एउटा सुन्दर छोरा पनि छ । आफ्नी सुन्दर पत्नी मोतीमायामा प्रमोदले सम्पूर्ण कुरा पाएको छ । तर जब उसले कमलाको रूपराशि पाउँछ तब मोतीमायालाई उसले लत्याएको छ । प्रमोदको घरमा खान, लाउन नपाएपछि र एउटा सन्तानका लागि पनि सहारा बन्न नसकेपछि ऊ छिमेकी हिराज्यानको शरण लिन पुग्छे । छिमेकी हिराज्यानबाट पनि उसले अपेक्षित सहयोग प्राप्त गर्न सक्दिन । उसले सहयोग त गर्छे तर बदलामा प्रमोदलाई थपथाप पारेर सबैकुरा सुनाउँछे । यसबाट झन मोतीमायाले प्रमोदबाट शारीरिक र मानसिक तनाब पाउँछे । रातदिन श्रीमान् र सौताको पीडा खप्न नसकी आफ्नो दुधे बालक विनोदलाई ईश्वरको काखमा छाडेर आत्महत्या गर्न सिम्भू पुग्छे । मर्न भनी सिम्भू पुगेकी मोतीमायालाई मोहनबहादुरले बचाउँछ । उसले सम्झाई बुझाई बहिनी बनाएर घरमा राख्ने वचन दिएर घरमा लान्छ । उसलाई नपाइन्जेल प्रेमको अनेक बाहाना बनाएर सच्चाप्रेमी बन्न पुगेको यौनपिपासु, गुन्डो मोहनबहादुरसँग ऊ दोस्रो पल्ट विवाह गर्न पुग्छे । पति प्रमोदसँग भौतिक तथा आत्मिक रूपले पूर्ण समर्पित मोतीमाया सम्पूर्ण जीवन उसँग बिताउन नपाएपछि र बाध्यातावश मोहनबहादुरसँग दोस्रो विवाह गरेपछि बाँकी जीवन मोहनबहादुरसँग बिताउँन प्रयत्नशील देखिन्छे । तर उसको यौवनले भरिएको शरीरको पूर्ण उपभोग गरिसकेपछि मोहनबहादुरले पनि उसलाइ घरबाट निकाल्छ । वर्षेपिच्छे नयाँ-नयाँ पत्नी फेर्ने मोहनबहादुरको आँखामा मोतीमायाको ३० वर्षे यौवन एकदम बुढो हुन्छ । नारी जातीलाई भोग्याको रूपमा हेर्दै आएको मोहनबहादुरले मोतीमायाको जीवनमा अर्को हुरी ल्यायो । समाउँने हाँगा र टेक्ने जमिन नपाएकी मोतीमाया सहारा खोज्दै जाँदा नाटकीय तरिकाले मिश्रीको कोठामा पुग्छे । पहिलो पति प्रमोदले उसलाई आत्महत्या गर्ने अवस्थामा पुऱ्याएको छ भने दोस्रो पति मोहनबहादुरले वेश्याको कोठीमा पुऱ्याएको छ । आफू जतिसुकै चरित्रहीन भए पनि नारीले श्रीमान्का लागि सधै चोखो बन्नुपर्ने चाहना राख्ने प्रमोद र मोहनबहादुर अन्ततः मोतीमायाको जीवन समाप्त पार्ने संहारक बनेका छन् । एकजना सतीसाध्वी नारीको सतीत्वलाई यस पुरुषसमाजले वेश्यामा परिणत गराएको छ ।

मोतीमाया वेश्याको कोठीमा पुगे पनि आफ्नो सतीत्व उसले डगमगाउन दिएकी छैन । तर उसलाई समाजले वेश्याको दर्जा दिएको छ । अझ प्रमोदले त घरमै रण्डीको रूपमा हेरेको थियो । ऊ ममतामयी आमा हो । आफ्नो सन्तानको खुसीमा सुखी बनेकी छ भने दुःखमा विह्वल बनेकी छ । तर पुरुषप्रधान समाजको सामन्तवादले उसलाई मातृत्वविहिन बनाउँन खोजेको छ ।

आफ्नो सन्तानको मुखसम्म हेर्न नदिएर उसको वात्सल्य पीडाग्रस्त बनेको छ । तर उसले यसका विरुद्धमा आवाजसम्म पनि उठाएकी छैन । ऊ आफ्नो पतिब्रात्य जोगाउँन सबल छे भने अन्यत्र निर्बल रहेकी छ । मोतीमाया पितृसत्तात्मक समाजले बनाइदिएको परम्पराजन्य संस्कारको बन्दी बनेकी छे । ऊ आफ्नो विवेकले ठीक बेठीक छुट्याउन सक्छे तर विरोध गर्न सक्दिन । यसको कारण उसले पतिलाई सर्वज्ञ बलशाली मान्छे । सौता र पति प्रमोदको कठोर यातनाको सामना गर्नुपरे पनि उनीहरूको कहिल्यै कुभलो नचिताउने मोतीमाया उपन्यासकी अनुकूल पात्र हो । हिराज्यानले न्यायका लागि कानुनको सहारा लिने कुरा गर्दा ऊ भन्छे - “नाइँ हीराज्यान दिदी मलाई यस्तो अर्ती नदिनुहोला । म यस्तो उपदेश पालन गर्न सक्दिन । आफूलाई जे सुकै गरुन्, जे भए पनि पति हुन, आफूले आफ्नो कर्तव्य पुरा पुऱ्याउन सक्नुपर्छ । पोइसँग लडेर नरक जाने हिम्मत ममा छैन । पोइ परमेश्वर, यही विश्वासमा म मर्न चाहन्छु, चाहे आफूले जतिसुकै सङ्कट झेल्नु परोस्” (प्रधान, २०५८: २९) । उसमा तात्कालीन नारीहरूको धैर्य, वात्यसल्य, विवेक, त्याग र सहिष्णुताका साथै समग्र पीडा अन्तर्निहित रहेको पाइन्छ । ऊ समग्र उपन्यासको मात्र नभएर तात्कालीन युगको प्रतिनिधि पात्र हो । उपन्यासको सम्पूर्ण कथावस्तु मोतीमायाकै केन्द्रीयतामा अगाडि बढेको पाइन्छ । नारीहरूलाई पुरुषको सेवक, मनोरञ्जनको साधन, सन्तान जन्माउने मेसिन आदिका रूपमा हेर्दै आएको पुरुषप्रधान नेपाली समाजमा मातीमायाको स्थान पनि पुरुषकी दासी र भोग्याका रूपमा नै रहेको छ । ऊ प्रमोदका लागि दासी सरह बनेकी छ भने मोहनबहादुरका लागि भोग्य र मनोरञ्जनको साधन । यस प्रकार मोतीमाया पितृसत्तात्मक समाजद्वारा थिचिएकी र पिल्सिएकी उपन्यासकी निरीह पात्र हो । उपन्यासको आदिदेखि अन्त्यसम्म नै आफ्नो भूमिका निर्वाह गर्न प्रस्तुत भएकी मोतीमाया उपन्यासकी मञ्चीय पात्र हो ।

**(ख) कमला**

कमला ‘स्वास्नीमान्छे’ उपन्यासकी सहायक नारी पात्र हो । पितृसत्तात्मक समाजको सामन्तवाद उसमा प्रशस्त रहेको छ । उपन्यासकी प्रमुख चरित्र मोतीमायामाथि उसले जमाएको हैकम पुरुषप्रधान समाजमा पुरुषले नारीमाथि गर्ने दमन भन्दा केही कम छैन । आफ्नो रूपमा प्रमोदलाई भुलाएर अनेक बनावटी कुरा गरी मोतीमायालाई घरबार विहीन बनाउने ऊ भूमिकाका आधारमा खलनायिका हो । प्रमोदले मोतीमायामाथि लादेको हैकम कमलाद्वारा सञ्चालित रहेको छ । मोतीमायामाथि कमलाको शोषण प्रमोदको भन्दा ज्यादा रहेको छ । कमला प्रमोदकी रूपवती, गुणवती, पुत्रवती जेठी पत्नी मोतीमाया छ भन्ने जान्दाजान्दै आफ्नो रूपजालमा फँसाएर प्रमोदकी कान्छी पत्नी बन्न जान्छे र भए नभएका कुरा लगाएर पतिलाई सौता कुट्न, घरबाट निकाल्न उक्साउँछे साथै त्यस्तै वातावरण सिर्जना गरिदिन्छे । मोतीमायाको दुःखी जीवनको पुरापुर जिम्मेवारी प्रमोदका साथै कमला पनि हो । नारीको दयनीय, वेदनामय, पीडामय जीवनको जिम्मेवार नारी नै हो भन्ने तथ्यको पुष्टि कमलाले गरेकी छ ।

पुरुषहरू मात्र यस समाजका दलाली होइनन् बरु नारीहरू पनि यस्ता दलालीपूर्ण कार्यमा संलग्न छन् भन्ने कुरा कमलाको चिरित्रबाट थाहा हुन्छ । अर्काकी घरमा भएकी श्रीमतीलाई लखेटेर परपुरुषको घरमा भित्रिन आउने र आफ्नै वर्गको विद्वेषमा उभिने काम कमलाले गरेकी छ ।

कमला व्यवहारपटु आइमाई हो । कोसँग कस्तो व्यवहार गरे आफ्नो खलनायकत्व सफल हुन्छ भन्ने कुराको उसलाई धेरै ज्ञान छ । प्रमोद जस्तो स्त्रीभोगी पुरुषलाई आफ्नो रूप र यौवनमा फसाएर र अनेकौं धम्की दिएर आफ्नो हातको कठपुतली बनाउँने कमला मोतीमायाको मर्यादामा आगो सल्काउन राती मूल ढोका खोलेर नाठो आएको बनावटी कुरा र बनावटी प्रेमीको किर्ते चिठ्ठी बनाएर घरामा ताण्डव नृत्य मच्चाउँछे । मोतीमायाकी सौता र विनोदकी सौतेनी आमाका रूपमा रहेकी कमला नेपाली समाजका क्रुर सौताको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र हो । मोतीमायाकी सौता बनेर सधैंभरी उसँग रिस, इवी राख्ने कमला प्रवृत्तिका आधारमा प्रतिकूल चरित्र भएकी पात्र हो । उसले मोतीमायालाई सतीतवबाट गिराएर घरबाट निस्कन बाध्य बनाएकी छ । पतिको मर्यादामा दाग लगाउन रत्तिभर तयार नहुने मोतीमायालाई कमलाले रण्डीको दर्जा दिएकी छ । प्रमोदसँग एकाधिकार जमाएर उसले मोतीमायाको जीवन बरबाद पारेकी छ । बेसहारा भई मोहनबहादुरसँग वैवाहिक सम्बन्ध जोड्न पुगेकी मोतीमायाको छोरा विनोदसँग सम्बन्ध विच्छेद गराएर उसको वात्यसल्य र मातृत्व पीडामय बनाएकी छ । एउटी सतीसाध्वी हिन्दू नारी मोतीमायालाई उसले वेश्याको कोठीसम्म पुऱ्याएकी छ ।

उपन्यासको प्रारम्भबाट सुरु भएको उसको भूमिका उपन्यासको अन्त्यसम्म नै रहेको छ । मोतीमायाको जीवनमा घटेका प्रत्येक घटनासँग कमला उपस्थित भएकी हुँदा ऊ उपन्यासकी बद्ध पात्र हो साथै ऊ उपन्यासकी मञ्चीय पात्र पनि हो ।

(ग) **मैयाँनानी**

मैयानानी 'स्वास्नीमान्छे' उपन्यासकी सहायक नारी पात्र हो । ऊ पुरुषप्रधान सामन्ती समाजको अन्याय, अत्याचारबाट पीडित र आफ्नै पतिद्वारा सौता हालेर घरबाट निकालिएकी पात्र हो । वेश्यालयको कोठीमा आफूले रातदिन बिताए पनि र पुरुषहरूको निम्ति उपभोग बनिरहे पनि कालान्तरमा सतीत्वको बिज वा जग बन्ने उसको उद्देश्य रहेको छ । मैंयानानीको कोठी वेश्याको कोठी मात्र नभएर समाजका विषालु सर्पहरूका प्रभावले वेश्या बनाइएका नारीहरूको गोप्य सङ्गठन हो । मैयाँनानीको कोठीमा एकातिर वेश्यावृत्ति हुन्छ भने अर्कोतिर नारीमुक्ति र जागरणका भूमिगत सङ्गठनहरू सुरु हुन्छन् र परिचालित हुन्छन् । पर्याप्त प्रमाण भएका र समाजविरोधीका रूपमा चिनिएका व्यक्तिहरूलाई हत्या गरिदिने अभियान मैयाँनानीहरूले चलाएका छन् । पुरुषहरूको अत्याचार र उत्पीडनका कारण घृणित र नारकीय जीवन बिताउन बाध्य नारीजातिको उन्नति गर्नका निम्ति नारीहरूलाई चेतनशील बनाउन उनीहरू वेश्याहरूको नारी संस्था खोल्छन् । समाजमा पुरुषद्वारा उत्पीडित नारीहरूलाई ल्याएर उनीहरूको आत्मसम्मान बढाई, उनीहरूलाई बाँच्ने आधार दिएर नारी उन्नतिको कार्य गराउँछन् । यस कार्यको नेतृत्व मोतीमाया, लीलादेवी, मैयाँनानी र वासन्तीले लिएका छन् । उसको कोठी वेश्यालय नभएर मन्दिर हो र उसले नारीत्वको रक्षा गर्ने अभिभारा लिएकी छ । यस सम्बन्धमा ऊ भन्छे -"म स्वास्नीमानिसलाई यस पवित्र मन्दिरमा ल्याएर जगत्मा नारीत्वको रक्षा गर्न चाहन्छु । यो रण्डीको कोठी भएपनि रण्डी दुर गरी देशमा चरित्रबल ल्याउने यसको काम हो" (प्रधान, २०४६:१०६) । नारी कल्याणका लागि नेपाल खाल्डाका सबै कोठीहरूमा एक-एक जना जासूस मैयाँनानीले

खटाएकी छ । विनोदले घर फर्काएर लगेपछि प्रमोदले मोतीमायालाई लगाएको रण्डीको आरोप मैयाँनानीलाई असह्य हुन्छ । मोतीमायालाई घरमा पस्न कुनै हालतमा नदिने बरु आफ्नै सन्तानमाथि गोली चलाउने प्रमोदको अत्याचार देखेर मैयाँनानीले प्रमोदमाथि गोली चलाउँछे र यही हुलमालमा कमला पनि मर्छे ।

नारीत्वको महत्त्व बुझ्केकी मैयाँनानी न्यायप्रेमी चरित्र हो । न्यायका लागि आफ्नै बाबुको पनि हत्या गर्नुपर्छ भन्ने उसको विचार रहेको छ । प्रमोदको हत्या पितृसत्तात्मक समाजको तानाशाहावादको हत्या हो । समग्रमा उपन्यासकी प्रमुख नायिका मोतीमायाको नारीत्वको रक्षा गर्ने ऊ उपन्यासकी अनुकूल पात्र हो । उपन्यासको अन्त्यतिर अपस्थित भएकी मैयाँनानी उपन्यासबाट निकाल्न नसकिने बद्ध पात्र हो । आफ्ना विचारहरू प्रत्यक्ष अभिव्यक्त गर्ने ऊ मञ्चीय पात्र हो । आफ्ना विचारमा अडिग रहने र जस्तोसुकै परिस्थितिमा पनि साहसले काम गर्ने मैयाँनानी गतिहीन र व्यक्तिगत पात्र हो । उसले बोलेका शब्दहरू बौद्धिक स्तरका छन् । आफ्नो जीवनमा सधैं खतरा मोलेर अर्काका लागि लडेने मैयानानी देशभक्ति, न्यायप्रेमी, नारीत्वको संरक्षक र सहयोगी चरित्र हो ।

### (घ) हीराज्यान

हीराज्यान मोतीमायाकी छिमेकी हो । उसको भूमिका उपन्यासमा सहायक पात्रका रूपमा रहेको छ । अर्काको घरको रहस्य खोतल्ने र केही नराम्रो कुरा भेटेमा फूलबुट्टा भरेर फिँजाउने हीराज्यान प्रवृत्तिका आधारमा प्रतिकूल नारी पात्र हो । एकातिर सहयोगी बनेर स-साना कामहरू पुरा गर्दछे भने अर्कातिर घरमा पोल लगाएर घरझगडा लगाउँछे । घरमा बाँच्ने आधार नभएपछि अलिकति रूपैयाँ पैसाको खाँचो टार्न गएकी मोतीलाई अधिकारका लागि कानुन समक्ष जान सिकाउँछे र प्रमोदलाई मोतीमायाले नालिस दिन खोजेको बनावटी कुरा सुनाउँछे । आफूसँग केही कुराको सहयोग माग्न आग्रह गर्दै ऊ भन्छे -"किन चुप लागिरहुन भएको मोतीमाया ? केही भन्नुछ भने भन्नुस न । के म परचक्री हुँ र ? आफूले सकेको जे कुरा पनि हारगुहार गर्न तयारै छु" (प्रधान, २०५८: १६) । तर हीराज्यान मोतीमायाका लागि परचक्री नै बनेकी छ । उसको सानो सहयोग मोतीमायाका लागि ठूलो विपत्ति बनेको छ । मोतीमायाको घरबार नष्ट गराउँन हीराज्यान थप सामग्री बनेकी छ । आफन्त बनेर पस्ने र परचक्री बनेर निस्कने हिराज्यानको स्वभाव नै बनेको छ । ऊ लोग्नेस्वास्नीमा भाँडभैलो मच्चाउने मात्र हैन काटाकाट गराउँन सक्ने, रूवाबासी चलाउन सक्ने र सौतासौतामा रिसको मुस्लो सिर्जना गर्नसक्ने क्षमता भएकी पात्र हो । अर्काको चियोचर्चो गरेर समय बिताउनु उसको दिनचर्या हो । नारीलाई बिगार्नमा नारीको भूमिका बढी हुन्छ भन्ने कुराको पुष्टि हीराज्यानले गरेकी छ । नेपाली समाजका कुरौटे आइमाईहरूको प्रतिनिधित्व गर्ने हीराज्यान वर्गीय चरित्र हो । हीराज्यानको कपटी व्यवहारले मोतीमायाको घरबार उठेको छ । उपन्यासको प्रारम्भतिर उपस्थित भएकी हीराज्यान उपन्यासकी मञ्चीय पात्र हो । उपन्यासको कथानकसँग उसको भूमिका सुहाउँदो रहेको छ र उसलाई उपन्यासमा बद्धपात्रका रूपमा लिन सकिन्छ । आफू पुरुषशोषित नारी भएर पनि ऊ नारीहरूप्रति कति पनि संवेदनशील छैन । पुरुषहरूलाई उक्साएर, पोल लगाएर भए पनि नारीलाई गिराउन चाहने हिराज्यान

पित्तसत्तात्मक सामान्तवादकै अनुयायी हो । हीराज्यानले पित्तृसत्ता पुरुषमा मात्र होइन नारीमा पनि हुन्छ र त्यस्तो विचारधाराकै कारण नारीहरू नारीहरूबाटै उत्पीडित बन्न पुग्छन् भन्ने वैचारिक दृष्टिकोणको प्रतिनिधित्व गरेकी छ ।

**(ङ) अञ्जनाकुमारी**

अञ्जनाकुमारी 'स्वास्नीमान्छे' उपन्यासकी सहायक नारी पात्र हो । वि.सं. २००७ पछिका भ्रष्ट, द्रव्यपिपासु र विदेशीहरूको हातको कठपुलती बेनका राजनीतिक नेत्रीहरूको प्रतिनिधि पात्र हो अञ्जनाकुमारी । एकातिर सभासम्मलेनमा मञ्चबाट नारी उद्धारका भाषण गर्ने र अर्कातिर नारीहरूको मोलतोल र बेचबिखन गर्ने, समाजका अबोध, किशोरी र सती-साध्वी युवतीहरूको ओसारपसार गरेर ठाँटबाँटसँग बाँच्न पुग्ने पैसा आर्जन गर्ने अञ्जनाकुमारी दोहोरो चरित्र भएकी दलाली हो । त्यसैगरी महिलावर्गको दलाल र संहारक सुरप्रसादको षड्यन्त्रकारी कामको सहायक भएर कुकर्ममा मद्दत गरी नारी बिक्री व्यवसायमा सरिक हुने काम अञ्जनाकुमारीले गरेकी छ ( सुवेदी, २०६४: १९५) । सुरप्रसादको दुष्कृत्यमा संलग्न अञ्जनाकुमरी समाजकै वर्गशत्रु हो । नेपाली नारीहरूलाई कुकर्ममा फसाएर जीवन बरबाद गर्ने अञ्जनाकुमारीले समाजको संरचनालाई दुषित बनाएकी छ । नारीको पीडामय जीवनको जिम्मेवारी स्वयं नारी नै हुन्छे भन्ने कुरा अञ्जनाकुमारीको व्यवहारले देखाएको छ । देशको गौरव र अस्तित्वलाई बेच्ने गद्दारी चरित्रका रूपमा अञ्जनाकुमारीको उपस्थिति उपन्यासमा रहेको छ । राजनीतिको अखडा रचेर नेत्री बनी सतीहरूको नामेट पार्ने काम अञ्जनाकुमारीले गरेकी छ

अञ्जनाकुमारी उपन्यासमा सहायक भूमिकामा उपस्थित रहे पनि तात्कालीन राजनीतिक गतिविधिलाई उसको भूमिकाले छर्लङ्ग पारेको छ । समाजको हत्या गर्ने व्यक्ति भनेर वासन्तीले गोली हानी उसको हत्या गरेकी छ । केटी बेचबिखन गर्ने कार्यमा संलग्न अञ्जनाकुमारी स्वभावका आधारमा प्रतिकूल चरित्र भएकी पात्र हो । उसको उपन्यासमा प्रत्यक्ष सहभागी भएको हुँदा ऊ उपन्यासकी मञ्चीय पात्र हो । तात्कालीन समयको राजनीतिक कु-कार्यको भण्डाफोर गर्ने उपन्यासकारको उद्देश्यलाई अञ्जनाकुमरी र सुरप्रसादको भूमिकाले पुरा गरेको छ । अञ्जनाकुमारी पनि पित्तृसत्तात्मक समाजको चिन्तन र विचारबाट डोरिएकी चरित्र हो । समाजमा राजनीतिको आडमा महिलाले महिलामाथि नै गर्ने गरेको शोषण, दमन र अन्यायलाई प्रस्तुत गर्ने काम अञ्जनाकुमारीका माध्यमबाट भएको छ ।

**(च) मिश्री**

मिश्री 'स्वास्नीमान्छे' उपन्यासकी गौण पात्र हो । मोहनबहादुरले मोतीमायालाई पिट्दै घरबाट निकालेपछि सहारा बन्दै मोतीमायालाई आफूसँगै लाने मिश्री वेश्यालयकी नाइके हो । फकाएर र झुक्याएर मोतीमायालाई उसले वेश्यालयमा पुऱ्याएकी छ । कैयौं सती-साध्वी नारीहरूको सतीत्व बेचबिखन गर्न आफ्नै घरमा वेश्यालय खोलेर बस्ने मिश्री उपन्यासकी प्रतिकूल पात्र हो । उसले नारीको नारीत्व गिराएर संसारको सृष्टिमाथि सङ्कट ल्याएकी छ । नारीलाई कोठीमा पुऱ्याएर जबरजस्ती देहव्यापरमा संलग्न गराउने मिश्री समाजकी लैङ्गिक शत्रु हो ।

मातृत्वको सौभाग्य पाएका नारीजातिको मातृत्वलाई उसले नष्ट गरेकी छ । उसले आर्थिक सङ्कटका कारण वेश्याको कोठीमा आइपुगेकी नानीप्राणलाई औषधी खुवाएर बाँझी बनाएकी छ । उसको कोठीले यस्ता धेरै नानीप्राणहरूको प्राण नै लिएको छ । ऊ आफू त बिग्री-बिग्री अरूलाई पनि बिगारी । उसले निर्दोष पुरुषहरूको समेत चरित्र हत्या गरेकी छ । पुरुषका अगाडि नारीलाई नङ्ग्याएर उसले नारी अस्मितालाई अपमान गरेकी छ । पित्तृसत्तात्मक दमनको अनुसरण मिश्रीले गरेकी छ । अर्काको शरीर बेचेर पैसाले धोक्रो भरी आफू विलासी जीवन बिताउने मिश्री नारी जातिकी कलङ्क बनेकी छ । उसको उद्देश्य पैसा कमाउनु र मनोरञ्जन गर्नु रहेको छ । उसको यस्तो अनैतिक कार्यका विरुद्ध वासन्ती, मैयाँनानी र लीलादेवीले 'नारी उद्धार संस्था' खोलेका छन् ।

मिश्री उपन्यासकी मञ्चीय पात्र हो । उपन्यासमा उसको प्रत्यक्ष उपस्थित रहेको छ । उपन्यासको अन्तिम अङ्कतर्फ उपस्थित भएकी पात्र मिश्री उपन्यासमा नभए पनि खास फरक नपर्ने मुक्त पात्र हो । आफ्नो विचारधारमा सधैं अडिग रहने मिश्री उपन्यासकी गतिहीन र व्यक्तिगत पात्र हो । उसले युगौंदेखि चलिआएका अनैतिक तथा अशोभनीय कार्यहरूलाई पनि नैतिक र शोभनीय सम्झी त्यसैको आडमा आफ्नो जीवनयापन गरेकी छे । साराशंमा उपन्यासकी नकारात्मक चरित्र भएकी खलनायिकाका रूपमा मिश्री उपस्थित भएकी छ । उपन्यासकारले मिश्रीको चरित्र निर्माण पनि नारीका कुप्रवृत्तिको पहिचानका लागि गरेका छन् । नारीहरू आफ्नो आजीविकाका नाममा नारीको सतीत्व र अस्तित्त्व बेचेर कसरी नारीमाथि नै दमन गर्छन भन्ने वैचारिक पक्षको प्रस्तुति मिश्रीबाट भएको छ ।

### (छ) वासन्ती

वासन्ती 'स्वास्नीमान्छे' उपन्यासकी सहायक नारी पात्र हो । पुरुषप्रधान सामन्ती समाजको शोषण र दमनबाट पीडित भएर जबरजस्ती वेश्या बन्न पुगेकी वासन्ती उपन्यासकी अनुकूल र साहसी पात्र हो । पतिद्वारा अपहेलित भएर अनि सौताको मारले थिचिएर जीवन गुर्जानका लागि वेश्यालयमा प्रवेश गर्ने नेपाली नारीहरूकी प्रतिनिधि पात्र हो वासन्ती । ऊ 'नारी उद्धार संस्था' की साहसी सदस्यका रूपमा उपन्यासमा उपस्थित भएकी छ । सधैं न्यायका पक्षमा रहने वासन्ती अन्यायको भण्डाफोर गर्दछे । ऊ नेतागिरीको आडमा भ्रष्टाचार गर्ने सुरप्रसाद र अञ्जनाकुमारीलाई भाषण गरिरहेको अवस्थामा नाटकीय तरिकाले गोली हानी हत्या गरेर सभाको बीचमा बोलिरहदा पुलिसको पक्राउमा परेकी पात्र हो । अञ्जनाकुमारी र सुरप्रसादको हत्या सम्पूर्ण नेपाली नारीहरूको हकहितका लागि गरिएको हो भन्ने उसको भनाइ रहेको छ । यस सम्बन्धमा ऊ भन्छे -"मैले यिनीहरूलाई कुनै वा विशेष नाफाको निम्ति मारीरहेकी छैन । देश कल्याण, देश गौरवको निम्ति यिनीहरूलाई आज मैले मार्ने काम गरिरहेकी हुँ, मैले यिनीहरूलाई मारिरहेकी छैन बरु यिनीहरूमा जुन विस्फोट र विकार निस्केर देश विस्फोटक र विकृत हुन लागिरहेको छ त्यसैको रक्षाका निम्ति मैले विकार र विस्फोटको मूल यिनीहरूको प्राण निभएर आफू बलिदान हुन आएकी हुँ" (प्रधान, २०५८: ११३-११४) । देशको उन्नतिका लागि आफू बलिदान हुन पनि पछि नहट्ने वासन्ती उपन्यासकी अनुकूल पात्र हो । महिला बेचबिखन कार्यका विरुद्ध ऊ वेश्यालयमा जासुसका रूपमा खटिएकी छ । व्यक्तिगत इच्छा, आकाङ्क्षा माया मारेर सम्पूर्ण

नारीहरूको जीवनस्तर उकास्न ऊ लालायित छ । नारीलाई वेश्या बनाउन पुरुषको पुरापुर हात हुन्छ भन्ने कुरा वासन्तीलाई थाहा छ, हो ऊ त्यही पुरुषलाई चुनौती दिन चाहन्छे । ऊ नारीको गुमेको नारीत्व फिर्ता गर्न चाहन्छे र समाजमा नारीको अवस्था पुरुष सरह बनाउन चाहन्छे । अञ्जनाकुमारी र सुरप्रसादको हत्या वासन्तीको पितृसत्तात्मक समाजलाई दिएको चुनौती हो । यो हत्याले उसको जीवन तहस् नहस बनेको छ र कारावासको सजाय भोगेकी छ तर कैयौं युवतीहरूको जीवनको सुरक्षा भएको छ ।

'स्वास्नीमान्छे' उपन्यासमा उसको भूमिका बद्ध पात्रका रूपमा रहेको छ । उपन्यासमा उसको भूमिका मञ्चीय रूपको छ । देशप्रेमी, न्यायप्रेमी, निडर र साहसी पात्रका रूपमा वासन्ती प्रस्तुत उपन्यासमा उपस्थित भएकी छ ।

**(ज) चम्पा**

'स्वास्नीमान्छे' उपन्यासकी चम्पा भूमिकाका आधारमा गौण पात्र हो । ऊ प्रमोदको घरमा बसेकी नोकर्नी हो । नोकर्नीका रूपमा रहे पनि प्रमोदले उसलाई आँखा लगाउँछ र फरिया किनेर दिन्छ । यही कारण कमलाबाट ऊ उपेक्षित भएकी छे । उपन्यासमा उसको उपस्थित अनुकूल पात्रका रूपमा रहेको छ । उसले मोतीमाया र छोरा विनोदको भेट गराउँने अनुकूल अवस्था मिलाएकी छ । उपन्यासमा प्रत्यक्ष सहभागिता देखाउने चम्पा उपन्यासकी मञ्चीय पात्र हो । कमलाको सामन्तवादबाट ऊ पीडित बन्न पुगेकी छ । आमाको अनुपस्थितिमा विनोदकी साहारा बनेकी चम्पा ममतामयी सुसारे हो । उसको उपस्थिति उपन्यासमा मुक्त पात्रका रूपमा रहेको छ । उसलाई उपन्यासबाट निकाल्दा पनि कथानकमा केही फरक नपर्ने देखिन्छ । समग्रमा ऊ यस उपन्यासकी सकारात्मक पात्र हो ।

**(झ) लीलादेवी**

लीलादेवी 'स्वास्नीमान्छे' उपन्यासकी सहायक पात्र हो । पितृसत्तात्मक समाजमा नारीलाई अनेकौं यातनादिने, आफ्नो स्वार्थ पूरा नभएसम्म सहारा दिने अनि स्वार्थ पुरा हुनासाथ घरबाट हुत्याउने पुरुषको मनोमानीपूर्ण कार्यको सिकार हुन पुगेकी छ प्रस्तुत पात्र । आफ्नो सम्पूर्ण कुरा गुमाएर मिश्रीको वेश्यालयको कोठीमा सहारा लिन पुगेकी लीलादेवी त्यही कोठीकी एक वेश्याका रूपमा रहेकी छे । आफू वेश्यालयमा रन्डी भएर बसे पनि उसको इच्छा यसको विपरीत रहेको छ । उसले वेश्या बन्न नचाहाने र अञ्जानमा वेश्यालयमा आइपुगेका मोतीमाया जस्ता नारीहरूको सतीत्वको रक्षा गरेकी छ । त्यसैले ऊ उपन्यासकी अनुकूल पात्र हो । उसले चाँडै नै देशबाट वेश्यालयको उन्मूलन गराउन चाहेकी छे । वेश्यालयमा आफू समाजका नजरमा पतित भएर बसे पनि ऊ मिश्रीका विरुद्धमा लागेकी सी.आइ.डी. हो । उसले मोतीमायालाई मिश्रीको कोठीबाट रातारात भगाएर मैयाँनानीसँग पुऱ्याएकी छे र मोतीमाया हराएको हल्ला गरेकी छे । मैयाँनानीसँग मिलेर उसले कैयौं हिन्दू नारीहरूको सतीत्व बेचेर रातारात सम्पति हातपार्ने देशका गद्दारीहरूको नष्ट गर्ने अभियान चलाएकी छ । साथीको हुलमालमा वेश्यालय प्रवेश गरी दालचीनीसँग फँस्न पुगेको सज्जन पुरुषको समेत उसले रक्षा गरेकी छे । लीलादेवी 'नारी उद्धार संस्था' की सक्रिय

कार्यकर्ता हो । वेश्यालयबाट नारीहरूलाई भगाएर 'नारी उद्धार संस्था' मा सुरक्षाका लागि बस्ने व्यवस्था लीलादेवी, मैयाँनानी र वासन्तीले मिलाएका छन् । मोतीमायालाई उद्धार संस्थामा ल्याएपछि नानीप्राणलाई बचाउँन ऊ सक्रिय रूपमा लागेकी छ । उसको कार्य सधैं स्वास्नीमान्छेका हक, हितका पक्षमा रहेको छ । पुरुषप्रधान समाजमा नारीलाई स्वयं आत्मनिर्भर बन्न प्रेरणा दिने उसको संस्थाको उद्देश्य रहेको छ ।

उपन्यासमा लीलादेवी मञ्चीय रूपमा उपस्थित भएकी छ । कार्यका आधारमा भूमिका सहायक भए पनि नारीमुक्तिका लागि सधैं अग्रसर रहने लीलादेवी उपन्यासकी बद्ध पात्र हो । स्थिर र वैयक्तिक पात्र लीलादेवी उपन्यासकी सकारात्मक र सहयोगी पात्र हो ।

### (ञ) नानीप्राण

नानीप्राण प्रस्तुत उपन्यासकी गौण पात्र हो । केवल आर्थिक सङ्कटले गर्दा पतिव्रता भएर पनि सतीत्व नष्ट गर्न तयार भएकी नारी पात्रका रूपमा नानीप्राण उपन्यासमा उपस्थित भएकी छे । श्रीमान्को कमजोर आर्थिक अवस्थाका कारण विवाहित भएर पनि सन्तानको पालन पोषण गर्न असमर्थ भएपछि मातृत्वहीन बन्न पुगेकी नानीप्राण पैसाका लागि मिश्रीको कोठीमा पुग्छे । कहिल्यै सन्तान नजन्मने औषधी खाने मिश्रीका कुराबाट ऊ अत्यन्तै मर्माहत बन्छे । नारी भएर सन्तानको मुख हेर्न प्रयत्नशील रहेकी नानीप्राण सन्तानको सौभाग्यबाट समेत बञ्चीत हुन्छे । उपन्यासमा मञ्चीय रूपमा उसको भूमिका रहेपनि आवद्धताका आधारमा उ मुक्त पात्र हो ।

### (ट) दालचीनी

'स्वास्नीमान्छे' उपन्यासमा गौण भूमिकामा प्रस्तुत भएकी दालचीनी स्वभावका आधारमा प्रतिकूल चरित्र हो । मिश्रीको कोठीमा पुगी वेश्या बनेकी दालचीनी वेश्याको घिनलाग्दो, विभत्स र नाङ्गो रूपमा प्रस्तुत भएकी छे । वेश्या भएर पनि आफ्नो पेसामाथि गर्व गर्ने दालचीनी वेश्याको काख नपाएको व्यक्तिलाई स्वर्गको ढोका नखुल्ने र स्वर्गीय सुख पनि तीतो हुने कुरामा दावी गर्छे । सम्पूर्ण रूपले नाङ्गिएर आफ्नो सामु आएको पुरुषलाई आफूलाई उपभोग गर्न ऊ हजारपल्ट आग्रह गर्छे । स्वयं नारी भएर उसले नारीलाई उपभोग्य वस्तु भन्दा अर्को केही सोचेकी छैन । उसले आफू पनि फँसेर अरूलाई समेत फँसाई । उसले आफूलाई देवी र वेश्यालयलाई मन्दिर ठानेकी छे । वेश्यालयको एउटा दृश्यमा मात्र देखिएकी दालचीनीको भूमिका मुक्त पात्रका रूपमा रहेको छ । उसको भूमिका उपन्यासमा अनावश्यक जस्तो देखिएको छ । ऊ उपन्यासकी स्थिर र व्यक्तिगत पात्र हो । नारी भएर पनि उसले नारीत्व गुमाएकी छे । पुरुषप्रधान समाजले नारीलाई भोग्या, मनोरञ्जनको साधन र सन्तान जन्माउने उपकरणका रूपमा लिने गरेको पाइन्छ भने दालचीनीको व्यवहारले पितृसत्तालाई नै थप बल प्रदान गरेको छ । उसले नारी अस्मितालाई नै सङ्कटमा पुऱ्याएकी छ । समग्रमा ऊ उपन्यासकी नकारात्मक चरित्र भएकी नारी पात्र हो ।

### (ठ) जुईनानी

'स्वास्नीमान्छे' उपन्यासमा जुईनानी गौण पात्रका रूपमा रहेकी छे । उपन्यासको अन्त्य भागतिर उपस्थित भएकी पात्र जुईनानी वासन्तीले अञ्जनाकुमारी र सुरप्रसादको हत्या गरेको

घटनाको वर्णनकर्ता बनेकी छे। मैयाँनानीका अगाडि एक्कासी देखापरेकी जुईनानीले उक्त घटना कसरी घट्यो भन्ने कुराको विस्तृत जानकारी दिएकी छे। उसले वासन्तीका कुराहरूलाई जस्ताको तस्तै प्रत्यक्ष कथनमा सुनाएकी छे । लीलादेवी, मैयाँनानी, वासन्ती जस्तै जुईनानी पनि सी.आइ.डी. का रूपमा रही देशबाट वेश्यालय निर्मूल पार्न र यस्ता कार्यमा संलग्न व्यक्ति पत्ता लगाउने 'नारी उद्धार संस्था' कि सक्रिय कार्यकर्ता हो । नारीहरूको अवस्थामा सुधार ल्याउन सधैभरि तल्लीन रहने ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । मञ्चीय रूपमा उपस्थित भएकी जुईनानी आवद्धताका आधारमा बद्ध पात्र हो । स्वभावका आधारमा स्थिर र जीवनचेतनाका आधारमा ऊ वैयक्तिक पात्र हो । नारी मूल्य र मान्यताप्रति सधै चिन्तित रहने जुईनानी सकारात्मक पात्र हो ।

### (ड) चुली

'स्वास्नीमान्छे' उपन्यासकी नारी पात्र चुली कार्यका आधारमा गौण पात्र हो। वेश्यालयमा वेश्याको रूपमा रहेकी चुली वेश्याको नाङ्गो र विभत्स रूपमा उपन्यासमा उपस्थित भएकी छे। मञ्चीय रूपमा प्रस्तुत भएकी चुली आबद्धका आधारमा उपन्यासमा नभए पनि हुने मुक्त पात्र हो। ऊ स्थिर र व्यक्तिगत पात्र हो। आफ्नो इच्छा विपरीत मिश्रीको कोठीमा जबरजस्ती पुगेकी चुली अन्त्यमा त्यहाँबाट उम्कन सफल भएकी छे। रोएर, चिच्चाएर आफ्नो सतीत्व जोगाउन सफल भएकी ऊ उपन्यासकी अनुकूल पात्र हो।

### (ढ) मोहनबहादुरका विवाहित बहिनीहरू

यी पात्रहरू नाम मात्र उल्लेख भएका, नेपथ्य र मुक्त पात्रका रूपमा उपन्यासमा उल्लेख गरिएका छन्।

### (ण) बुढीकाकी

मोहानबहादुरकी काकीका रूपमा रहेकी यो पात्र नाम मात्र उल्लेख भएकी नेपथ्य र मुक्त पात्र हो।

### (त) मैयाँनानीकी छोरी

मैयाँनानीकी छोरी पनि यस उपन्यासको नेपथ्य र मुक्त पात्र हो। उपन्यासमा उसको नाम मात्रै उल्लेख गरिएको छ।

### (थ) दुहुनी पट्ठी

दुहुनी पट्ठी मोहनबहादुरकी भोग्या युवती (पत्नी) का रूपमा उपन्यासमा उपस्थित भएकी छ। ऊ नेपथ्य र मुक्त पात्र हो।

### (द) बाइजीहरू

बाईजीहरू 'नारी उद्धार संस्था' मा मैयाँनानीको सहारामा रहेका पात्रहरू हुन् । उपन्यासमा मञ्चीय पात्रका रूपमा रहेका बाइजीहरू मुक्त पात्र हुन्।

**निष्कर्ष**

हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नीमान्छे' उपन्यास नारी केन्द्रित उपन्यास हो । त्यसकारण यस उपन्यासको कथानक नारीकै केन्द्रीयतामा अगाडि बढेको पाइन्छ । यसमा अधिकांश पात्रहरू नारी नै रहेका छन् । यस उपन्यासमा प्रयुक्त सबै नारीपात्रहरूको भूमिका समान रूपमा छैन । कार्यका आधारमा प्रमुख, सहायक र गौण गरी तीनप्रकारमा विभाजन गरी पात्रहरूको अध्ययन गरिएको छ । प्रमुख पात्रका रूपमा मोतीमाया रहेकी छ भने कमला, मैयाँनानी, वासन्ती, अञ्जनाकुमारी, मिश्री सहायक पात्रका रूपमा रहेका छन् र अन्य पात्रहरू गौण रूपमा रहेका छन् । यस उपन्यासमा कतिपय नारीहरू आफ्नो अस्तित्त्वका लागि संघर्षशील रहेका छन् भने कतिपय नारीहरू चुपचाप अन्याय सहने स्वभावका छन् । पितृसत्तात्मक समाजका पुरुषहरूले यस उपन्यासका नारीहरूलाई वेश्या बन्न विवश बनाएका छन् भने नारीहरूकै कारण समाजका गद्दारीहरूको पतन हुन गएको छ । नारीहरूलाई लत्याएर समाजमा शक्तिसम्पन्न बन्न पुगेको पुरुषसमाज माथि यस उपन्यासका नारीपात्रहरूले औला ठड्याएका छन् र नारीमाथि अन्याय र शोषण हुन नदिन खबरदारी गरेका छन् । समग्रमा यस 'स्वास्नीमान्छे' उपन्यासका नारीपात्रहरू आफ्नो भूमिकामा सफल र वास्तविक बनेका छन् ।

### ३.२.३ 'एकचिहान' उपन्यासमा प्रयुक्त नारी पात्र

### (क) नानीथकुं

नानीथकुं 'एकचिहान' उपन्यासकी प्रमुख नारी पात्र हो । वीस वर्षीया नानीथकुं पहिला अविवाहित र पछि विवाहित नारीको भूमिकामा उपस्थित भएकी छ । ऊ अत्यन्तै सुन्दरी, सोझी र स्वभिमानी पात्र हो । पितृसत्तात्मक समाजका नारीहरूको दुःख-सुख, वेदना, पीडा हाँसो आदि सम्पूर्णता उसमा घनीभूत भएको पाइन्छ । आफ्नो सुन्दरताका कारण छिमेकी गुन्डाहरूको आँखाको तारो बन्न पुगेकी छ नानीथकुं । ऊ पुरुषप्रधान समाजमा नारीमाथि भैंरहेको शोषण, दमन र अन्यायमा पिल्सिएकी र थिचिएकी पात्र हो । पत्नी र छोराछोरीसमेत भएको डा.गोदत्तप्रसाद जस्तो वासनाको प्रतिमूर्तिले उसको यौवनले भरिएको शरीरका लोभमा उसलाई प्रेममा फँसाउछ । पहिलो भेटमै प्रेमाकुल बन्न पुगेको डा.गोदत्तप्रसादको प्रेममा फस्न पुग्छे नानीथकुं । भर्खरै यौवनावस्थामा प्रवेश गरेकी नानीथकुं डा.गोदत्तप्रसादको प्रेममा अन्धभक्त बन्दछे । प्रेम तन्मयतामा प्लावित भएर ऊ भन्छे - "मलाई त घर जान मन लागेन डाक्टरसाहेब, तपाईलाई मैले पाएर पनि आँखाले हटाइरहनु सत्य-सत्य पनि कसरी होला ? तपाईलाई एकछिन पनि नछाडीकन टाँस्सिरहुँ जस्तो लाग्छ" (प्रधान, २०४६:१०६) । नानीथकुंको यौवन प्राप्त गर्न लालायित डा.गोदत्तप्रसाद उसलाई आश्वासन दिँदै भन्छ -"तिम्रो पाद स्पर्श र मन्द मुस्कानको सौभाग्य यस टुहुरो छाप्रोले पाउन सक्यो भने नानीथकुं म कति मात्र भनुँ, यस छाप्रोका इलाका भरको माटो सबै सुन भई यहाँका सबै झारपात र घरमा जताततै उडिरहेको धूलो-कसिंगर आदि सम्पूर्ण अशोभा फूल भएर हाँसिरहेको म पाउनेछु" (प्रधान, २०४६:१०६-१०७) । डा.गोदत्तप्रसादको प्रेममा विश्वास गर्दै ऊ भन्छे - "बडो निगाह गर्नुभयो डाक्टरसाहेब, पारसमणि छुन पाएपछि ढुङ्गाले पनि सुन बन्न पाउँछ भने झैँ तपाईको यही निगाह र यस्तै प्रेमको सौभाग्य मैले पाउन सके भने तपाईले भन्नुभएका

सबैकुरा कमसेकम मेरो जीवनको निम्ति त अवश्य घट्न सक्ने म देख्छु" (प्रधान, २०४६: १०७)। तर उसको प्रेमको यो सौभाग्य छोटो समयमा नै दुर्घटित बन्न पुग्छ । डा.गोदत्तप्रसादको प्रेम आत्मिक प्रेम नभएर मांशल र वासनात्मक रहेको कुरा नानीथकुंले रञ्जनादेवीबाट थाहा पाउँछे । घरमा श्रीमती छँदाछँदै भमरो झैं बनेको पतीत डा.गोदत्तप्रसादले आफूलाई फँसाएको कुरा नानीथकुंले थाहा पाउँछे । डा.गोदत्तप्रसादको स्वार्थी, छलकपटपूर्ण र शारीरिक प्रेममा परेर आफू कु-मार्गमा लागेको कुराको महसुस उसलाई हुन्छ । डा.गोदत्तप्रसादले उसको यौवन लुट्न र नारीत्व गिराउँन खोजेको कुरा बुझिसकेकी नानीथकुं डा.गोदत्तप्रसादबाट टाढा हुन चाहन्छे र भन्छे "म स्वास्नीमान्छेकी कलङ्किनी हुन चाहन्नँ, म मासु बेच्न चाहन्नँ, म यौवन बेच्न चाहन्नँ, जिन्दगी बेच्न चाहन्नँ । मलाई अब आफ्नो नारीत्वको महत्त्व थाहा भएर आयो अब म नारीत्व गिराउँन चाहन्नँ" (प्रधान, २०४६: १९०)। नानीथकुंका यस्ता विचारहरू सुनेपछि डा.गोदत्तप्रसादले उसलाई जबरजस्ती विवाह गर्न खोज्छ । नानीथकुंले विवाह गर्न नमानेपछि बेहोस हुने सुई लगाएर बलात्कार गरी उसलाई गर्भिणी गराउँछ । रञ्जनादेवीका मद्दतबाट गोदत्तप्रसादसँग छुटाएर रामखेलवन राउतसँग उसको विवाह गराइन्छ ।

अर्कोतिर सम्पत्तिका आडमा गाउँकै ठूलो मान्छे बनेको सन्ताउन्न वर्षे सुब्बा सुरमान पैसाका आडमा जवान नानीथकुंलाई स्वास्नी बनाउने सपना पूरा गर्न लागिपर्छ । स्वास्नीमान्छे चाँडो बुढी हुने र लोग्नेमान्छे साठी वर्ष पुग्दासम्म पनि जवान युवतीसँग विवाहको लागि योग्य हुने पुरुष विचारधारा जबरजस्ती लाद्न खोजेको छ सुरमान सुब्बाले । नानीथकुंलाई प्राप्त गर्ने आशामा सुरमान सुब्बा शिवनारांको परिवारलाई ऋण मिनाहा गर्छ भने डा.गोदत्तप्रसाद अष्टनाराँको निःशुल्क उपचार गराउँछ । तर दुवैको उद्देश्य नानीथकुंको शरीर प्राप्त गर्नु नै हो । नारीहरू जहिल्यै पनि पुरुषप्रधान समाजमा वासना र मनोरञ्जनको उपकरण सरह हुने गर्दछन् । मनोरञ्जनका लागि नै नारीहरूको जन्म भएको कारण जहिल्यै पनि पुरुषहरूको वासना तृप्तिका लागि तयार हुनुपर्छ भन्ने विचार डा.गोदत्तप्रसाद र सुरमान सुब्बाको रहेको छ । सम्पत्तिको आडमा जवान युवती हातपार्ने दाउमा सुरमान सुब्बा रहेको छ भने प्रेमको नाटक रचेर नानीथकुं हात पार्ने दाउमा डा.गोदत्तप्रसाद रहेको छ । नारीलाई भोग्याको रूपमा मात्रै हेर्ने डा.गोदत्तप्रसादले नानीथकुंको सतीत्व लुटेको छ । यस प्रकार पितृसत्तात्मक समाजका नारीले भोग्नुपर्ने समग्र पीडाको अभिव्यक्ति नानीथकुंमा पाउन सकिन्छ । नानीथकुंले उपन्यासको मात्रै नभएर पितृसत्तात्मक समाजको चपेटामा परेका नारीहरूकै प्रतिनिधित्व गरेकी छ । प्रेमको आडमा उसले रञ्जनादेवीलाई धोका दिएकी छैन । आफ्नो प्रेमको बलिदान दिएर भए पनि अरूको जीवनमा कति पनि दुःख पर्न नदिने ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । उपन्यासको आरम्भदेखि अन्त्यसम्म उसको प्रत्यक्ष भूमिका उपन्यासमा भएका कारण ऊ उपन्यासकी बद्ध तथा मञ्चीय पात्र हो ।

नानीथकुं सरल ग्रामीण बालिका हो । ऊ परम्परागत अन्धविश्वासमा हुर्केकी युवती हो । यसैले उसको के धारणा छ भने चाहे स्वेच्छाले होस् चाहे अनिच्छाले अथवा चाहे राजीखुसीसँग होस् चाहे बलजफ्तीसँग शारीरिक सम्बन्ध कायम भएपछि कुनै पनि पुरुष नारीको पति बनिसकेको हुन्छ र जीवनभरि दुःख नै दुःख खनिन आउँछ भने पनि त्यसपतिका प्रति इमान्दार हुने नै नारीको

कर्तव्य हुन्छ । यसैले त ऊ डाक्टरको सतीत्वमा रहेर बाँकी जीवन बिताउने सङ्कल्प गर्दछे ( पोखरेल, २०३३: १२६) ।

नानीथकुं समाजकी एक अवोध केटी हो । कुनै सजग व्यक्तिको भरबिना एक्लै यस रहस्यमय दुनियाँमा जोगिएर हिड्न असमर्थ छ ऊ । सौभाग्यवश शिवनारां झैं आत्मीय दाजुको भर पाउँछे र डाक्टरको धोकाबाट नष्ट भैसकेको उसको दुनियाँको पुनरुद्वार हुन्छ । ऊ आफ्नो हराएको बाटो फेला पार्दछे । सङ्क्षेपमा भन्दा नानीथकुं ती लाखौं नेपाली ठिटीहरूको प्रतीत ठहरिन्छे जसको जीवन बैंसको टुनाले गर्दा घोर्ले भएको हुन्छ । जो फुको पाइला चाल्न जान्दैनन् ( पोखरेल २०३३: १२७) ।

यस प्रकार नानीथकुंको भूमिका 'एकचिहान' उपन्यासमा उल्लेख्य रहेको छ । उपन्यासको कथानकलाई उसको भूमिकाले गति दिएको छ । ऊ उपन्यासकी एकमात्र प्रमुख नारीपात्र हो ।

**(ख) रञ्जनादेवी**

रञ्जनादेवी 'एकचिहान' उपन्यासकी नारी पात्र हो । कार्यका आधारमा उसको भूमिका सहायक पात्रका रूपमा रहेको छ । प्रोफेसर निरञ्जनराजकी छोरी रञ्जनादेवी डा.गोदत्तप्रसादकी श्रीमती हो । एस.एल.सी. पास गरेर बनारस विश्वविद्यालयमा आइ.ए. द्वितीय वर्षसम्मको अध्ययन पुरा गरेकी रञ्जनादेवी शिक्षित र बौद्धिक स्तरकी पात्र हो । आफू शिक्षित भएका कारण ऊ परम्पराको विरोध गर्दछे । उसको पति डा.गोदत्तप्रसादको पितृसत्तात्मक सामन्तवादको उसले विरोध गरेकी छ । पुरुषप्रधान समाजले नारीलाई हेर्ने दृष्टिकोण गलत रहेको उसको ठहर छ । नारी पुरुषको दास मात्र होइन भन्ने विचार उसको रहेको छ । घरमा सुन्दर र सन्तानवती पत्नी हुँदाहुँदै पनि परस्त्री ग्रहण गर्ने उसको पतिको अनैतिक कार्यको ऊ विरोध गर्दछे । बीस वर्षीया नेवारी कृषिबाला नानीथकुंको यौवन लुट्न लालायित उसको पतिको व्यवहार र शोषणदेखि ऊ चिन्तित बनेकी छे । पुरुषप्रधान समाजले नारीलाई वासनाका प्रतिमूर्तिका रूपमा हेरी उपभोग गर्दै आएको कुराप्रति ऊ सचेत छे । नानीथकुंलाई बोलाएर उसले नारीत्वको महत्त्व बुझाएकी छे । प्रेमको आडमा नारीले नारीकै लैङ्गिक शत्रु बन्नु हुँदैन भन्ने कुराको ज्ञान नानीथकुंलाई दिएकी छ ।

आफ्नो लोग्ने डा.गोदत्तप्रादको अनैतिक व्यवहारबाट दिक्क भएकी रञ्जनादेवी पुरुषप्रधान समाजको शोषणबाट शोषित नारीहरूको प्रतिनिधि पात्र हो । जुनसुकै काम पनि ऊ बौद्धिकताका आडमा मात्र गर्दछे । उसले बोलेका शब्द-शब्दमा बौद्धिकताको झलक पाइन्छ । उसलाई नारी मूल्य, मान्यता र अस्मितामाथि विश्वास रहेको पाइन्छ । नारीले आफूलाई पुरुषको भोग्याका रूपमा मात्रै प्रस्तुत गर्न नहुने उसको विचार रहेको छ । अर्काको लोग्ने, तीन सन्तानको बाबु डा.गोदत्तप्रसादसँग प्रेममा फस्न पुगेकी नानीथकुंलाई सुमार्गमा हिड्न सिकाउने रञ्जनादेवी उपन्यासमा अनुकूल पात्रका रूपमा रहेकी छ । रञ्जनादेवीको कुरा सुनेरै नानीथकुंले आफू कु-मार्गमा लागेको थाहा पाएकी छ । सामान्य नारीमा जस्तै रञ्जनादेवीमा पनि सौताको डर र पीर रहेको छ । अन्याय र अत्याचारलाई नसहने ऊ आफ्नो अस्मिता रक्षाका लागि श्रीमान्सँग झगडा गर्छे र भन्छे - "अब त ज्यान गए पनि सहन्नँ म तपाईको यस्तो अचाक्ली ? फेरि यस्तै सुने र

देखें भने केही गरे पनि म बाँकी राख्ने छैन” (प्रधान, २०४६ः ११६) । आफ्नो श्रीमान्प्रति पूर्ण समर्पित रञ्जनादेवी मायालु पत्नीका रूपमा रहेकी छ तर श्रीमान् डा.गोदत्तप्रसादको नानीथकुंप्रतिको प्रेमले ऊ मर्माहत बनेकी छे । उसले डा.गोदत्तप्रसादलाई पटक-पटक सम्झाएकी छ । उसका सुझावहरूलाई लत्याउँदै आएको डा.गोदत्तप्रसाद अन्ततः नैतिक रूपमा पतन बन्न पुगेको छ । उसको जीवनमा आँधी ल्याउन खोज्ने नानीथकुं र डा.गोदत्तप्रसादलाई उसले क्षमा गरेकी छ । यसैले रञ्जनादेवी क्षमाशील नारी हो । उसमा ‘रामायण’ जस्तो धर्मग्रन्थ र ‘लैलामज्नु’ जस्तो प्रेमकथाको समेत ज्ञान भएको छ । उपन्यासको झण्डै बीच भागबाट उपस्थित भएकी रञ्जनादेवी आबद्धताका आधारमा बद्ध पात्र हो । रञ्जनादेवी उपन्यासकारको मुख पात्रका रूपमा रहेकी छ । उपन्यासमा नारी चिन्तनसम्बन्धी उपन्यासकारको विचार रञ्जनादेवीका माध्यमबाट व्यक्त भएका छन् । रञ्जनादेवीको उपन्यासमा प्रत्यक्ष सहभागिता भएको हुँदा ऊ उपन्यासकी मञ्चीय पात्र हो । श्रीमान्को एकलौटी प्रेम चाहने र यसका लागि डा.गोदत्तप्रसादको अन्यसँग कुनै सम्बन्ध हुन नदिने ऊ उपन्यासमा स्थिर पात्रका रूपमा रहेकी छ ।

यस प्रकार रञ्जनादेवी सहायक, उपन्यासकारको मुखपात्र, अनुकूल, सुशिक्षित, सुन्दरी र बौद्धिक नारीपात्रका रूपमा ‘एकचिहान’ उपन्यासमा प्रस्तुत भएकी छ । विद्वान् बाबुकी पठित छोरीको नाताले उसको बुद्धि तेज छ । ऊ गोदत्त जस्ता कलुषित चरित्रलाई बिरालोले मुसा खेलाए झैं खेलाउन सक्छे । ऊ कहिल्यै आवेशमा आउने र झोक्किने गर्दिन । सधैं धीर र शान्त छ ऊ । परन्तु उसको यही गुण गोदत्त जस्ता दुष्टका लागि भयंकर हुन पुग्छ र उसका मुखबाट उसले ‘चण्डी’ को संज्ञा पाउँछे । ऊ एक सभ्य र आधुनिक नारी हो (पोखरेल, २०३३:१२९) ।

यस प्रकार रञ्जनादेवीको भूमिका प्रमुख होइन तर उसले प्रमुख नायिकाको जीवनलाई निर्दिष्ट दिशातर्फ मार्गनिर्देश गरेकी छ । उसको भूमिका प्रस्तुत उपन्यासमा महत्त्वपूर्ण रहेको छ ।

**(ग) लतमाया**

लतमाया ‘एकचिहान’ उपन्यासकी सहायक नारीपात्र हो । ऊ अष्टनारांकी श्रीमती र शिवनारां, हर्षनारां, पुननारां र नानीथकुंकी आमा हो । जातीय एकताकी पक्षधर लतमायाले आफू पर्वत जातकी भएर नेवारजातीका अष्टनारांसँग अन्तर्जातीय विवाह गरेकी छ । अशिक्षित, सोझी पात्र लतमाया सामान्य गृहिणी नारीहरूको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र हो । आफ्ना सन्तानका इच्छा विपरीत कुनै पनि कार्य नगर्ने लतमाया ममतामयी आमाका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । कसैको कुभलो नचिताउने सहयोगी भावना भएकी लतमाया उपन्यासकी अनुकूल पात्र हो । अत्यन्तै सरल भएका कारण अर्काका कुरामा चाँडै विश्वास गर्ने उसको बानी रहेको छ । सुरमान सुब्बासँग नानीथकुंको विवाहको कुरा लिएर आएको रामबहादुरको बनावटी कुरामा विश्वास गरी छोरी सुब्बालाई दिने निर्णयमा पुगेकी लतमायाको विचार शिवनारांले परिवर्तन गरेका छन् । कुनै पनि कुरामा आफ्नो एकलौटी अडान लिन नसक्ने ऊ उपन्यासकी निरीह पात्र हो । आफ्ना विचारलाई पटक-पटक परिवर्तन गर्ने लतमाया उपन्यासकी गतिशील पात्र हो । बृद्ध अवस्थामा पुगिसकेकी लतमाया अन्य पात्रका तुलनमा पम्परावादी रहेकी छ । श्रीमान्को जीवनका लागि कमजोर आर्थिक अवस्थाका बाबजुत प्रशस्त पैसा खर्च गर्न पछि नहट्ने लतमाया पवित्र

हिन्दू पतिव्रता नेपाली नारी हो । उपन्यासको प्रारम्भदेखि अभिभावक (आमा) पात्रका रूपमा देखिएको उसको भूमिका उपन्यासको अन्त्यसम्म नै रहेको छ । उपन्यासमा घटित प्रत्येक घटनासँग उसको सहभागिता भएका कारण उपन्यासबाट उसलाई हटाउन नमिल्ने बद्ध पात्र हो । उपन्यासमा उसको प्रत्यक्ष उपस्थिति रहेका कारण ऊ मञ्चीय पात्र हो । उपन्यासको प्रारम्भमा सधवा पात्रका रूपमा रहेकी लतमाया पछि विधवा पात्रका रूपमा रहेकी छ । परिश्रमी नारी लतमाया जहिल्यै आफ्ना सन्तानहरूलाई परिश्रम गर्न प्रेरणा दिइरहने र सुमार्गको बाटो देखाउने मार्गदर्शक बनेकी छ । समग्रमा भन्दा ऊ परिश्रमी, पतिव्रता, अनुकूल, सोझी र सरल स्त्री पात्र हो ।

**(घ) हाकुमाया**

हाकुमाया प्रस्तुत उपन्यासकी सहायक नारी पात्र हो । ऊ अष्टनारां र लतमायाकी जेठी बुहारी, शिवनारांकी श्रीमती र नानीथकुं, हर्षनारां र पुननारांकी भाउजू हो । ऊ परम्पराको विरोध गर्ने आधुनिक सोचाइ भएकी नारी पात्र हो । पतिको सुख दुःखमा सधैं साथ रहने ऊ पतिव्रता हिन्दू नारीहरूको प्रतिनिधि पात्र हो । अन्याय र अत्याचारको विरोध गर्ने हाकुमाया उपन्यासकी अनुकूल चरित्र हो । जस्तै विपत्तिमा पनि मुस्कुराइरहने (प्रधान २०४६: ९४) हाकुमाया अन्य सामान्य नारीहरूभन्दा चेतनशील, प्रगतिशील र निर्भीक पात्रका रूपमा रहेकी छ । रिस नभएकी शान्त प्रकृतिकी हाकुमाया आदर्श बुहारी र मायालु पत्नीका रूपमा रहेकी छ । नानीथकुंसँग सुरमान सुब्बाको विवाहको कुरा नमिलेपछि सुरमान सुब्बाको हुकुममा विदेशी तान फिर्ता लिन आएको रामबहादुरलाई तान नछुन हुकुम दिने र छोए ज्यान खतरामा रहेको देखाउने हाकुमाया साहसी नारी पात्र हो । घरको कमजोर आर्थिक अवस्थाका कारण सधैं परिश्रम गरिरहने हाकुमाया जस्तोसुकै परिस्थितिमा पनि विचलित नहुने पात्र हो । आफ्नो विचारमा अडिग रहने र अरूको बहकाइमा नलाग्ने ऊ उपन्यासकी स्थिर पात्र हो । घरकी जेठी बुहारी भएका नाताले परिवारका हरेक कार्यमा उसले जिम्मेवारी महसुस गरेकी छ । नानीथकुंलाई गुन्डा डा.गोदत्तप्रसादसँग छुटाउने कार्यमा उसले धेरै महत्त्वपूर्ण कार्य गरेकी छ । उपन्यासको आदिदेखि अन्त्यसम्म आफ्नो भूमिका निभाउन प्रस्तुत भएकी हाकुमाया बद्ध पात्रका रूपमा रहेकी छ । उपन्यासमा उसको प्रत्यक्ष उपस्थिति रहेको हुँदा ऊ उपन्यासकी मञ्चीय पात्र हो । परिवारको प्रत्येक समस्या माथि जिम्मेवार रहने हाकुमाया सहनशील तथा ज्ञानी पात्र हो ।

**(ङ) सिन्तली**

सिन्तली 'एकचिहान' उपन्यासकी नारी पात्र हो । कार्यका आधारमा उसको भूमिका गौण पात्रका रूपमा रहेको छ । सकारात्मक चरित्र भएकी सिन्तली उपन्यासकी अनुकूल पात्र हो । अत्यन्तै झिनो भूमिकामा प्रस्तुत भएकी सिन्तली उपन्यासबाट निकाले पनि कथानकमा असर नपर्ने मुक्त पात्र हो । उसका विचारहरू उपन्यासमा प्रत्यक्ष रूपमा प्रस्तुत नभएका र पुननारांकी स्वास्नीका रूपमा नाम मात्र उल्लेख भएकाले ऊ उपन्यासमा नेपथ्य रूपमा रहेकी छ ।

(च) **पुतली**

एकचिहान उपन्यासमा नारीपात्रका रूपमा रहेकी पुतलीको भूमिका कार्यका आधारमा गौण रूपमा रहेको छ । माहिला तामाङकी छोरी पुतलीले हर्षनारांसँग अन्तर्जातीय विवाह गरेकी छे । झिनो भूमिका भए पनि जातीय एकतालाई उसको हर्षनारांसँग भएको विवाहले एक कदम अघि बढाएको छ । सकारात्मक चरित्र भएकी सुन्दर युवती पुतली उपन्यासकी अनुकूल पात्र हो । उपन्यासको अन्त्यतिर झुलुक्क देखिएकी पुतली उपन्यासबाट हटाए पनि कथानकमा खास असर नपर्ने मुक्त पात्र हो । हर्षनारांको गरीब परिवारमा आफूखुसी प्रवेश गरेकी पुतली परिश्रमी, स्वभिमानी र आदर्श पात्र हो ।

(छ) **पुन्चाकी स्वास्नी**

'एकचिहान' उपन्यासमा नारीपात्रका रूपमा रहेकी पुन्चाकी स्वास्नीको कार्यका आधारमा गौण भूमिका रहेको छ । नानीथकुं र डा.गोदत्तप्रसादको चियोचर्चो गरेर गाउँमा प्रेमको हल्ला फिजाउँने कुरौटे पुन्चाकी स्वास्नी प्रवृत्तिगत आधारमा प्रतिकूल पात्र हो । ऊ उपन्यासमा नेपथ्य रूपमा रहेकी छे भने उपन्यासबाट हटाए पनि कथानकमा केही फरक नपर्ने मुक्त पात्र पनि हो । उपन्यासको थोरै भागमा देखिएकी ऊ नकारात्मक चरित्र भएकी गाउँले आइमाई हो ।

(ज) **बाबुचाकी आमा**

कार्यका आधारमा गौण पात्रका रूपमा रहेकी बाबुचाकी आमा नकारात्मक चरित्र भएकी प्रतिकूल नारी पात्र हो । पुन्चाकी स्वास्नीसँग नानीथकुं र डा.गोदत्तप्रसादको कुरा काट्न सहयोग गर्ने ऊ कुरौटे छिमेकी आइमाई हो । नेपथ्य पात्रका रूपमा रहेकी बाबुचाकी आमा उपन्यासकी मुक्त पात्र हो ।

(झ) **बेली**

बेली 'एकचिहान' उपन्यासमा नाम मात्र उल्लेख गरिएकी नेपथ्यीय नारी पात्र हो । यसदेखि बाहेक उसको भूमिका उपन्यासमा कहीँ पनि देखिएको छैन ।

(ञ) **शिवनारांकी ६ वर्षकी छोरी**

यस बालिकाको पनि उपन्यासमा खास भूमिका छैन । उपन्यासमा नेपथ्य पात्रका रूपमा ऊ रहेकी छ ।

(ट) **आगन्तुक आइमाई**

'एकचिहान' उपन्यासमा प्रस्तुत भएकी आगन्तुक आइमाई कार्यका आधारमा गौण पात्रका रूपमा रहेकी छ । ऊ डा.गोदत्तप्रसाद र रञ्जनादेवीको सहयोगी पात्रका रूपमा रहेकी छे । रञ्जनादेवीले नानीथकुंलाई बोलाउन उसलाई पठाएको कुरा थाहा पाएको गोदत्तप्रसादले आगन्तुक आइमाईलाई नानीथकुं हातपार्ने हतियार बनाएको छ । पैसा खाएर गलत कार्य गर्न पुगेकी आगन्तुक आइमाई उपन्यासकी नकारात्मक चरित्र भएकी प्रतिकूल नारीपात्र हो । हैजा र टाइफाइडको इन्जेक्सन हान्ने निहुँमा बेहोसको इन्जेक्सन लाएर गएको डा.गोदत्तप्रसादले एक घण्टापछि नानीथकुंलाई लिन आगन्तुक आइमाई पठाउँछ । आगन्तुक आइमाईले रञ्जनादेवीले लिन पठाएको बनावटी कुरा गरी नानीथकुंलाई गोदत्तप्रसादसँग गुप्त कोठामा पुर्‍याउँछे ।

डा.गोदत्तप्रसादबाट टाढा हुन चाहेकी नानीथकुंको कुमारीत्व त्यस आइमाईले गर्दा लुटिएको छ । उपन्यासमा मञ्चीय रूपमा रहेकी आगन्तुक आइमाई मुक्त पात्र पनि हो । समग्रमा ऊ उपन्यासकी नकरात्मक चरित्र हो ।

(ठ) **पुतलीकी आमा**

पुतलीकी आमा यस उपन्यासकी गौण पात्र हो । उपन्यासको अन्त्यतिर झुलुक्क देखापरेकी पुलतीकी आमा उपन्यासकी अनुकूल पात्र हो । मञ्चीय रूपमा उपस्थित भएकी पुतलीकी आमा उपन्यासमा नभए पनि हुने मुक्त पात्र हो । ऊ पुतलीकी ममतामयी आमाका रूपमा रहेकी छ ।

(ड) **छिमेकी आइमाईहरू**

छिमेकी आइमाईहरू यस उपन्यासका गौण पात्र हुन् । नकारात्मक चरित्र भएका छिमेकी आइमाईहरू प्रवृत्तिका आधारमा प्रतिकूल चरित्र हुन् । झ्याल-झ्यालमा बसेर अर्काको चियोचर्चो गरेर कुरा काट्ने यी आइमाईहरू उपन्यासमा मञ्चीय रूपमा रहे पनि यिनलाई नराख्दा पनि केही फरक नपर्ने मुक्त पात्र हुन् ।

**निष्कर्ष**

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको 'एकचिहान' उपन्यास सामाजिक तथा आर्थिक विषयवस्तुमा आधारित रहेको छ । मूलतः यो नायककेन्द्री उपन्यास हो । शिवनारां यसको नायकको रूपमा रहेको छ । तर सामाजिक गतिविधिलाई पूर्णता दिन यस उपन्यासका नारीपात्रहरूको भूमिका कम महत्त्वपूर्ण छैन । यस उपन्यासमा प्रमुख नारी भूमिकामा नानीथुकं रहेकी छ भने सहायक भूमिकामा रञ्जनादेवी, हाकुमाया र लतमाया रहेका छन् र अन्य नारीपात्रहरू यी पात्रका तुलनामा अलिक ओझेलमा परेका देखिन्छन् तर उनीहरूको कार्यलगनशीलता, परिवारप्रतिको उत्तरदायित्व, जातीय एकताको समर्थन जस्ता कार्यहरू उपन्यासमा महत्त्वपूर्ण रहेका छन् । आफ्नो भूमिकामा यी पात्रहरूले बेग्लाबेग्लै कार्य गरे पनि समग्रमा सम्पूर्ण उपन्यासको सफलताका लागि यस उपन्यासका नारीपात्रहरूको भूमिका उल्लेख्य रहेको छ ।

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका दुई उपन्यास 'स्वास्नीमान्छे' र 'एकचिहान' मध्ये 'स्वास्नीमान्छे' उपन्यास नारी चरित्रका आधारमा सफल रहेको छ । नारीकेन्द्रीयतामा रचना गरिएको र यसै आधारमा शीर्षकीकरणसमेत गरिएको 'स्वास्नीमान्छे' उपन्यासमा नारीचिन्तन प्रमुख बनेको छ र आर्थिक तथा सामाजिक विषयवस्तु गौण रहेको छ । यसै अनुसार यस उपन्यासमा पात्र समायोजन गरिएको हुँदा यसका नारीपात्रहरू सक्रिय रूपले नारी उत्थानमा लागेका छन् । तर 'एकचिहान' उपन्यासमा नारीचिन्तन गौण र आर्थिक समस्या प्रमुख रूपमा आएको छ । यसको अर्थ यो होइन कि 'एकचिहान' मा नारीचिन्तन पाइँदैन । यसका नारीपात्रहरू पनि नारी मूल्य र मान्यताका लागि लडेका छन् र नारीचिन्तनलाई यसले आत्मसात गरेका छ । नारीकेन्द्रीयतालाई महत्त्व दिएर हेर्दा भने 'स्वास्नीमान्छे' का नारीपात्रहरूले बढी क्रान्तिकारी र महत्त्वपूर्ण कार्य गरेका छन् ।

# चौथो परिच्छेद

# उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका नारी पात्रका आधार

## ४.१ प्रगतिवादी आधार

प्रगतिवाद विश्व-साहित्यकै सन्दर्भमा बहुचर्चित साहित्य-सिद्धान्त हो । नेपाली साहित्यका सन्दर्भमा पनि प्रगतिवाद २००७ सालदेखि अनुकरणीय साहित्य-सिद्धान्तका रूपमा स्वीकार्य भएको देखिन्छ । नेपाली साहित्यको इतिहासलाई पल्टाएर हेर्दा २००७ सालपछि प्रगतिवादी साहित्य-लेखनका साथै समयक्रममा विभिन्न आरोह-अवरोहहरूलाई पार गर्दै प्रगतिवाद स्थापित मूल्यका रूपमा देखापरिसकेको अनुभव हुन्छ । प्रगतिवादलाई विश्वका विभिन्न मुलुकमा 'यथार्थवाद', 'मार्क्सवादी', 'समाजवादी यथार्थवाद' आदि विभिन्न रूपमा लिइए तापनि भारतीय नामकरणलाई नै नेपाली लेखक समालोचकहरूले पछ्याई 'प्रगतिवाद' का रूपमा प्रयोग गरेको पाइन्छ (गौतम, २०४९: १) ।

प्रगतिवादी चिन्तनको प्रमुख दर्शन द्वन्द्वात्मक भौतिकवादमा अभिव्यक्त विचार भए पनि यसको मूल स्रोत चाहिँ 'अ कन्ट्रिव्युसन टु द क्रिटिक अफ पोलिटिकल इकोनोमी' भन्ने पुस्तकको प्रस्तावनामा मार्क्सले व्यक्त गरेको सोचलाई मानिन्छ । मार्क्स तथा एङ्गेल्सबाट प्रारम्भ भएको प्रगतिवादी साहित्यसम्बन्धी मान्यतालाई भ्लादिमिर इलिच लेलिन, लियो ट्राटस्की र माओ त्से-तुङले अझै अगाडि बढाएका छन् भने जी.बी. प्लेखानोभ, ए.बी. लुनाचार्स्की, म्याक्सिम गोर्की, क्रिस्टोफर कडबेल, राल्फ फक्स, जर्ज लुकास, ग्रेम्सी, लुइस अल्युसर, टेरी इग्लेटन आदिले त्यसको विस्तार र व्याख्यामा महत्त्वपूर्ण योगदान दिएका छन् । ई.सं. १९१७ को महान् अक्टोबर क्रान्तिमा लेलिनले सफलता हासिल गरेपछि र ई.सं. १९३४ मा मस्कोमा भएको बृहत् साहित्यिक सम्मेलनमा स्तालिन, गोर्की, बुखारिन, जदानोभ आदिले स्वीकृत गरेपछि प्रगतिवादको विशेष चहलपहल थालिएको पाइन्छ (बराल र एटम, २०५८: १५६) ।

प्रगतिवादी धारालाई समाजवादी धाराका रूपमा पनि चिनाइन्छ । यस दर्शनको मूल आधार कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सको द्वन्द्वात्मक भौतिकवाद हो । वस्तु वा पदार्थलाई मूल वा चरम सत्यका रूपमा स्वीकारी बुद्धि, विचार तथा चेतनालाई त्यसैको प्रतिबिम्ब मान्ने तथा जगत्‌लाई परिवर्तनशील भन्दै हरेक वस्तुमा विरोधी तत्त्वको सङ्घर्ष पनि विद्यमान हुन्छ भन्ने कुरामा विश्वास राख्ने यो वाद भौतिक परिस्थितिले नै व्यक्तिको व्यक्तिगत चेतना निर्माण गर्दछ भन्ने कुरामा विश्वास राख्दछ । समाजलाई वर्गीय दृष्टिकोणले हेर्ने हुँदा प्रगतिवादी साहित्य पनि वर्गीय हुन्छ र त्यो शोषित अर्थात् सर्वहारा वर्गको मुक्तिका लागि केन्द्रित हुन्छ । यसमा ह्रासोन्मुख शोषक (वुर्जुवा) वर्गको पराजय र सघर्षशील शोषित वर्गको विजय देखाइन्छ । यही विजयले समाजलाई ऐतिहासिक विकासक्रम अनुसार साम्यावादतिर उन्मुख गराउँछ । प्रगतिवादमा साहित्यको उपयोगिता सामाजिक विकासमा गति दिने हुन्छ र आशावाद यसको धुरी हुन्छ । राजनीतिमा देखिने मार्क्सवाद नै साहित्यमा प्रगतिवाद भएकाले यसले साहित्यको कथ्य र शैली

दुवै ऐतिहासिक, आर्थिक र सामाजिक अवस्था तथा शक्तिहरूले गर्दा प्रभावित हुन्छन् भन्ने कुरामा सधैँ विश्वास गदर्छ (बराल र एटम, २०५८: १५३) ।

प्रगतिवाद मार्क्सवादी जीवन दृष्टिबाट निर्देशित भएको र द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको साहित्यिक ओरापणका रूपमा चिनिएको साहित्य सिद्धान्त हो । यो आदर्शवादको विरोधी साहित्य-सिद्धान्त हो (गौतम, २०४९: ८) । यसले आदर्शको आडमा सामाजिक अन्याय गर्दैन जसले संघर्षका आधारमा नै विकास सम्भव छ भन्छ र जसले मार्क्सद्वारा प्रतिपादित सिद्धान्त द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद र सर्वहारावर्गको एकाधिपत्यलाई साम्यवादको प्रथम सोपान स्वीकार्छ । त्यही नै प्रगतिवाद हो (जोशी, २०५७: ६३) । अन्यायका विरुद्ध लडेर सामाजिक क्रान्ति गर्नु प्रगतिवादको विशेषता हो ।

नेपाली उपन्यास-परम्परामा हृदयचन्द्रसिंह प्रधान नौलो प्रगतिवादी सामाजिक प्रणाली र जनवादी भावनामा विश्वास राख्ने र कसैको फोस्रो प्रशंसामा नझुकी निजी सैद्धान्तिक धारणाप्रति आस्थावान रहेर लेखकीय स्वभिमान जोगाउन सक्ने उपन्यासकार हुन् । उनी आफ्नो उपन्यासकलाका माध्यमबाट सामाजिक परिवर्तनका निम्ति अति आवश्यक ठहरिने प्रगतिवादी विचारधारालाई जनसमक्ष प्रस्तुत गर्न कत्ति हिचकिचाउँदैनन् । 'स्वास्नीमान्छे' झैँ 'एकचिहान' पनि हृदयचन्द्रका जीवनदृष्टि, प्रगतिवादी धारणा र नवीनतम मूल्य मान्यताहरू कै प्रखर अभिव्यक्ति हो । हृदयचन्द्रसिंह प्रधान नेपाली उपन्यास परम्परामा एक सशक्त क्रान्तिकारी वा विद्रोही उपन्यासकार हुन् । 'एकचिहान' उपन्यासमा उनले तात्कालीन सामाजिक व्यवस्थाप्रति विद्रोह व्यक्त गरेका छन् (पौड्याल, २०४१: ७-८) ।

हृदयचन्द्रसिंह प्रधानका दुई उपन्यासहरू मध्ये 'एकचिहान' प्रगतिवादी विचारधाराले ओतप्रोत भएको पाइन्छ । राजेन्द्र सुवदीले 'एकचिहान' उपन्यासलाई समाजवादी यथार्थवादको सचेत प्रयत्नका रूपमा विश्लेषण गरेको पाइन्छ (सुवेदी, २०६४: ४३६) । परम्परागत सामाजिक संस्कार, धार्मिक अन्धविश्वास, पौरोहित्यवाद, आर्थिक शोषण, जातीय साम्प्रदायिकतावाद, दोषपूर्ण वैवाहिक परम्परा, नारीपिपासु गोदत्तप्रसाद, रामबहादुर र तल्सिङ सुरमानका विरुद्ध गरिएका आक्रोशपूर्ण कार्य र यसका विरुद्ध गरिएका क्रान्तिले यस उपन्यासलाई प्रगतिवादी उपन्यासका रूपमा स्थापित गरेको छ । उनको पहिलो उपन्यास 'स्वास्नीमान्छे' आलोचनात्मक यथार्थवादबाट समाजवादी यथार्थवादतर्फ उन्मुख भएको उपन्यासका रूपमा लिन सकिन्छ । यो आलोचनात्मक यथार्थवादी उपन्यास हो जुन प्रगतिशीलताको नजिक रहेको छ तर यसमा भएका कतिपय विद्रोहात्मक घटनाहरूले प्रगतिवादतर्फ सङ्केत गरेका छन् । उनका उपन्यासमा प्रगतिवादी स्वरहरू पात्रका माध्यमबाट प्रस्तुत गरिएका छन् र पुरुष पात्रका तुलनामा नारी पात्रहरू बढी साङ्गठानिक रूपले प्रस्तुत भएका छन् ।

'स्वास्नीमान्छे' उपन्यासमा यस उपन्यासका नारीपत्रहरू मैयाँनानी, वासन्ती र लीलादेवीका कार्यहरू यो उपन्यासका महत्त्वपूर्ण कार्यहरू हुन् । समाजको आधा भागको प्रतिनिधित्व गर्ने नारीहरू माथि मिश्रीले जुन शोषण गरी त्यसका विरुद्ध मैयाँनानी, लीलादेवी र वासन्तीले क्रान्ति गरेका छन् । वेश्याको सिकार हुनबाट नारीहरूलाई जोगाउन वासन्ती र

लीलादेवी सी.आइ.डी. का रूपमा काम गर्छन् । राताराात मिश्रीको कोठीबाट केटी भगाउने काम लीलादेवीले गरिरहेकी छे । सुरप्रसाद र अञ्जनाकुमारीको हत्या गरेर राजनीतिको फोस्रो आडम्बरको अन्त्य गरेकी छ वासन्तीले । नारीहरूको जीवनस्तर कहिल्यै उठ्न नदिने र नारीलाई दासीका रूपमा हेर्ने प्रमोदजस्ता नारीपिपासुको हत्या गरी मैयाँनानीले समाजमा नयाँ क्रान्ति गरेकी छ । मोतीमायाको मोहनबहादुरसँग जोडिएको दोस्रो वैवाहिक सम्बन्धले नारीहरू पतिले जति शोषण गरे पनि खान नदिए पनि र यातनापूर्ण अवस्थामा राखे पनि उनीहरूकै सतीत्वमा रहनुपर्छ भन्ने मान्यताका विरुद्ध क्रान्ति गरेको छ । त्यसैगरी 'एकचिहान' उपन्यासमा रञ्जनादेवीले गरेको डा.गोदत्तप्रसादको नारी शोषणप्रतिको भर्त्सना, नानीथकुंको अन्तर्जातीय विवाह, हाकुमायाको रामबहादुर जस्ता शोषक, सामन्तीहरूको विरोधले प्रगतिवादको परिचय दिएको छ । लतमायाको जातीय एकताको समर्थनले समाजमा जातीय साम्प्रदायिकतावादको विरोध गर्दछ यस्तै हाकुमाया, सिन्तली, पुतली आदि पात्रहरूको कार्य लगनशीलताले सर्वहारा किसान वर्गमाथि आत्मनिर्भर बन्न प्ररेणा प्रदान गरेको छ ।

यस प्रकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा प्रयुक्त नारीपात्रहरू प्रगतिवादी विचारधारामा आबद्ध रहेका छन् । उनीहरूको कार्यले समाज व्यवस्थामा नौलो आयाम थपेको छ । नारीकेन्द्रीयतामा रचिएका प्रधानका उपन्यासहरूमा नारीहरूमाथि सहानुभूति राखिएको पाइन्छ ।

## ४.२ आलोचनात्मक यथार्थवादी आधार

नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी धाराको महत्त्वपूर्ण स्थान रहेको छ । सामाजिक यथार्थवाद अर्थात् आदर्शोन्मुख यथार्थवादपछिको लेखनप्रवृत्ति भनेको आलोचनात्मक यथार्थवादी प्रवृत्ति हो । समाजको उन्नतोन्मुखी कार्यहरूको अभीप्सा मानवहिततर्फ उन्मुख भएको देखिन्छ र शोषण, दमन र उत्पीडनप्रतिको कुट विद्वेष देखिन्छ भने त्यो यथास्थितिप्रतिको आलोचना हो र त्यही चिन्तनप्रणाली आलोचनात्मक यथार्थवाद हो । त्यस आलोचना भित्र समाजको हितविरुद्ध जुट्ने खुराफातीहरूको विरोध र समाजका हितको पक्षमा जुट्ने सहायक तत्त्वको अन्तर नियालिएको हुन्छ । समाजको सुन्दर रूप आँकलन गरिएको हुन्छ । समाजका दूषित र अहितकर तत्त्वहरूको, अन्धविश्वास, रुढिहरूको र समाजलाई दुर्गन्धित बनाउने कुप्रथाहरूको कटु आलोचना गरिएको हुन्छ (सुवेदी, २०६४: १८३) । आलोचनात्मक यथार्थवाद प्रगतिशील साहित्यको नामबाट पनि चिनिने गर्दछ । यो समाजोन्मुखी साहित्य हो । समाजका विसङ्गत समस्याहरूको सामाधान गर्न तत्काल असमर्थ भए पनि त्यसको निराकरण गर्नुपर्ने कुरा आलोचनात्मक यथार्थवादमा रहेको पाइन्छ । समाजका विकृत स्थिति र तिनले जन्माउन सक्ने खतराहरूको विरोध यस धाराअन्तर्गत् गरिएको पाइन्छ । समाजमा देखिएका कुरीति, शोषण र अन्य विसङ्गत तत्त्वहरूलाई औंल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नुपर्ने आकाङ्क्षा राख्ने (बराल र एटम, २०५८: ११७) आलोचनात्मक यथार्थवाद समाजोन्मुख हुने गर्दछ । समाजमा रहेका अन्धविश्वास र जड मान्यतालाई उखेलेर नयाँ मान्यता स्थापना गर्ने लक्ष्य आलोचनात्मक यथार्थवादमा रहेको हुन्छ ।

सामाजिक हितको सधै समर्थन गर्ने, आलोचनात्मक यथार्थवाद कुरीति, अन्धविश्वास, भ्रम तथा सडेगलेका परम्पराहरूको खुलेर निन्दा गर्दछ । आलोचनात्मक यथार्थवादमा वस्तुगत यथार्थलाई इमान्दारीपूर्वक चित्रण गर्ने, एवं जनसामान्यप्रति संवेदशील हुने जस्ता प्रवृत्ति निहीत रहेका हुन्छन् । आलोचनात्मक यथार्थवादले प्रगतिवादलाई स्वीकार गर्दछ । यो क्रान्तिकारी विचारधारा हो ।

नेपाली उपन्यास साहित्यमा आलोचनात्मक यथार्थवादको ठोस रूपमा प्रारम्भ उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नीमान्छे' (२०११) उपन्यासबाट भएको हो । सामाजिक दायित्वप्रति अत्यन्त सचेत रही अन्धविश्वास, शोषण, परम्परागत कुरीतिप्रति कठोर प्रहार गर्ने प्रधान आफ्ना उपन्यासमार्फत् परिवर्तनको अह्वान गर्दछन् । उनको दृष्टि प्रगतिशील समाजको स्थापना र उन्नतिमा रहेको पाइन्छ (बराल र एटम, २०५८:११९) । उनका दुई उपन्यास 'एकचिहान' (२०१७) र 'स्वास्नीमान्छे' (२०११) शोषण, दमन, अन्याय, अत्याचार र भेदभावका विरुद्धमा प्रस्तुत भएका छन् । स्वास्नीमान्छे उपन्यास पुरुषले नारीमाथि गर्ने शोषण र भोगवादी प्रवृत्तिका विरुद्ध सङ्घर्षका लागि एकजुट बन्न प्रोत्साहन प्रदान गर्दछ । यसमा पितृसत्तात्मक समाजका प्रतिनिधि पात्र प्रमोद र मोहनबहादुरको छद्म क्रियाकलापलाई उदाङ्गो पारेर नारी उपर गरिने शोषणको अन्त्य गर्ने पहलका लागि क्रान्तिकारी आवाज उठाइएको छ । नारीलाई मनोरञ्जनको साधनका रूपमा लिने परम्परागत पुरुष धारणाको विरोध गरिएको छ । अनेकौं यातना दिएर, विभिन्न लाञ्छना लगाएर र सौताको भारी बोकाएर समान्य जीवन यापनका लागि वेश्या बन्न बाध्य बनाउने पुरुषसमाज उपन्यासकारका दृष्टिमा आलोच्य बनेको छ । यसमा नारी र पुरुषका बीचका असमानता, राजनीतिक स्वाङ र समाजसेवाका नाममा रचिएका नाटकका बीचमा रहेका असमानता जस्ता विकृतिका आडमा फैलिएका रोगाणु (सुवेदी, २०६४:१९२) हरूको अन्त्यको चाहना गरिएको छ । प्रमोद, सुरप्रसाद र मोहनबहादुर पितृसत्तात्मक हैकमवाद जबरजस्ती नारीहरूमाथि लाद्न चाहन्छन् । प्रमोद र सुरप्रसादको हत्याले शोषक र सामन्तीको हत्याको सङ्केत गर्दछ । असल राजनीतिको स्वाङ गर्ने अञ्जनाकुमरी केटीहरूलाई ललाई-फकाई देश कटाउँछे भने सहारा दिने वाहानामा मिश्री वेश्यालय पुऱ्याउँछे । उनीहरूको यस कार्यले नारीहरूको पतनका लागि समाजमा नारीहरू नै बाधक बन्ने कुरा देखाएको छ । यस उपन्यासले कसैको सहानुभूतिमा होइन स्वयं आफैमा आत्मनिर्भर बन्न प्रेरणा प्रदान गरेको छ ।

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको 'एकचिहान' उपन्यासले आर्थिक शोषणको चरम रूप प्रस्तुत गरेको छ । समाजका निम्नवर्गहरू रातदिन पसिना बगाएर पनि आधा पेट खाएर जीवन गुजारा गरिरहेका छन् भने तिनै गरीबहरूको रगत पसिनामा डुबेर भोग विलासमा मस्त रहेका छन् समाजका उच्चवर्गहरू समाजका यही असमान वर्गहरूबीचको अन्तर्द्वन्द्वको उद्घाटन यस उपन्यासले गरेको छ । मिश्रीले चलाएको नारी व्यापार समाजका लागि आलोच्य बनेको छ । मोतीमायाकी सौताका रूपमा रहेकी कमलाको मोतीमायाप्रतिको व्यवहार समाजका लागि असह्य भएको छ । यस्ता व्यवहारमा परिवर्तन ल्याउन उपन्यासकारले आग्रह गरेका छन् । अञ्जनाकुमारीको राजनीतिका नाममा गरिएका कुकृत्यहरू आलोचनाको विषय बनेको छ ।

नानीथकुं र डा.गोदत्तप्रसादको प्रेम समाजका लागि स्वीकार्य छैन । डा. गोदत्तप्रसाद जस्ता नौटङ्कीसँग नानीथकुंको प्रेम आलोचित अवस्थामा रहेको छ भने मधिसे युवकसँगको उसको विवाह समाजका लागि उदाहरणीय रहेको छ । लतमायाका परम्परागत धारणाहरू जस्तैः मृत्यु संस्कारमा गरिने दान दक्षिणा, विवाहमा गरिने भोज भतेर, दाईजोहरू पनि प्रगतिवादी उपन्यासकार प्रधानका दृष्टिमा आलोच्य बनेका छन् ।

यस प्रकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरू आलोचनात्मक यथार्थवादका दृष्टिले सफल बनेका छन् । प्रगतिशीलताको नजिक रहेका कारण आलोचनात्मक यथार्थवादमा सामाजिक सुधारका लागि समाजका विकृतिहरूप्रति विद्रोह गरिएको पाइन्छ । त्यस्तै उनका उपन्यासहरूमा पनि पम्परागत संस्कारजन्य कुराहरूको विरोध गरिएको छ र त्यसका स्थानमा नवीन धारणाहरूको प्रवेश गराउने इच्छा व्यक्त गरिएको छ ।

### ४.३ समाजशास्त्रीय आधार

उपन्यासको समाजशास्त्रीय चिन्तन साहित्यको समाजशास्त्रीय चिन्तनकै विधागत रूप हो । साहित्यको समाजशास्त्रको मूल आधार अगस्त कोम्तेको समाजशास्त्रीय चिन्तन हो । समाजशास्त्रका मूल प्रवर्तक कोम्ते भए पनि साहित्यको समाजशास्त्रलाई सैद्धान्तिक आधार दिने काम हिपोली तेनले गरेका हुन् । उनले साहित्य र कलाको उद्भव र विकासमा प्रजाति, युग, परिवेशलाई बढी जोड दिएर साहित्यिक सिद्धान्तको एउटा सुसङ्गत रूपरेखा प्रस्तुत गरे । उनको 'कलाको दर्शन' नामक ग्रन्थ साहित्यको समाजशास्त्रको सैद्धान्तिक प्रस्थापनाको आधारशिला हो । प्रत्यक्षवादमा आधारित उनको सिद्धान्तले साहित्यलाई सामाजिक दस्तावेज मान्दछ (बराल, २०६३: ६५) । साहित्यमा अंकित सामाजिक विषयलाई समाजशास्त्रीय आलोचनाले छर्लङ्ग्याएर देखाउँछ । साहित्य एक प्रकारको समाजशास्त्र हो । समाजका अनेक रूप, अनेक पक्ष, अनेक प्रश्न, अनेक विषय साहित्यमा आएका हुन्छन् । तिनीहरूमध्ये कुनै एकको वा अनेकको युक्तिसङ्गत अध्ययन समाजशास्त्रीय आलोचनामा हुन्छ । समग्र मानवजाति र उसको कर्म नै समाजभित्र पर्ने हुनाले मान्छेका कुनैपनि प्रश्न समाज बाहिर जाँदैनन् । मान्छेकै विषय र कार्यको अध्ययन गर्ने भए पनि समाजशास्त्रले एक्लो व्यक्तिको स्वतन्त्र अध्ययन गर्दैन । समाज भन्नासाथ एकाधिक व्यक्ति, उनीहरूको समस्या र क्रियाप्रतिक्रियाहरू आउँछन् । समाजशास्त्रमा व्यक्तिको अध्ययन त हुन्छ तर केवल समाजको एउटा अङ्गका रूपमा मात्र । जसरी पहिलाको समाजको अध्ययनमा साहित्यले समाजशास्त्रलाई मद्दत गर्छ त्यसैगरी साहित्यमा अङ्कित समाजको अध्ययनमा समाजशास्त्रले आलोचकलाई मद्दत गर्छ । समाजशास्त्रमा प्रतिपादित खास सामाजिक अवधारणा वा सामाजिक दर्शनको आड लिएर जब साहित्यिक समीक्षा प्रस्तुत हुन्छ तब त्यो आलोचना समाजशास्त्रीय हुन्छ (गौतम, २०५७:३२-३३) । समाजमा व्यक्ति र समाजको प्रत्यक्ष सम्बन्ध वा कार्यव्यापारलाई समीक्षा गर्ने काम साहित्यको समाजशास्त्रले गर्दछ ।

उपन्यासको समाजशास्त्रीय चिन्तनमा समाज, सामाजिकि संरचना, मानसिक संरचनाको स्थिति र जनमानसको सजावटले प्रमुख स्थान पाउँछन् । साहित्यको समाजशास्त्रअनुसार उपन्यास सामाजिक दस्तावेज, सामाजिक साक्ष्य र सामाजिक जीवनको प्रत्यक्षात्मक यथार्थ हो ।

समाजशास्त्र अनिवार्य रूपमा समाज र सामाजिक मान्छे, सामाजिक संस्थाहरूको अध्ययनको दस्तावेज हो । यसले समाजमा कस्ता-कस्ता धर्म, जातपात, लिङ्ग, वर्ण र प्रकृतिका मान्छेहरू बस्छन् र उनीहरूको सामूहिक स्वरूप कस्तो छ भन्ने कुराको अध्ययन गर्दछ (बराल, २०६३:६६) । समाज र व्यक्तिलाई अभिन्न अङ्ग मान्दै साहित्यको समाजशास्त्रले यी दुवैको एकसाथ अध्ययन गर्दछ ।

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका 'एकचिहान' र 'स्वास्नीमान्छे' उपन्यासमा प्रयुक्त विषयवस्तु सामाजिक नै रहेको छ । यी उपन्यासहरूमा वर्तमान सामाजिक अवस्था र यस अवस्थामा बाँचिरहेका दीनहीन नेपालीहरूको चर्चा गरिएको छ । आदिम साम्यवादी युगबाट शुरू भएको मानवजसमाज दासयुग, समान्तवादी युग हुँदै पुँजीवादमा आइपुग्दा दास र मालिक शोषकवर्ग र श्रमका आधारमा कार्य विभाजन भई तल्लो वर्ग र माथिल्लो वर्ग गरी समाज अहिले आएर दुई भागमा विभाजन भएको छ । माथिल्लो वर्गकाले निम्नवर्गकाहरू माथि गर्ने शोषण, दमन र उत्पीडनको चरम रूप हृदयचन्द्रसिंह प्रधानको 'एकचिहान' उपन्यासमा पाइन्छ । डा.गोदत्तप्रसाद, तल्सिङ, सुरमान र रामबहादुर जस्ता ठालुहरू जहिल्यै पनि शिवनारांहरू जस्ता साना व्यक्तिहरूले ठूलाको सेवक बनेर नै जीवन बिताउनु पर्छ भन्ने सामान्तवादी विचार लिन्छन् । उता शिवनारांहरू आफ्नो अस्तित्वका लागि शोषक, सामन्तीहरूको अन्त्य गराउन चाहन्छन् । उनीहरू सम्पति र जातका आधारमा समाज कसैको एकलौटी राज्य हुन सक्दैन भन्ने प्रगतिवादी विचार व्यक्त गर्दछन् । नेवार जातका शिवनारांहरू आर्थिक रूपले अत्यन्तै निम्न स्तरका रहेका छन् । किसानहरूको समस्या नै 'एकचिहान' उपन्यासको मुख्य समस्या हो । किसानहरूमाथि सबैको सहानुभूति भए मात्र समाज सुखी र सम्पन्न बन्ने कुरातर्फ यस उपन्यासले सङ्केत गरेको छ । नानीथकुं यस उपन्यासकी प्रमुख नायिका हो र उसले समाजमा जातीय एकता स्थापनाका लागि आफू मधिसे जातको केटासँग विवाह गर्दछे । हाकुमायाको विचार यस उपन्यासमा प्रगतिशीलतातर्फ ढल्किएको छ । समाजमा आफ्नो स्थान अरू सरह पार्ने उद्देश्यले ऊ सधैं कर्मशील बन्दछे । सुरमान तल्सिङ्को हैकमवाद समाजमा नामेट पारे मात्र समाज हाँस्छ भन्ने उसको विचार छ । नारीहरूमाथि पुरुषप्रधान समाजले अन्याय, अत्याचार गरेको कुराप्रति रञ्जनादेवी सचेत रहेकी छ । उसले नेपाली समाजमा नारीहरूको पनि पुरुषसरह बाँच्ने अधिकार प्राप्तिका लागि आवाज उठाएकी छ । भोगवादी प्रवृत्तिको अन्त्य भएमात्र शान्तिपूर्ण समाजको स्थापना हुन्छ भन्ने रञ्जनादेवीको विचार रहेको छ । माइला तामाङ्की छोरी पुतली जातीय एकाताकी पक्षधर रहेकी छ । त्यसैगरी लतमाया पनि जातीय एकताका पक्षमा उभिएकी छ । त्यसैगरी प्रधानको 'स्वास्नीमान्छे' उपन्यास पनि सामाजिक विषयवस्तुमै आधारित रहेको छ । यस उपन्यासका नारीपात्रहरू सामाजिक रूपले पीडित रहेका छन् । पितृसत्तात्मक समाजका नारीहरू सधैं पुरुषद्वारा दवाइएका छन् र समाजको आधा संसार ओगट्ने नारीहरूमाथि न्याय नभएसम्म नेपाली समाजको उन्नति सम्भव नहुने कुरा यस उपन्यासमा व्यक्त गरिएको छ । समाज हँसाउनका लागि समाजका रोगाणुहरूको अन्त्य गराउँन मैयाँनानी र वासन्ती सधैं सक्रिय रहेका छन् । लीलादेवी नारीहरूको अवस्था विग्रन नदिन र समाजमा उनीहरूको आफ्नो अस्तित्त्व

जोगाउन सी.आइ.डी. का रूपमा कार्यरत रहेकी छ । कमलाको हत्याले नेपाली समाजका नारीहरूको वर्गशत्रुको अन्त्य तर्फ सङ्केत गरेको छ ।

उपन्यासकार प्रधानका दुवै उपन्यासले सामाजिक एकीकरणको उद्देश्य लिएका छन् । व्यक्ति-व्यक्तिमा भएको मनमुटाव, खुट्टा तानातान र भोगवादी प्रवृत्तिले नै आजको समाज धरासायी बनेको छ । पुरुषहरूको आफ्नो मनपरी तन्त्रले नारीसमाज दयनीय बन्दै गएको कुरा यी उपन्यासको अध्ययनबाट थाहा पाइन्छ । डा.गोदत्तप्रसाद जस्ता व्यभिचारी पुरुषले नारीहरूलाई जति नै भोगविलासका साधन ठाने पनि रञ्जनादेवी जस्ता विवेकी नारीले नारीत्वको रक्षा गरेकी छ र समाजलाई एक कदम अगाडि बढाएकी छे । हुनसक्छ, डा.गोदत्तप्रसाद, सुरमान, प्रमोद र मोहनबहादुर जस्ता निर्लज्ज व्याधाहरूले नारी जगतमा आगो सल्काउन पुगुन् तर रञ्जनादेवी, वासन्ती, मैयाँनानी, लीलादेवी जस्ता नारीहरू त्यसका विरुद्धमा उठिरहनेछन्, जागिरहने छन् र समाज विकासका लागि अनेकौं खतराहरूका बाबजुत क्रान्ति गरिरहने छन् ।

प्रधानका उपन्यासहरूको प्रमुख लक्ष्य भनेको समाज सुधार हो । उनले समाजका दुईवर्गहरू पुरुष र नारी, उच्चवर्ग र निम्नवर्ग बीचको उत्पीडन देखाएर वर्तमान समाजको सामाजिक अवस्थाको जानकारी दिएका छन् । समाज निर्माणका लागि विलासी उच्चवर्ग भन्दा गरीब किसानहरूकै प्रत्यक्ष हात रहेको ठान्दै उनको समर्थन समाजका तल्ला वर्गहरूमा रहेको छ ।

## ४.४ राजनीतिक आधार

समसामयिक राजनीतिक अवस्थालाई पाठक सामु ल्याउने उद्देश्यले उभ्याइएका चरित्रहरूको आधार राजनीतिक हुन्छ । यसमा कुनै न कुनै तरिकाले राजनीतिक विकृतिलाई औंल्याउने उद्देश्य राखिएको हुन्छ । उपन्यासकार हृदयचन्द्रसिंहका उपन्यासहरू मूलरूपमा सामाजिक रहेका छन् । सामाजिक विषयवस्तु भएका कारण यिनीहरूमा राजनीतिक विषय गौणरूपमा रहेको पाइन्छ । गौण विषयवस्तु भए पनि 'स्वास्नीमान्छे' उपन्यासमा चित्रित अञ्जनाकुमारी र सुरप्रसादको चरित्रको आधार राजनीतिक आधार हो । अञ्जनाकुमारी पथभ्रष्ट महिला नेत्रीका रूपमा चित्रित भएकी छ भने सुरप्रसाद पथभ्रष्ट, दलाली नेताका रूपमा रहेको छ । यी दुई चरित्रका माध्यमबाट नेपालको तात्कालीन राजनीतिक विसङ्गतिको उद्घाटन गरिएको छ । जनताको हितका लागि सधै लड्ने बाचा गरेर सत्तामा पुगेका नेताहरू आफ्नो झोला भर्नमा नै मस्त रहेका छन् । आदिकालदेखि नै पितृसत्ताले महिलालाई पछि पारेको छ । उनीहरू पुरुषका दाँजोमा कहिल्यै पुग्न सकेका छैनन् । यस अवस्थामा गुज्रिरहेको नेपालका नारीहरूको स्थितिमा अहिलेको राजनीतिले कुनै सुधार गर्न सकेको छैन । उनीहरूलाई कुनै अवसर प्रदान गर्नु त परै जाओस् बरु फकाइ फुल्याई देश कटाएर वेश्या बन्न बाध्य गराइरहेको छ आजको राजनीतिले । महिला नेतृका रूपमा सत्तामा पुगेर पनि केही गर्न नसक्ने अञ्जनाकुमारी आफ्नो आयआर्जनको स्रोत अनैतिक सम्बन्ध र केटी बेचखिनलाई बनाउँछे । महिलाको स्थितिमा झन आगो सल्काउने अञ्जनाकुमारी नेपाली महिलाहरूको लैङ्गिक शत्रु हो । मोतीमायाकी सौताका रूपमा रहेकी कमलाले महिलाहरूको स्थितिमा सुधार नआएसम्म नेपाली राष्ट्रियता सफल बन्न नसक्ने कुरालाई बुझ्न सकेकी छैन । मिश्रीले त झन् नेपालको राष्ट्रियतालाई खलबल्याउने काम गरेकी छे ।

लीलादेवी, मैयाँनानी र वासन्तीको समाज सुधारात्मक कार्यले नेपाली राष्ट्रियतालाई उठाउने काम गरेको छ । देशको रोगाणु र धोकेवाज प्रवृत्ति भएका सुरप्रसाद र अञ्जनाकुमारीलाई वासन्तीले हत्या गर्छे र यसको कारण देखाउँन ऊ भन्छे -"मैले यिनीहरूलाई कुनै वा विशेष नाफाको निम्ति मारिरहेकी छैन । यिनीहरूलाई मार्दा मेरो स्वार्थको निम्ति ड्यागै पर्छ किनभने मलाई थाहा छ, यिनीहरूलाई मारेको बदलामा म पनि मारिनसक्छु । आफू मारिने देखेर पनि देश कल्याण, देश-गौरवको निम्ति यिनीहरूलाई आज मैले मार्ने काम गरिरहेकी छु । यिनीहरूमा जुन बिस्फोट र बिकार निस्केर देश विस्फोट र विकृत हुन लागिरहेको छ, त्यसैको रक्षाको निम्ति मैले विकार र विस्फोटको मूल यिनीहरूको प्राण निभाएर आफू बलिदान हुन आएकी हुँ" (प्रधान, २०५८: ११३:११४) । वासन्तीले आफ्नो जीवन मेटाएर देशको गौरव बचाएकी छे । देशको अस्तित्त्व र गौरवलाई बेच्ने गद्दारीको हत्या गरेको वासन्तीले पुष्टि गरेकी छ । त्यसैगरी मैयाँनानीले प्रमोदको हत्या गर्दछे र भन्छे -"मानिस मार्ने, समाज मार्ने र देश मार्ने यस्ता हत्यारालाई म बाँकी राखेर हेरिरहन सक्तिनँ" (प्रधान, २०५८:१४०) । मैयाँनानीको यस कार्यले पनि राष्ट्रिय स्वाभिमान, राष्ट्रिय गौरव र जनताको प्राकृतिक अधिकार प्रदान गरेको छ ।

उपन्यासकार प्रधानको 'एकचिहान' उपन्यास पनि विशुद्ध रूपमा सामाजिक उपन्यास हो । यस उपन्यासमा सामाजिक समस्याहरू नै प्रस्तुत भएका छन् । परिणामस्वरूप यसमा राजनीतिक प्रसङ्ग गौण रूपमा रहेको छ । यसमा राजनीतिक संवादहरूको उपस्थिति छैन तर यसमा आएका समाजसुधारात्मक कार्यहरू राष्ट्रिय हितका लागि उपयोगी रहेका छन् । उपन्यासकार हृदयचन्द्रसिंह प्रधानले 'एकचिहान' उपन्यासमार्फत् गरीबहरूको आर्थिक अवस्थामा सुधार ल्याउन खोजेका छन् । भूमिहीन जनताले अर्काकै खेत जोतेर भए पनि आफू सम्पन्न बन्नुपर्छ । नेपालको आधा भन्दा बढी क्षेत्र ओगटेका किसानहरूको जीवनस्तरमा सुधार नआएसम्म देशको सर्वाङ्गिण विकास हुन नसक्ने करा उपन्यासले प्रष्ट पारेको छ । राष्ट्रिय विकासका लागि सबैभन्दा पहिले परिवार मजबुत हुनुपर्छ, त्यसपछि समाज अनि मात्रै देश मजबुत हुने गर्दछ । यस उपन्यासले जातीय एकीकरणमा आवाज उठाएको छ । पर्वते जातकी लतमायाले नेवार अष्टनारांसँग विवाह गरी जातीय एकताको समर्थन गरेकी छे । नानीथकुंले तराईको मधिसे जातको युवक रामखेलावनसँग विवाह गरी जातका आधारमा सबै व्यक्ति समान हुन् भन्ने कुराको पुष्टि गरेकी छे। माइला तामाङकी छोरी पुतली नेवारजातको हर्षनारांसँग वैवाहिक सम्बन्ध जोड्दछे । पुरुषहरूले नारीहरूमाथि गर्दै आएका शोषण, दमन र उत्पीडनका विरुद्ध सधै आवाज उठाउने काम रञ्जनादेवीले गरेकी छे । समाजको आधा भागको प्रतिनिधित्व नारीका हातमा छ । नारीजातिउपर अन्याय हुनु भनेको समाजको आधा भागउपर अन्याय गर्नु हो । यसको प्रत्यक्ष असर देशविकासमा पर्ने गर्दछ भन्ने कुरा रञ्जनादेवीले बुझ्केकी छ । नारीहरूलाई भोगविलासको साधन मात्र मान्नु हुन्न भन्ने विचार उसको रहेको छ । रञ्जनादेवीको आदर्शविचार, लतमाया, नानीथकुं र पुतलीको जातीय एकताका लागि प्रस्तुत भएको आवाज र हाकुमायाको परिश्रमी व्यवहार राष्ट्रिय विकासका लागि कच्चा पदार्थ सावित भएका छन् ।

‘स्वास्नीमान्छे’ उपन्यासले राजनीतिक प्रसङ्गहरूलाई प्रत्यक्ष रूपमा चरित्रहरूको माध्यमबाट प्रस्तुत गरेको छ । यसमा राजनीतिक व्यक्तित्वका रूपमा अञ्जनाकुमारी र सुरप्रसादलाई उभ्याइएको छ र राजनीतिक विकृतिहरूलाई प्रष्ट पारिएको छ । यसमा हत्याका प्रसङ्गहरू पनि आएका छन् । स्वास्नीमान्छेमा राजनीतिक सन्दर्भमा महिलाहरू धेरै अगाडि रहेका छन् तर यसको विपरीत ‘एकचिहान’ उपन्यासमा राजनीतिका प्रत्यक्ष प्रसङ्गहरू आएका छैनन् । यसमा आएका समाजसुधारात्मक कार्यहरूका आधारमा मात्रै राजनीतिको अनुभव गरिन्छ । तर यसमा उल्लेख गरिएका समाज सुधारका प्रसङ्गहरूले प्रत्यक्ष रूपमा होस् वा परोक्ष रूपमा देशप्रेमलाई औंल्याएको पाइन्छ । समग्रमा प्रधानको राजनीतिक विचारधारा प्रगतिशीलता र मार्क्सवादतर्फ रहेको छ ।

## ४.५ सामाजिक आधार

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका ‘स्वास्नीमान्छे’ र ‘एकचिहान’ उपन्यास सामाजिक विषयवस्तुमा आधारित रहेका छन् । सामाजिक विषयवस्तुको प्रतिपादन यी उपन्यासहरूको मुख्य लक्ष्य हो । यी दुवै उपन्यासहरूमा सामाजिक समस्याहरू प्रस्तुत भएका छन् । यी दुवै उपन्यासको उद्देश्य समाज सुधार नै हो । ‘स्वास्नीमान्छे’ उपन्यासमा प्रयुक्त कथा आजको समाजको कथा हो । सौता ल्याउने अनि जेठी पत्नीलाई घरबाट पिट्दै निकाल्ने प्रमोद सौता-सौताबीचको सम्बन्ध, कुरौटे छिमेकीहरू, केटीबेचिबिखन गरी आफ्नो जीविका चलाउने मिश्री आदि पात्रहरू नेपाली समाजकै प्रतिनिधि पात्रहरू हुन् । यस उपन्यासका अधिकांश पात्रहरू नेपाली समाजबाट टिपिएका छन् । रूपवती कान्छी पत्नीको यौवनमा मस्त रहेको प्रमोद, हजारौं युवतीहरूको सतीत्व लुट्दै आएको मोहनबहादुर यही समाजका व्यक्तिहरू हुन् । यस उपन्यासमा अशिक्षित, आर्थिक र मानसिक रूपले पिछडिएका नारीहरूको चित्रण गरिएको छ । पतिले जतिसुकै अन्याय, अत्याचार गरे पनि चुपचाप उसको सतीत्वमा रहने मोतीमाया बरु आत्महत्याको बाटो रोज्छे तर पतिलाई कहिल्यै पनि दोष दिन्न । पतिको मायाबाट बञ्चित भएर जीन्दगीभर दु:खको भुमरीमा परेकी मोतीमाया नेपाली हिन्दू समाजकी पवित्र नारी हो । आफ्नो रूपको आडमा पतिको एकलौटी प्रेममा अन्धभक्त बनी सौताको कोठामा नाठो आउँने जाने गरेको र किर्ते प्रेमपत्रको समेत प्रहसन रच्ने कमला नेपाली समाज भन्दा बाहिर जान सकेकी छैन । एकातिर सानोतिनो सहयोग गर्ने र अर्कातिर घरझगडा लगाउने हीराज्यानले झन्डै मोतीमायाको ज्यान लिएकी छे । त्यसैगरी अञ्जनाकुमारीले तात्कालीन राजनीतिको विकृतरूपको अवस्थालाई देखाएकी छे । मैयाँनानी, वासन्ती, लीलादेवी जस्ता पात्रहरू नेपाली समाजको हिततर्फ उन्मुख भएका चरित्रहरू हुन् ।

त्यस्तै ‘एकचिहान’ उपन्यासकी प्रमुख नारी पात्र नानीथुकं पितृसत्तात्मक समाजका पुरुषहरूको शोषणमा परेकी नेपाली युवतीहरूको प्रतिनिधि पात्र हो । गाउँले गुन्डाहरूको आँखाको तारो बनेकी नानीथकुं नेपाली समाजकै चरित्र हो । रञ्जनादेवी नेपाली समाजकी शिक्षित र बौद्धिक स्तरकी पात्र हो । समाजमा पम्परागत रूपमा चल्दै आएका बालविवाह, अनमेल विवाह र बहुविवाहको उसले घोर विरोध गरेकी छे । नारीहरूप्रतिको पुरुष धारणामा परिवर्तन आउनुपर्छ भन्ठान्ने रञ्जनादेवी हाम्रो समाजकी नवीन धारणा भएकी र क्रान्तिकारी नारी हो । लतमाया

आदर्श पत्नी र ममतामयी आमाका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । हाकुमाया, सिन्तली र पुतली जस्ता चरित्रहरू नेपाली समाजका आदर्श र कर्तव्यनिष्ठ बुहारीका रूपमा चित्रित भएका छन् ।

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरू समाजको यथार्थ चित्रणमा केन्द्रित देखिन्छन् । उनका उपन्यासका प्रत्येक घटनाहरू समाजका यथार्थ घटनाहरू हुन् । यिनमा नेवार समुदायमा प्रचलित 'देव' प्रथाको विरोध गरिएको छ । त्यस्तै समाजमा संस्कारका रूपमा जरो गाडेर बसेका धर्म, संस्कृति, चाडपर्व, विवाह, दाइजो, ब्रतबन्ध, मृत्यु आदिमा गरिने फजुल खर्च, धाकधक्कु आदिको विरोध गरिएको छ । डा.गोदत्तप्रसाद, तल्सिङ, सुरमान, प्रमोद, मोहनबहादुर जस्ता दुष्टहरूको पराजय गराएर प्रधानले समाजका निम्न वर्गहरूप्रति सहानुभूति देखाएका छन् । शोषक र सामन्तीहरूका कारण आज नेपाली समाजले दुर्गति भोग्नु परिरहेको तथ्यलाई लेखकले उद्घाटन गरेका छन् । अन्धविश्वास र प्राचीन रुढिबुढिहरूबाट समाजलाई मुक्त गरी शोषणविहीन आदर्श समाजको निर्माण गर्न उपन्यासकार प्रयत्नशील रहेका छन् । उनले आफ्ना उपन्यासका माध्यमबाट तात्कालीन समाजिक व्यवस्थाप्रति विद्रोह व्यक्त गरेका छन् । वास्तवमा हाम्रो समाजमा आजसम्म जीवित रहेका पात्रहरू नै प्रधानका उपन्यासका पात्रहरू हुन् । गोदत्तप्रसाद र रामबहादुर जस्ता दलालीहरू, लतमाया जस्ता सिधासाधा बुढी, मोतीमाया जस्ती आदर्श पत्नी, कमला जस्ती कर्कसा नारी, रञ्जनादेवी जस्ती विवेकी नारी, लीलादेवी, वासन्ती, मैयाँनानी जस्ता राष्ट्रप्रेमी नारीहरू अहिले पनि समाजमा प्रशस्त रहेका छन् । अहिले पनि ती पात्रहरू कुनै न कुनै रूपमा हामीले भेटेको पाउँछौं ।

### ४.६ मनोवैज्ञानिक आधार

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नीमान्छे' र 'एकचिहान' उपन्यास मूलतः सामाजिक उपन्यासअन्तर्गत् पर्दछन् । सामाजिक उपन्यास भएका कारण यी उपन्यासमा मनोवैज्ञानिक पक्ष गौण रूपमा रहेको पाइन्छ । मनोवैज्ञानिक पक्ष कमजोर भए पनि प्रधानका नारी चरित्रहरू विविध कारणहरूले गर्दा मानसिक रूपले विक्षिप्त बन्न पुगेका छन् । 'स्वास्नीमान्छे' उपन्यासकी प्रमुख नारीपात्र मोतीमाया पति प्रमोदको उपेक्षाका कारण मानसिक रूपमा विक्षिप्त बनेकी छे । पति प्रमोदले कमलालाई भित्र्याएपछि उसको दबाबका कारण पतिबाट उपेक्षित बन्न पेुगकी मोतीमाया कृष्णको पूजा गरी पूजा कोठामा रात बिताउँछे । पतिको अभावमा उसका सारा इच्छाहरू मरिसकेका छन् । प्रमोदको अप्राप्तिमा अत्यन्तै दुःखी बनेकी मोतीमायाको अचेतन मनले कृष्णको उक्त तस्वीरमा पतिको सादृश्य पाएको छ । पीडाको चरम अवस्थामा पुगेकी मोतीमाया अन्त्यमा आत्महत्या गर्न तम्सिन्छे । यस कार्यबाट उसमा मृत्यु मूल प्रवृत्ति रहेको पाइन्छ । उसले पटक-पटक आत्महत्याको असफल प्रयास गरेकी छे । सिम्भूको डाँडामा आत्महत्या गर्न पुगेकी मोतीमायाालाई मोहनबहादुरले आफ्नो घरामा लान्छ । पछि मोतीमायाको रूपमा फँसेर विक्षिप्त बनेको मोहनबहादुरले मोतीमायालाई विवाहको प्रस्ताव राख्छ र उसले विवाह गर्दछे । यसबाट उसमा कामवासनाको झल्को पनि पाइन्छ । पछि मोहनबहादुरले पनि घरबाट निकालेपछि भने मोतीमायाको जीवन झन विसङ्गत बनेको छ । त्यस्तै यस उपन्यासकी अर्की पात्र कमला पनि

पतिको एकलौटी प्रेम पाउँन प्रयत्नशील देखिन्छे । आफू पतिको सान्निध्यमा रहनका लागि उसले मोतीमायाका विरुद्ध धेरै कदम चालेकी छे । यसैकारण उसको अचेतन मनले मोतीमायालाई अनेक लाञ्छना लगाउन प्रोत्साहन गर्दछ । उसमा अहम्‌वृत्ति रहेको छ । त्यसैगरी मिश्री, लीलादेवी, मैयाँनानी, वासन्ती, नानीप्राण जस्ता पात्रहरू पनि अतृप्त यौन वासनाका कारण विक्षिप्त बनेका छन् र यसको क्षतिपूर्तिका लागि वेश्यालय पुगेका छन् । विसङ्गत मानसिक अवस्थामा यी पात्रहरू उपन्यासमा रहेका छन् ।

त्यसैगरी 'एकचिहान' उपन्यासकी नारीपात्र नानीथकुं पनि दुर्घटित प्रेमका कारण मानसिक रूपले विक्षिप्त रहेकी छे । बाबुको उपचारका क्रममा भेटभएको डा.गोदत्तप्रसादसँग ऊ पहिलो भेटमै प्रेमाशक्त बन्दछे । डा.गोदत्तप्रसादलाई भेट्न ऊ सधैं उद्वत्त रहन्छे । बाबुको मृत्युमा आर्थिक सहयोग माग्न को ? जाने भन्ने प्रसङ्गमा ऊ भन्छे -"हर्षदाइ र म जाऔं । दुईजना गएपछि उनको दिल झन पग्लला" (प्रधान, २०४६:४०) । यसबाट उसमा डा.गोदत्तप्रसादसँग शारीरिक रूपमा आकर्षण रहेको पाइन्छ । डा.गोदत्तप्रसादको सबै कुरा थाहा पाउँदा पाउँदै पनि र रञ्जनादेवीले अनेक धम्की दिँदादिँदै पनि ऊ गोदत्तप्रसादलाई देख्नासाथ प्रशन्न बन्छे । डा.गोदत्तप्रसादसँग सधै विछोड बन्नुपर्ने स्थितिका कारण उसमा मानसिक तनाब देखिएको छ । तल्सिङ, सुरमानको कारिन्दा रामबहादुर सुरमानसँग नानीथकुंको विवाहको करा लिएर आउँछ र लतमायासँग यो कुरा गुप्त रूपमा सुनाउँछ । तर नानीथकुं यी कुरा लुकेर सुन्छे । आफ्नो बीस वर्षे यौवन सन्ताउन्न वर्षे पुरुषसँग वैवाहिक रूपमा समर्पित हुन पाउने कुरा सुनेकी नानीथकुं वैशको उन्मादमा खुसीले पागल बन्दछे । यस कुराले उसमा भएको अतृप्त यौनको झल्को दिन्छ । यसै उपन्यासकी अर्की पात्र रञ्जनादेवी गोदत्तप्रसाद र नानीथकुंको प्रेम प्रसङ्गबाट विक्षिप्त बनेकी छे । पतिको सान्निध्यमा रहन मन पराउँने ऊ नानीथकुंलाई छुटाउन प्रयत्नशील देखिन्छे ।

यस प्रकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा सामान्य मनोविज्ञानको प्रभाव पाइन्छ । यद्यपि यी मनोवैज्ञानिक उपन्यास होइनन् तापनि मनोविज्ञानका केही पक्षहरूलाई यी उपन्यासले उद्घाटन गरेका छन् ।

## ४.७ नारीवादी समालोचनाको सैद्धान्तिक आधार

नारीहरूलाई केन्द्रमा राखेर अध्ययन गर्ने नारीवादी समालोचना नेपाली समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण रहेको छ । नारीवादी समालोचना अङ्ग्रेजी 'फेमिनिष्ट क्रिटिसिज्म' को नेपाली रूपान्तर हो । 'फेमिनिष्ट' तथा 'फेमिनिज्म' शब्दले इ. १९६० को उत्तरार्द्धतिरबाट थालिएको पुरुषप्रधान समाजका विरुद्धको नारीविद्रोहलाई सङ्केत गर्दछ । यसरी हेर्दा नारीवादी समालोचना राजनीतिबाट साहित्यक्षेत्रमा ओर्लिएको हो भने इ. १९६० को उत्तरार्द्धमा सुरु भएको अन्तर्राष्ट्रिय नारीआन्दोलनको अङ्ग भएर नै यसको विकास भएको हो । इतिहास हेर्ने हो भने नारीहरूको विकासका सन्दर्भमा मेरी उल्स्टोनक्राफ्टको 'अ भिन्डिक्सन अफ द राइट्स अफ विमिन' र जोन स्टुवर्ट मिलको 'द सब्जेक्सन अफ विमिन' र मार्गरेट फुलरको 'विमिन इन द नाइन्टिन्थ सेन्च्युरी' पुस्तकले प्रथमतः केही भूमिका खेलेको पाइन्छ । यद्यपि नारीवादी समालोचनाका क्षेत्रमा योगदान दिने उल्लेखनीय व्यक्तित्व भने अंग्रेजी उपन्यासकार भर्जिनिया उल्फ हुन् र उनका 'अ अफ वन्स

वन' भन्ने आख्यान तथा 'विमिन एन्ड राइटिङ्' मा सङ्कलित निबन्धहरू यसका जग मानिन्छन् ( बराल, २०६१: १२५)। नारीवाद नारीहरूका पक्षमा उदाएको वाद हो र साहित्य तथा समाजमा नारीहरूको स्थान, मूल्य आदिका विषयमा अध्ययन गर्ने कार्य नारीवादी समालोचनाले गर्दछ ।

यस आलोचनाले पितृसत्तात्मक व्यवस्थाका विरुद्ध आवाज उठाउँछ । पितृसत्तात्मक व्यवस्था पुरुषकेन्द्री छ र पुरुषद्वारा नियन्त्रित छ । हरेक क्षेत्रमा नारीहरू पुरुषद्वारा दमित छन् । धार्मिक, पौराणिक, आर्थिक, राजनीतिक, सामाजिक तथा कानुनी क्षेत्रलगायत कला तथा अन्य कतिपय क्षेत्रमा पनि नारीहरूको प्रभुत्व छैन । जन्म दिएर सृष्टिको सञ्चालनमा बढी भूमिका बहन गर्ने नारी नै यहाँ दबिएका छन् । पुरुषहरू यहाँ सक्रिय साहसी, तार्किक, सिर्जनात्मक तथा शासक छन् भने नारी भएर जन्मेका कारण नारीहरू निष्क्रिय, काँतर, संवेगात्मक, परम्परित तथा विना कारण स्वीकृति दिने वर्गका रूपमा चित्रित छन् । यसले गर्दा यहाँको साहित्य पनि पुलिङ्गकेन्द्री छ । पुरुषहरू सत् पात्रका रूपमा उल्लेख भएका छन् (बराल, २०६१: १२७) । यही विभेदपूर्ण अवस्थाको अध्ययन गर्दै नारीहरूलाई पनि साहित्य तथा समाजको एक हिस्साका रूपमा चित्रण गर्ने कार्य यस आलोचनाले गर्दछ ।

नारीवादी समालोचनाको व्याख्या गर्ने क्रममा कृष्ण गौतमले नारीवादलाई यसको पयार्यवाची शब्द 'स्त्रीवाद' का रूपमा प्रयोग गरेका छन् । नारीवाद अर्थात् स्त्रीवादका सम्बन्धमा उनको विचार महत्त्वपूर्ण रहेको छ । उनले स्त्रीवाद एउटा त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो जो सामाजिक, साहित्यिक आदि अनेक विषयमा स्त्री जातिका पक्षबाट बोल्दछ यसमा ती विचार, विश्वास, आस्था र आन्दोलनहरू पर्छन् जसबाट नारीको हितको विकासमा सघाउ पुग्छ भन्ने ठानिन्छ । स्वास्नीमान्छेको स्वतन्त्रताका निम्ति उठेका सबैथरी विचारहरूलाई यसले ओगट्दछ । स्त्रीवाद नारीसम्बन्धी त्यस्तै सिद्धान्त हो जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न बल दिन्छ (गौतम, २०५०: ४०८) । यसमा समाजले नारीलाई दिएको उत्पीडन, पुरुषले बनाएको भोग्या र खेलौना, साहित्यतर्फको स्थिति आदिका बारेमा अध्ययन गर्दछ र समताका लागि वकालत गर्दछ । नारीहरूको हालको अवस्थामा सुधार ल्याउने यसको पहिलो र मुख्य उद्देश्य हो । यस समालोचनाले राजनीतिक दृष्टिकोण, मनोविश्लेषणात्मक दृष्टिकोण, मार्क्सवादी दृष्टिकोण र समाजशास्त्रीय दृष्टिकोणलाई अध्ययनको आधार मान्दछ जसको चर्चा तल गरिन्छ ।

## (क) राजनीतिक दृष्टिकोण

मानव समाजको उत्पत्तिदेखि नै शुरु भएको नारी र पुरुषबीचको विभेद राजनीतिक अवस्थासम्म आइपुगेको छ । सबैको साझा सवालका रूपमा रहेको राजनीतिमा पुरुषहरूले शक्तिका आधारमा एकाधिकार जमाएको देखिन्छ । राजनीतिको सम्पूर्ण शक्ति पुरुषका हातमा रहेको छ । नारीहरूलाई लैङ्गिक विभेद गरी राजनीति पुरुषको हातको खेलौना बनेको छ । यही शक्तिका आधारमा पुरुषहरू शोषकका रूपमा रहेका छन् र नारीहरू शोषितका रूपमा रहेका छन् । पितृसत्तात्मक समाजका आडमा पुरुषहरूले नारीहरू माथि जुन शोषण, अन्याय र अत्याचार गरेको छ त्यही शोषण, अन्याय र अत्याचारका विरुद्ध क्रान्ति गर्ने नारीवादले आवह्नन गर्दछ । त्यसैले

शोषितहरूले शोषकहरूका विरोधमा क्रान्ति गरेर समतामूलक समाजको निर्माण गर्नुपर्छ भन्ने विचार नारीवादीहरूको रहेको पाइन्छ र यही कुरालाई नारीवादी लेखकहरू साहित्यमा व्यक्त गर्दछन् । राजनीतिक पक्षमा नारीवाद स्वतन्त्रताको वकालत गर्दछ र क्रान्तिको चेतना पनि नारीहरूमा जगाउन खोज्दछ (चाम्लिङ, २०५६: ९२)। समतामूलक समाज व्यवस्था नारीवादको मूल अभिष्ठ हो र यो राजनीतिक विचारधारअन्तर्गत् रहेको छ ।

### (ख) मनोविश्लेषणात्मक दृष्टिकोण

नारीहरूको मनोविश्लेषणको अध्ययन गर्ने कार्य नारीवादी समालोचनामा पनि गरिएको पाइन्छ । नारीवादी लेखकहरू लिङ्गका आधारमा कोही पनि सानो वा ठूलो हुँदैन भन्ने कुरामा विश्वास गर्दछन् । पितृसत्तात्मक समाजका चपेटामा परेर पुरुषहरूको हैकमवादी शासनमा जीवन गुजार्दै आएका नारीहरू आफूलाई हीन, कमजोर र तल्ला स्तरका रूपमा रहेका छन् । नारीहरूको लैङ्गिकता क्रान्तिकारी, सङ्घर्षशील, असमान र मुक्त हुन्छ भन्ने नारीवादी मत भए पनि उनीहरू यस कुरालाई व्यक्त गर्न सक्दैनन् । आफ्ना इच्छालाई दबाउने संस्कार नारीको अचेतनमा रुढ भइसकेको छ (बराल र एटम, २०५८: १२६) । साना छँदादेखि नै नारीहरू पुरुष लिङ्गको अभाव अनुभव गर्छन् र यसप्रति ईर्श्यालु रहन्छन् भन्ने पितृसत्तात्मक मनोविश्लेषणका प्रवर्तक फ्रायडको यस विचारमा नारीवादी लेखकहरू असहमति जनाउँछन् । फ्रान्सेली नारीवादी लेखिका जुलिया क्रिस्तेवाले फ्रायडको मतलाई असत्य भन्दै नारीहरूमा पुरुष लिङ्गको अभावका कारण हीन भावना उत्पन्न हुँदैन बरु म जस्तै मेरी आमा पनि छन् भन्ने भावको विकासले झन आत्मबल बढ्दै जान्छ भन्ने आसय प्रकट गरेको पाइन्छ । कतिपय नारीवादी लेखकहरू लैङ्गिकतालाई शारीरिक रूपमा नलिई साङ्केतिक रूपमा लिनु पर्ने मत पनि व्यक्त गर्दछन् (बराल, २०६१: १२८) । मनोविश्लेषणका क्षेत्रमा यिनीहरूको ढल्काइ फ्रायडतिर नभएर लँकतिर रहेको छ । वास्तवमा उत्तर संरचनावादी लँकले फ्रायडको मान्यतालाई पुनर्व्याख्या गरेर लिङ्गको स्थानलाई शक्तिको प्रतीकको रूपमा व्याख्या गरेपछि नारीवादी समालोचकहरूले पनि त्यसलाई शक्ति कै रूपमा लिएको पाइन्छ ।

### (ग) मार्क्सवादी दृष्टिकोण

मार्क्सवाद पनि नारीवादी समालोचनाको एउटा महत्त्वपूर्ण आधार हो । यसको सम्बन्ध राजनीतिसँग जोडिएको छ । मार्क्सवादी आधारमा नारीवादी समालोचकहरू पुरुषमा अन्याय, शोषण र दमनका विरुद्ध क्रान्तिको आवाज उठाउँछन् । नारी र पुरुषमा वर्गीय विभेद भएको मान्दै पुरुषलाई शोषक र नारीलाई शोषित वर्गमा नारीवादीहरू हेर्दछन् । नारीवादीहरू परिवार, समाज, राज्यसत्ता आदिमा नारीको पनि समान भूमिका हुनुपर्छ भन्ने विचार व्यक्त गर्दछन् । मार्क्सवादको उदयपश्चात् खास गरेर फ्रेडरिक एङ्गेल्सको 'परिवार, राज्यसत्ता र निजी सम्पति' नामक रचनाको प्रकाशनपछि नारीसम्बन्धी चिन्तन नयाँ युगमा प्रवेश गरेको हो (बराल, २०६३: ८९) । आजको सामन्तवादी र पुँजीवादी समाजमा नारीको दयनीय स्थितिको कारण पुरुषको सामन्तवाद नै हो । त्यसैले सम्पूर्ण नारीहरूले पुरुषसँग आन्दोलन गरेर, आफ्नो अधिकार उनीहरूसँग खोसेर यसको सही उपयोग गर्नुपर्छ भन्ने धारणा नारीवादीहरूको पाइन्छ । यही मान्यतालाई उनीहरू साहित्यमा

व्यक्त गर्दछन् । उनीहरू रूपवादी सिद्धान्तलाई आधार मान्दैनन् । यिनीहरूका विचारमा नारीवादी समालोचना नैतिक, विचारधारात्मक र क्रान्तिकारी हुनुपर्छ । विश्वमा श्रमिक आन्दोलन आदिका लागि लडाइँ चलिरहेछ, एउटा वर्ग अर्को वर्ग दवाउन निरन्तर प्रयास गरिरहेछ, जाति, रङ्ग, धर्म, भाषा आदिका निम्ति लडाँइ चलिरहेछ र निर्धाहरू ध्वस्त भइरहेका छन् भने विचारधारा नभएको, नैतिक शक्ति विहीन रूपको चमत्कारले टल्कने साहित्यले के गर्न सक्छ ? त्यस्तो साहित्यको आवश्यकता छ जसले सामाजिक रूपान्तरणमा मद्दत देओस्, नैतिक शक्ति देओस्, निर्धाको उत्थानमा बल देओस् र कमजोरवर्गबाट हीनत्वभावलाई उडाओस् (गौतम, २०५०: ४१५) । नारीवादी समालोचना भित्रको मार्क्सवादी चिन्तनले यही कुराको खोज गर्दछ । आफ्नो परिचयका लागि यसले निरन्तर लडिरहन नारीहरूलाई आग्रह गर्दछ । आफ्नो अधिकारका लागि आफ्नो विचारलाई क्रान्तिकारी रूपमा परिवर्तन गर्न यसले जोड दिएको पाइन्छ ।

### (घ) समाजशास्त्रीय दृष्टिकोण

समाजशास्त्रीय आधार नारीवादी समालोचनाको अर्को प्रमुख आधार हो । मानव समाजको विकासका सन्दर्भमा नारीहरूको जीवनमा के-कस्तो परिवर्तन भएको छ भन्ने कुरालाई नारीवादी समालोचकहरू साहित्यमा खोज्ने गर्दछन् । स्त्रीवादीहरूको ज्यादा चासोको विषय पनि नारीको सामाजिक जीवन नै हो । विज्ञानको उन्नति भएर मानव जीवनमा धेरै सुधार आएको देखेका पश्चिमीहरू समाज सुधार र क्रान्तिबाट नारी जीवनलाई ढाल्न सकिन्छ भन्ने विश्वास लिन्छन् र शोषणको, दमनको, पिछडिएको स्थितिको सामाजिक हेतु देखाएर त्यसलाई बदल्नेतिर अगाडि बढ्छन् (गौतम, २०५०:४५०) । सक्रियता/निष्क्रियता, सबल/निर्बल, संस्कृति/प्रकृति जस्ता युग्मका आधारमा हेर्दा समाजले नारीलाई प्राथमिक भूमिकामा राखेको देखिदैन । नारी निष्क्रिय मानिदै आएकी छ, निर्बल मानिदै आएकी छ र संस्कृतिमा उसको भूमिका गौण छ (गौतम, २०५०: ४५१) । समाज दुई वर्ग-शोषक र शोषित, बलिया र निर्धा, सम्पन्न र विपन्न, नारी र पुरुषमा विभाजित भएको छ । शोषकले शोषित माथि र बलियाले निर्धामाथि अन्याय गर्दै आएको छ । यस पुँजीवादी समाजमा नारी पुरुषको अधीनमा रहेकी छ । पुरुषले दिएको क्षेत्रसम्म मात्रै नारी चल्मलाउन सक्छन् यस भन्दा बाहिर जान सक्ने सामर्थ्य उनीहरू गर्दैनन् । यही विकराल स्थितिको समस्या समाधान गर्नका लागि नारीवादी समालोचकहरू समाजशास्त्रको आधार लिन्छन् । सामाजिक रूपमा पुरुषका समकक्षीमा नारीलाई पुऱ्याउन नारीवादी समालोचकहरू समाजशास्त्रको आधार लिन्छन् । सामाजिक रूपमा नारी पुरुष एक हुनुपर्छ भन्ने कुरामा नारीलाई पुऱ्याउन नारीवादी समालोचकहरू जोड दिन्छन् ।

## ४.८ नारीवादी दृष्टिकोण र हृदयचन्द्रसिंह प्रधानका उपन्यास

नेपाली उपन्यास लेखनमा अरू वादहरू झैं 'नारीवाद' पनि एउटा महत्त्वपूर्ण वादका रूपमा रहेको छ । नारीवाद राजनीतिक समतामूलक विचार बोकेको र इ. १९६० तिर शुरु भएको पुरुषप्रधान समाजका विरुद्धको नारीआन्दोलन हो (बराल र एटम, २०५८: १२४) । नारी अस्मिता र मूल्यलाई केन्द्रमा राखेर साहित्यिक लेखन तथा चिन्तनमा केन्द्रित हुनु नारीवादी साहित्यिक चिन्तनको उद्देश्य हो । पितृसत्तात्मक समाजको उदयसँगसँगै नारीमाथि हुने शोषणको पनि आरम्भ

भयो । सामन्ती र पुँजीवादी समाजमा नारीमाथि हुने शोषणले अझ तीव्रतम रूप लियो । आज पनि नारीहरू केवल सन्तान जन्माउने साधन, गँवार, अज्ञानी, पुरुषकी दासी, हुकुम गर्न लायक, मनोरञ्जनकी साधन आदिका रूपमा लिइन्छन् । उनीहरूलाई शारीरिक र मानसिक दुवै किसिमले शोषण गरिन्छ र व्यवहारमा सधैं तिरस्कार गरिन्छ । नारीमाथि हुँदै आएका सामाजिक, आर्थिक, बौद्धिक र शारीरिक शोषणकै क्रममा नारीहरू र नारीमुक्तिकै पक्षधरहरूबाट नारीवादी तथा नारीमुक्तिको चिन्तन देखापरेको हो । वास्तवमा यौ नै नारीवादी समालोचनाको पृष्ठाधार हो । 'नारीवाद' वा 'नारीवादी' शब्द मूलतः राजनीतिक र विचारधारात्मक शब्द हो र यसको नाता लिङ्ग राजनीतिसँग जोडिएको छ । यो मूलतः पितृसत्तावादी पुरुष हैकम चिन्तनका विरुद्ध केन्द्रित छ (बराल, २०५२: १४०) । नारीवाद पूर्णरूपमा नारीका पक्षमा रहेको छ ।

नारीवाद नारीमुक्ति र समानतासँग सम्बन्धित रहेको छ । यसले नारी स्वतन्त्रताको आवाज उठाएको छ र नारीहरू पनि पुरुषका सरह समाजमा रहन पाउनुपर्छ भन्ने विचार यसको रहेको छ । नारीवादको यही विचारधारालाई उपन्यासकार हृदयचन्द्रसिंह प्रधानले आत्मसात् गरेका छन् । नारी केन्द्रीयतामा रचना भएका उनका उपन्यासहरूले पितृसत्ताको विरोध गरेका छन् र नारीहरूलाई समर्थन गरेका छन् । यसको उदाहरणका रूपमा 'स्वास्नीमान्छे' उपन्यासलाई लिइन्छ । 'स्वास्नीमान्छे' नै पहिलो नारीवादी उपन्यास ठहर्दछ (बराल र एटम, २०५८: १२७) । यस्तै उनको 'एकचिहान' उपन्यासले पनि नारी अधिकारको आवाज उठाएको छ । नारीहरू कमजोर र निर्धो मात्र छैनन् बरु आफ्नो हक र अधिकारका लागि सदैव सङ्घर्षशील छन् भन्ने कुरा उनका उपन्यासले पुष्टि गरेका छन् । 'स्वास्नीमान्छे' उपन्यासमा नारीको अवस्थालाई सुधार्न नारीकै सक्रियतामा चालेका अग्रगामी पाइलाहरू प्रेरणाप्रद रहेका छन् । प्रमोदको ताडना र सौता ल्याउने किचलोमा परेर निकालिएकी मोतीमाया धेरैका शरणमा पुगेर न्याय खोज्छिन तर पुरुषसासित समाजका हरेक संस्थाहरू नारीलाई भोग्याका दृष्टिले हेर्ने हुँदा उसको आकांक्षा पुरा हुँदैन । पछि नारीहरू मिलेर त्यस्ता पुरुषहरूलाई दण्ड दिनुपर्छ भन्ने चेतनाको प्रादुर्भाव भएको र त्यसै अनुरूप प्रमोदको मृत्यु भएको पनि देखाइएकाले यस उपन्यासका नारी अबला मात्रै होइनन् सबला र परिवर्तनका वाहक पनि हुन् भन्ने तथ्य उद्घाटन गरिएको छ । प्रधानकै दोस्रो उपन्यास 'एकचिहान' मा पनि नारी अधिकारका कुराहरू प्रष्ट भएर आएका छन् । डा.गोदत्तप्रसाद जस्ता फटाहा, लुब्ध तथा नारीलाई यौनतृप्तिको साधन ठान्ने पुरुषका विपक्षमा उसकै पत्नी रञ्जनादेवी लाग्नु र आफ्ना पतिका लहैलहैमा नलाग्न नानीथकुंलाई सम्झाउनु, नारी सचेतताको पर्याप्त प्रमाण हुन् (बराल र एटम, २०५८: १२७) । पितृसत्ताको विरोध गरेको प्रस्तुत उपन्यासले नारीहरूलाई पुरुषको थिचोमिचोबाट मुक्त गराउँन प्रशस्त प्रयास गरेको छ । नारीमुक्ति र समानताको अटुट पक्षधरता देखाउँने नारीवादी दृष्टिकोणमा आधारित, 'स्वास्नीमान्छे' र 'एकचिहान' उपन्यासले लैङ्गिक समानताको सिद्धान्तलाई प्रमुख स्थान दिएको छ ।

उपन्यासकार प्रधान नारीवादका पक्षधर रहेका छन् । पुरुषले नारीमाथि गर्दै आएका र गर्ने शोषणको उनले भर्त्सना गरेका छन् । पुरुषप्रधान समाजले नारीलाई गृहिणीका रूपमा चूलोचौकामा मात्रै सीमित राखेको छ । परिवारमा नारीहरूको भूमिका एक पत्नी वा पुरुषकी

सेवक र आमाका रूपमा मात्रै रहेको छ । समाजमा नारीहरूले पुरुषकी दासीका रूपमा रहेर पूर्णरूपले पुरुषनिर्भर बन्नु परेको छ । जति अन्याय गरे पनि आफ्ना पतिका विरुद्ध चुँ गर्ने अधिकारसम्म नदिएको हाम्रो नेपाली समाजलाई मैयाँनानी र वासन्तीले चुनौति दिएका छन् । प्रधानका नारीपात्रहरू पितृसत्ताको दोहोरो शोषणमा परेका छन् । एकातिर पितृसत्तात्मक समाजका पुरुषहरूको चपेटामा परेर मोतीमायाको जीवन तहस नहस बन्न पुगेको छ भने अर्कातिर ऊ नारीहरूबाटै शोषित बनी दोहोरो पितृसत्ताको चपेटामा रुमल्लिएकी छ । आफ्नो यौवन र सुन्दरताको कारण छिमेकी गुन्डाहरूको षडयन्त्रमा परेकी नानीथकुंलाई तल्सिङ, सुरमान जातीय रूपमा समेत थिचोमिचो गर्दछ । आफू माथिल्लो जातको भएका कारण नेवार जातकी गरीब नानीथकुंले उसको विवाहको प्रस्तावलाई सहर्ष स्वीकार गर्नुपर्छ भन्ने विचार सुरमान सुब्बाको रहेको छ । शिवनारांलाई उभ्याएर प्रधानले यस विरुद्धको विद्रोहात्मक स्वरलाई प्रस्तुत गरेका छन् । प्रधानका नारीपात्रहरू राजनीतिमा समेत सक्रिय सहभागिता जनाउँछन् । यसका उदाहरणका रूपमा मैयाँनानी, वासन्ती, लीलादेवी र अञ्जनाकुमारी रहेका छन् । अञ्जनाकुमारीमा नकारात्मक राजनीतिक प्रवृत्ति रहेको छ भने मैयाँनानी र वासन्ती सकारात्मक प्रवृत्तिका छन् । राजनीतिक रूपमा पनि महिला सहभागी गराएर प्रधानले नारीहरू पनि पुरुष सरह देशका नागरिक हुन र सफल राजनीतिका लागि महिला सहाभागिता उत्तिकै महत्त्वपूर्ण छ भन्ने कुराको पुष्टि गरेका छन् ।

यस प्रकार प्रधानका उपन्यासहरू नारीवादी सिद्धान्त अनुसार अत्यन्तै सफल बनेका छन् । पुरुषहरूको थिचोमिचोका विरुद्ध नारीहरूलाई एकजुट गराएर आत्मरक्षाका लागि स्वयं नारीहरू नै अग्रसर हुने प्रेरणा दिएका छन् । नारीहरूले समाजमा हजारौं वर्षदेखि लादिएको पित्तृसत्ताको विरुद्ध औंला ठड्याउन सक्नु र उत्पीडनकारी पुरुष तथा पित्तृसत्तात्मक विचारधाराका विरुद्ध सङ्घर्ष गर्न तत्पर हुनुले यी दुवै उपन्यासको नारीवादी स्वर र चेतनालाई पुष्टि गर्दछ । नारीवाद नारीलाई वेश्या, सन्तान जन्माउने साधन, पराश्रित बनाउने प्रवृत्तिका विरुद्ध नारी-पुरुषको समव्यवहार र सहायताको दर्शन वा चिन्तन हो भने उपन्यासकार हृदयचन्द्रसिंह प्रधानले दुवै उपन्यासमा यही चिन्तन र दर्शनलाई प्रस्तुत गरी नारीवादी चेतनालाई प्रस्तुत गरेका छन् ।

## ४.९ नारीवादी दृष्टिकोणबाट हृदयचन्द्रसिंह प्रधानका नारीपात्र

वि.सं. २०११ मा 'स्वास्नीमान्छे' उपन्यासको प्रकाशनपछि उपन्यासकारका रूपमा नेपाली साहित्य फाँटमा देखापरेका हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरू नारीवादी विचारधाराले ओतप्रोत रहेका छन् । उनको 'स्वास्नीमान्छे' उपन्यास नारीवादको सशक्त उदाहरणका रूपमा रहेके छ । यो उपन्यास नारी समस्यामा केन्द्रित रहेको छ । आफ्नो अधिकारका लागि लड्न सम्पूर्ण नारीलाई यस उपन्यासले आवह्‌न गरेको छ । उनको अर्को महत्त्वपूर्ण उपन्यास 'एकचिहान' हो । यसको प्रकाशन २०१७ सालमा भएको हो । यो उपन्यास पूर्णरूपले नारीवादी होइन । काठमाडौं उपत्यकाको निम्नवर्गीय नेवार समुदायको एक किसान परिवारको आर्थिक अवस्था यस उपन्यासमा प्रस्तुत भएको छ । तर यस उपन्यासका कतिपय स्थानमा नारीवादी स्वर उरालिएको पाइन्छ ।

स्वस्थ अर्थमा नारीवाद नारी स्वनिर्भरर्ताकै अर्को नाम हो (गौतम, २०५०: ४०९) । प्रधानका उपन्यासका नारीपात्रहरू पनि आत्मनिर्भरताका लागि प्रयत्नशील रहेका छन् । नारीहरूलाई स्वनिर्भरताका लागि प्रशस्त अवसर दिएर पितृसत्तात्मक उत्पीडनका विरुद्ध सङ्घर्ष गर्नु नारीवादको आग्रह हो । पुरुष शाषित समाजमा नारीले भोगेका उत्पीडन, पुरुषकी भोग्या र खेलौना बन्नुपर्ने उसका विवशता आदिका विरुद्धमा विद्रोह प्रधानका नारीपात्रहरूले गरेका छन् । उनका उपन्यासका धेरैजसो नारीपात्रहरू स्वतन्त्रताका लागि लडेका छन् । जन्मेदेखि नै नारी र पुरुषका विभेदका कारण समाजले अहिले पिछडिनु परेको हो भन्ने उनीहरूको विचार रहेको छ । पुरुषले हेर्दै आएको नारीमाथिको दृष्टि अब परिवर्तन गर्नुपर्छ भन्ने विचार स्वास्नीमान्छेका नारीपात्रहरू वासन्ती, मैयाँनानी, लीलादेवीको रहेको छ । पुरुषले नै नारीलाई कमला जस्ती कठोर सौता बनाउँछ र मिश्री जस्ती वेश्या पनि बनाउँछ । यस्ता पुरुषको पाउ मल्नु हुँदैन बरु स्वस्थपूर्ण समाज स्थापनाका लागि हत्या गर्न पनि पछि हट्नु हुँदैन भन्ने मान्यतामा आबद्ध रहेकी छ मैयाँनानी पुरुषको नचाहिदो उत्पीडन, अन्याय र शोषणका कारण जबरजस्ती रण्डी बनाइएकी मैयाँनानी पुरुषका यस्ता क्रियाकलापको अन्त्य गर्न चाहन्छे । मोतीमायालाई रण्डीको कोठीसम्म पुऱ्याउने प्रमोदको ऊ हत्या गर्दछे र यस प्रकार ऊ त्यो हत्याकाण्डलाई पुष्टि गर्दछे । “क्षयका किटाणु फैलिरहेझैँ फैलिरहेका अमानुषी पुरुषहरूको गुन्डागिरी र बद्मासीका कारण जबर्जस्ती मैले रण्डी हुनुपऱ्यो, अब म रण्डी नै बनेर स्वास्नीमान्छेहरूले रण्डी हुन नपाउने सपना हेरिरहेकी छु । त्यही सपनाको आधारमा मैले प्रमोदको हत्या गरेकी हुँ ।” (प्रधान, २०५८: १४०) । त्यस्तै राजनीतिको आडमा बाहिर भाषण छाट्दै देश विकास गर्ने र भित्रभित्रै रातारात नेपाली चेलीबेटीको ओसार पसार गरी पैसा कमाउन सिपालु सुरप्रसाद र अन्जनाको हत्या वासन्तीले गरेकी छ र हजारौं चेलीहरूको अस्तित्त्व रक्षा गरेकी छ ।

त्यसैगरी पुरुषकी भोग्याका रूपमा मात्रै नारीले रहनु हुँदैन भन्ने विचार ‘एकचिहान’ की रञ्जनादेवीमा रहेको छ । २० वर्षीया कृषिबाला माथि डा.गोदत्तप्रसादको शोषणको विद्रोह गरेकी छ रञ्जनादेवीले । उसले नानीथकुंलाई नारीत्वको ज्ञान दिएकी छ । आफ्नो इज्जतका लागि, आफ्नो अस्तित्त्वका लागि र आफ्नो असल चरित्रका लागि नारीलाई नै जागरुक गराएकी छ रञ्जनादेवीले । “नारीको चरित्रको रक्षा नारीले नै गर्छे र नारीको मूल्य नारीले नै बढाउँछे” (प्रधान, २०४६: १२४) रञ्जनादेवी भन्दछे । चरित्रलाई वास्ता नगरी नारीको मूल्य घटाउनु हुन्न भन्ने विचार रञ्जादेवीको रहेको छ । पुरुषप्रधान समाजका नारीहरूले पूर्ण अधिकार पाएका हुँदैनन् । एकातिर नारीहरू पुरुष सरह आत्मनिर्भर बन्न सकेका छैनन् भने अर्कातिर अधिकारका पक्षमा पनि उनीहरू पछाडि नै रहेका छन् । यौनस्वतन्त्रताको कुरा त झन न्यून मात्रामा रहेको छ । पुरुषप्रधान समाजमा नारीले भोग्नु पर्ने यस्तै पीडाको अभिव्यक्ति प्रधानका नारीपात्रमा पाइन्छ र यस्तै समस्याको निराकणका लागि क्रियाशील रहो छन् प्रधानका नारीपात्रहरू । पुरुषले जति अन्याय गरेपनि नारीले उसकी दासी भएर बस्नुपर्छ भन्ने विचारका विरुद्ध क्रान्ति गरेकी छ मोतीमायाले । उसले मोहनबहादुसँग गरेको दोस्रो विवाह पुरुषको मांशल प्रेमका विरुद्धको चुनौति हो । प्रधानका दुवै उपन्यासमा प्रेम, विवाह जस्ता कुराहरूमा नारीस्वतन्त्रता रहेको पाइन्छ ।

यस प्रकार हृदयचन्द्रसिंह प्रधानका नारीपात्रहरू नारी हक, मूल्य र मान्यताप्रति सचेत छन् । उनका नारीपात्रले आफ्नो स्वतन्त्रता रक्षाको लागि स्वयं सङ्गठित भए सक्रियता देखाएका छन् । पुरुषको सामन्तवादलाई हाँक दिँदै मुक्तिका लागि संघर्ष हृदयचन्द्रसिंह प्रधानका नारीपात्रले गरेका छन् । समग्रमा उनका नारीपात्रहरू आफ्नो भूमिकामा सफल रहेका छन् ।

## ४.१० हृदयचन्द्र पूर्वको आधुनिक नेपाली उपन्यास र हृदयचन्द्रसिंह प्रधानका उपन्यासका नारीपात्रहरूको तुलनात्मक अध्ययन

प्राथमिककाल र माध्यमिक कालका दुईवटा घुम्तीहरू पार गरिसकेको नेपाली उपन्यासले वि.सं. १९९० को दशकदेखि आधुनिक कालमा प्रवेश गऱ्यो । यस कालका उपन्यासहरूले नयाँ-नयाँ विषय र प्रवृत्तिलाई उपन्यास परम्परामा भित्र्यायो । माध्यमिक कालका उपन्यासमा जस्तो स्वैरकल्पना, जासुसी तिलस्मी प्रवृत्ति यस कालका उपन्यासमा पाइँदैन् । सामाजिक विषयवस्तु लिएर आदर्शको पाठ सिकाउनु, यथार्थ घटनाको उद्घाटन गर्नु, पुराना मूल्य मान्यताका विरुद्ध क्रान्ति गर्नु, व्यक्तिको मनोवैज्ञानिक अध्ययन गर्नु आदि कार्यहरू आधुनिककालका उपन्यासहरूले गरेका छन् । समाजमा आएका नयाँ-नयाँ परिवर्तन र यसकै प्रभावस्वरूप सिर्जित नवीन जीवनपद्धतिलाई यस कालका उपन्यासले आत्मसात गरेका छन् । नैतिक एवं धार्मिक मूल्यको विसर्जन गरेर सामाजिकताका अनेकन सन्दर्भहरूमा पुराना निर्धारण तत्त्वहरूलाई विस्थापन गरेर नयाँ धारणाको बिजारोपण गर्ने सामर्थ्य आधुनिकतामा रहेको हुन्छ (बराल र एटम्, २०५८ः ८९) । यिनै मूल्यहरूलाई पक्डेर बढिरहेको नेपाली उपन्यासको विकासशृङ्खलामा आधुनिककालको विशेष महत्त्व रहेको छ । नेपाली उपन्यासको यस कालले विभिन्न धाराहरूलाई पारगरिसकेको छ र यी धाराहरूमा विभिन्न उपन्यासकारहरूले कलम चलाएका छन् ।

नेपाली उपन्यासको पहिलो धारा आदर्शोन्मुख यथार्थवादी धारा हो । यस धाराको निर्णायक उपन्यास रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) हो । सामाजिक विषयलाई लिएर लेखिएको यस उपन्यासले नेपाली समाजलाई आदर्शवादतर्फ उन्मुख गराएको छ । यसपछिको अर्को महत्त्वपूर्ण धारा स्वच्छन्दतावादी धारा हो । नेपाली उपन्यास परम्परामा स्वच्छन्दतावादी धाराको आमन्त्रण रूपनारायणसिंहको 'भ्रमर' (१९९३) उपन्यासले गऱ्यो । कोरा नीतिनियम र आदर्शका पर्खालहरू ढाल्दै स्वच्छन्द रूपले उपन्यासको सिर्जना गर्ने परम्परा यस उपन्यासले बसायो । स्वच्छन्दतावादी गुणधर्मलाई पालन गरेर मानवतावादी आदर्शप्राप्तिका लागि यो उपन्यास रचना गरिएको छ । यसपछिको अर्को धारा सामाजिक यथार्थवादी धारा हो । यस धाराको आमन्त्रण लैनसिंह वाङ्देलको 'मुलुकबाहिर' (२००४) उपन्यासले गऱ्यो । सामाजिक यथार्थ घटनालाई विषयवस्तु बनाएको यस उपन्यासले नेपालीहरू प्रवासिनाको पीडा प्रस्तुत गरेको छ । त्यसैगरी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान 'स्वास्नीमान्छे' (२०११) उपन्यास लिएर नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादलाई प्रवेश गराउँछन् । उनको 'एकचिहान' (२०१७) उपन्यास पनि यसै धाराको उल्लेख्य उपन्यास हो । 'स्वास्नीमान्छे' र 'एकचिहान' उपन्यास नै आलोचनात्मक यथार्थवादी धाराका प्रारम्भकर्ता तथा नेपाली उपन्यासकै महत्त्वपूर्ण उपन्यासका रूपमा रहेका छन् ।

नेपाली उपन्यास परम्परामा यी धारा पछि पनि अन्य धाराहरू उल्लेख भएका छन् र विभिन्न उपन्यासकारले कलम चलाइरहेका छन् । तर यहाँ उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासका नारी पात्रहरूसँग उनी पूर्वका अन्य आधुनिक उपन्यासका नारीपात्रहरूको तुलनात्मक अध्ययन गरिने भएकाले प्रधानका उपन्यास भन्दा अघिल्ला उपन्यासहरूलाई चर्चा गर्दा यहाँ प्रधानको समयसम्म मात्रै चर्चा गरिएको छ । आधुनिक नेपाली उपन्यासका क्षेत्रमा माथि उल्लिखित उपन्यासका धाराहरूमा उल्लेख्य योगदान पुऱ्याउने 'रूपमती', 'भ्रमर' र 'मुलुकबाहिर' उपन्यास अत्यन्तै चर्चित र महत्त्वपूर्ण भएका कारण यिनै तीनवटा उपन्यासहरूसँग प्रधानका उपन्यासका नारीपात्रहरूको तुलनात्म्क अध्ययन गरिन्छ ।

### (क) 'रूपमती' उपन्यासका नारीपात्र र प्रधानका उपन्यासका नारीपात्रको तुलनात्मक अध्ययन

नेपाली उपन्यास परम्परामा आधुनिक कालअन्तर्गत् देखापरेको आदर्शोन्मुख यथार्थवादी धाराको प्रतिनिधि उपनयासका रूपमा रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) उपन्यास रहेको छ । आधुनिकताको शुरुवात यस उपन्यासले गरेको छ । सामाजिक विषयवस्तुलाई लिएर लेखिएको यस उपन्यासको उद्देश्य आदर्शवादको स्थापना गराउनु रहेको छ ।

'रूपमती' उपन्यास नायिकाको चरित्रमा आधारित रहेको छ । यस उपन्यासकी नायिका 'रूपमती' को नामबाट यसको शीर्षक राखिएको छ । यस उपन्यासकी रूपमती कर्तव्यपरायण, स्वभिमानी र निश्वार्थी तथा स्वच्छ रहेकी छ । सासू तथा परिवारको सेवासुश्रुषामा उसको भूमिका हिमाल झैँ उच्च रहेको छ । एक आर्दश पत्नी, आदर्श बुहारी र आदर्श भाउजूका रूपमा रूपमतीलाई उभ्याएर उपन्यासकारले आदर्शको सन्देश दिएका छन् । बरालपुत्रीलाई दुच्छर स्वभावमा राखेर अन्त्यमा दुःख पाएको देखाउनु र रूपमतीले पहिला दुःख पाए पनि पछि सुख भएको देखाएर उपन्यासकारले मान्छेले आफ्नो कर्म अनुसारको फल पाउँछ भन्ने कुरालाई प्रष्ट पारेका छन् । उपन्यासकारको यही प्रयोजनका लागि यस उपन्यासका नारी पात्रहरू सिर्जित भएका छन् । उपन्यासकारले निर्माण गरेको आदर्शको भवनमा रूपमती खम्बा बनेकी छ । यस उपन्यासकी प्रमुख पात्र रूपमती भए पनि यसमा अन्य नारीपात्रहरू पनि रहेका छन् । यस उपन्यासका नारीपात्रहरू अशिक्षित, अन्धविश्वासी र परम्परागत रहेका छन् । यसकारण यिनीहरूको जीवन पीडादायी बनेको छ ।

यस उपन्यासका पात्रहरूले बहन गरेको भूमिका समाजका लागि नभएर व्यक्तिगत रहेको छ । यस उपन्यासका नारी पात्र कमजोर मनिस्थतिका छन् । यस उपन्यासका नारीपात्रका तुलनामा हृदयचन्द्रसिंह प्रधानका नारीपात्रहरू साहसी छन् । उनीहरू आफ्ना लागि नभए समाजका लागि क्रियाशील रहेका छन् । प्रधानका नारीपात्रहरू 'रूपमती' का जस्ता अशिक्षित, अन्धविश्वासी, रुढिग्रस्त र कुसंस्कारले युक्त छैनन् । 'रूपमती' उपन्यासकी रूपमतीसँग 'स्वास्नीमान्छे' उपन्यासकी मोतीमाया र बरालपुत्रीसँग कमलको केही हदसम्म चारित्रिक समानता पाइन्छ । तर प्रमोदबाट शारीरिक र मानसिक रूपमा शोषण भएकी मोतीमायाको जस्तो अवस्था रूपमतीको छैन । प्रधानका नारीपात्रहरू जस्तो पुरुष शोषित 'रूपमती' उपन्यासका नारीहरू छैनन् । प्रधानका उपन्यासमा नारीपात्रहरूका जस्तो क्रान्तिकारी विचारधारा 'रूपमती'का नारीपात्रहरूमा

छैन । आफ्नो अस्तित्त्व रक्षाका लागि जस्तोसुकै कदम चाल्न पनि प्रधानका नारीपात्रहरू क्रियाशील रहेका छन् । यदि अन्याय गर्छ भने आफ्नै पति, बाबुको पनि हत्या गर्नुपर्छ भन्ने क्रान्तिकारी चेत प्रधानका नारीपात्रहरूमा रहेको छ । तर रूपमतीका पात्रहरूमा यस्तो विचार कहीँ पनि देखिदैन् । आफ्नो क्षमताले भ्याएसम्म प्रधानका नारीपात्रहरूले पुरुषको अन्यायलाई सहेका छन्, तर जब अत्याचारले सीमा नाघ्छ अनि उनीहरू विद्रोह गर्दछन् । भने यसका विपरीत 'रूपमती' का नारीहरू पुरुषले जति नै अन्याय, अत्याचार गरे पनि त्यसको विरोधमा नबोली सहेर बसेमा आफ्नो जित हुन्छ भन्ने आदर्श बोकेर हिँड्छन् । प्रधानका उपन्यासमा जस्तो सामाजिक नवनिर्माणको चेत 'रूपमती' उपन्यासमा छैन ।

प्रधानका उपन्यासका नारीपात्रहरू सामाजिक यथार्थको नजिक रहेका छन् र यी वास्तविकताका प्रतिनिधि हुन् । उनका नारीपात्रहरू - कमला, हीराज्यान, रञ्जनादेवी, मोतीमाया, नानीथकुं आदि पात्रहरू अहिले पनि समाजको कुनै कुनामा छन् जस्तो लाग्छ । कमलाले क्रुर सौँताको भूमिका निर्वाह गरेकी छ भने हीराज्यानले कुरौटे छिमेकीको भूमिका निर्वाह गरेकी छे । तर 'रूपमती' का नारीपात्रहरू वास्तविकता भन्दा टाढा रहेका छन् किनकी 'रूपमती' उपन्यासकी नायिका रूपमतीको आदर्शमा समान्य नारी पुग्नै सक्दिन भने बरालपुत्रीको व्यवहार नारीको गुण भन्दा बाहिर छ ।

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको मुख्य उद्देश्य सामाजिक नवपरिमार्जन हो, परम्परागत मूल्य र मान्यताका आडमा हुने नारीशोषणको अन्त्य हो । यसै धारणा अनुसार उनका नारीपात्रहरू सिर्जित भएका छन् । उनका उपन्यासका नारीपात्रहरू पितृसत्तात्मक समाजको विरोध गर्दछन् र आफ्नो अधिकारका लागि लड्छन् तर 'रूपमती' का नारीपात्रहरू यस कार्यमा निष्क्रिय रहन्छन् ।

यस प्रकार रुद्रराज पाण्डेको 'रूपमती' र प्रधानका उपन्यासका नारीपात्रहरू बीच प्रशस्त भिन्नता रहेको छ । 'रूपमती' उपन्यासमा जस्तो प्रधानका उपन्यासमा आदर्शको लेप लगाएर पात्र सिर्जना भएका छैनन् । प्रधानका नारीपात्रहरू वास्तविक र यथार्थ रहेका छन् । यी क्रान्तिकारी र न्यायका पक्षधर रहेका छन् । समाज र राष्ट्रको उन्नतिका लागि प्रधानका नारीपात्रहरूले अत्यन्तै जोखिमपूर्ण काम गरेका छन् । यी नारीहरू व्यक्तिगत फाइदा भन्दा सामूहिक हितका लागि संघर्षशील रहेका छन् ।

### (ख) 'भ्रमर' उपन्यासका नारीपात्र र प्रधानका उपन्यासका नारीपात्रहरूको तुलनात्मक अध्ययन

रूपनारायण सिंहको 'भ्रमर' (१९९३) उपन्यास नेपाली उपन्यास परम्परामा आधुनिक कालको महत्त्वपूर्ण उपन्यास हो । यो उपन्यासले आधुनिक उपनयास परम्परामा स्वच्छन्दतावादको आमन्त्रण गरेको छ । स्वच्छन्दतावादको गुणधर्मलाई पालन गरेर मानवतावादी आदर्शप्राप्तिका लागि यो उपन्यासको रचना भएको हो । यसमा प्रवासी नेपालीहरूको जीवनलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा नारीपात्रहरूका तुलनामा पुरुषपात्रहरूकैं अधिक्यता पाइन्छ । नारीपात्रहरू कम संख्यामा रहे पनि उनीहरूको भूमिका उपन्यासमा उल्लेख्य रहेको छ ।

'भ्रमर' उपन्यासका अधिकांश नारीपात्रहरू शिक्षित र निर्भिक रहेका छन् । प्रणयभावलाई मुख्य स्थान दिइएको यस उपन्यासका नारीपात्रहरू सम्पन्नतामा हुर्केर पनि प्रेमका कारण जीवनभर पछुताउँछन् । हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जस्तै यस उपन्यासका नारीपात्रहरू पुरुषशोषित बनेका छन् । यस उपन्यासको प्रमुख पुरुष पात्र इन्द्रशेखर स्त्रीलोलुप रहेको छ र उसले यस उपन्यासकी सहायक नायिका मायाको शोषण गरेको छ । मायाको स्वच्छ र पवित्र प्रेमलाई शेखरले लत्याएको छ । शेखरको प्रेममा अन्धभक्त बनेर मन र शरीरसमेत सुम्पेकी मायालाई शेखरले उपेक्षा गर्दछ । विवाह पूर्व नै शारीरिक भोग गरिसकेको शेखर मायाको विवाहको प्रस्तावलाई ठाडै अस्वीकार गर्छ । विवाह गर्न नमान्ने तर नारी शरीरको उपभोग गरिरहने शेखर -"बिहे पनि कोही अभागीले गर्छ" (सिंह, १९९३: ३) भन्दछ । प्रधानका उपन्यासका नारीपात्रहरू पुरुषको सेवा गर्दागर्दै पनि पुरुषद्वारा अपमानित बन्दछन् भने 'भ्रमर' का नारीपात्रहरू पनि यही अवस्थामा रहेका छन् । प्रधानका नारीपात्रहरू जस्तै यस उपन्यासका नारीपात्रहरू पनि पुरुषका विरुद्ध विद्रोह गर्दछन् । शेखरको प्रेम जब आत्मिक नभएर बनावटी, मांशल र वासनात्मक भएको कुरा मायाले बुझ्छे तब उसले जीवनभरका लागि त्यागी दिन्छे । यहाँसम्म की क्षमा याचनाका लागि गएको शेखरलाई ऊ ढोकैबाट फर्काउँछे । पुरुषको साथ गुमाएपछि पनि यस उपन्यासका नारीपात्रहरू स्वनिर्भर बनेका छन् । शेखरको प्रेममा विछोड भएकी माया सामान्य मनस्थितिमा नै रहन्छे । तर पुरुषको निर्मम यातनापछि प्रधानका नारीपात्रहरू क्रान्तिकारी रूपमा प्रस्तुत भएका छन् । उनीहरूले आफ्नो अधिकारका लागि हत्याको बाटोसमेत रोजेका छन् भने 'भ्रमर' उपन्यासमा यस्तो कार्य गरेको पाइदैन् । 'भ्रमर' उपन्यासका अन्य नारीपात्रहरू शेखरकी आमा, विजया, देसाईकी श्रीमती आदि पात्रहरूले आदर्श चरित्र बोकेका छन् । पतिलाई परमेश्वर र आफूलाई दासी ठानी, पतिको सही गलत सबै आज्ञालाई हुकुम ठानी कुनै नाइनास्ति बेगर शिरोधार्य गरेका छन् शेखरकी आमा र देशाईकी श्रीमतीले । माया बाहेक यस उपन्यासका सबै नारीपात्रहरू पुरुषलाई पूर्णताको प्रतीक ठान्दछन् तर प्रधानका अधिकांश नारीपात्रहरू-वासन्ती, रञ्जनादेवी, मैयाँनानी, लीलादेवी पुरुषको शोषणका विरुद्ध विद्रोह गर्दछन् ।

'भ्रमर' उपन्यासका नारीपात्रहरू व्यक्तिगत चरित्रका रहेका छन् । सामाजिक नवनिर्माणका लागि यी पात्रहरूले कुनै भूमिका निर्वाह गरेका छैनन् तर प्रधानका नारीपात्रहरू समाज विकासका लागि क्रियाशील रहेका छन् । नारीको हालको अवस्थामा सुधार ल्याउन प्रधानका नारीपात्रहरू लडिरहेका छन् । पितृसत्तात्मक समाजमा पुरुषले नारीलाई भोग्याका रूपमा मात्रै हेर्ने हुँदा नारीले पुरुषकी भोग्या मात्रै बन्न हुँदैन भन्ने मान्यता बोकेर प्रधानका नारीपात्रहरू हिँड्छन् भने 'भ्रमर' का नारीपात्रहरू विवाह पूर्व नै शारीरिक सम्पर्कका लागि तयार हुन्छन् ।

'भ्रमर' का नारीपात्रहरू रोमान्टिक प्रवृत्तिका छन् । भावनामा बहेर आवेशमा गलत गर्दछन् । यिनीहरू अपरिपक्व र अव्यावहारिक छन् । प्रेमका निम्ति जीवन उत्सर्ग गर्न तत्पर हुन्छन् । यसका विपरीत प्रधानका उपन्यासका नारीपात्रहरू परिपक्व र व्यावहारिक छन् । धेरै अध्ययन गरेपछि मात्र यी पात्रहरू कुनै पनि कार्यको निर्णय गर्दछन् । भावनामा, आवेशमा आएर हतारमा कुनै पनि निर्णय गर्दैनन् । यिनीहरू भ्रमरका नारीहरू जस्तो पुरुषलाई माथिल्लो दर्जाको र

आफूलाई तल्लो दर्जाको मान्न तयार छैनन् । त्यसैगरी प्रधानका उपन्यासका नारीपात्रहरू राष्ट्रिय भावनाले ओतप्रोत छन् । जातीय एकताका पक्षधर रहेका उनका नारीपात्रहरू क्रान्तिकारी, परम्पराविरोधी, सत्यप्रेमी र समाजका मार्गदर्शक बनेका छन् ।

यस प्रकार हृदयचन्द्रसिंह प्रधानका नारीपात्रहरू 'भ्रमर' उपन्यासका नारीहरूका तुलनामा अग्रपङ्क्तिमा रहेका छन् । उनीहरूको कार्यले समाजमा महत्त्वपूर्ण भूमिका खेलेको छ । आफ्नो व्यक्तिगत स्वार्थ पूर्तिका लागि भन्दा अन्यको हितका लागि आफ्नो ज्यान खतरामा राखेर कार्य गरेका छन् प्रधानका नारीपात्रहरूले । पुरुषप्रधान समाजलाई हाँक दिने प्रधानका नारीपात्रहरू 'भ्रमर' का नारी पात्र भन्दा वैचारिकताका आधारमा महत्त्वपूर्ण रहेका छन् ।

**(ग) 'मुलुकबाहिर' उपन्यासका नारीपात्र र प्रधानका नारीपात्रहरूको तुलनात्मक अध्ययन**

'मुलुकबाहिर' (२००४) उपन्यास नेपाली उपन्यास परम्परामा आधुनिककाल-अन्तर्गत् देखापरेको महत्त्वपूर्ण उपन्यास हो । यसले आधुनिक उपन्यास परम्परामा सामाजिक यथार्थवादको आविर्भाव गऱ्यो । सामाजिक विषयवस्तुलाई लिएर लेखिएको यस उपनयासमा मुग्लान पसेका नेपाली दाजुभाई तथा दिदीबहिनीहरूले भोग्नुपरेका पीडालाई प्रस्तुत गरिएको छ । आर्थिक कारणले विदेशिएका प्रवासी नेपालीहरूको जीवनको यावत घटनाहरूलाई प्रस्तुत गर्ने यस उपन्यासमा नारीपात्रहरूको संख्या त्यति धेरै छैन । थोरै नारीपात्रहरूको उपस्थिति भए पनि तात्कालीन नेपाली समाजका नारीहरूको अवस्थालाई देखाउने कार्यमा उनीहरूको उल्लेख्य भूमिका रहेको छ ।

यस उपन्यासका नारीपात्रहरू उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका नारीपात्रहरू जस्तै नेपाली समाजबाट टिपिएका छन् । यिनीहरू अशिक्षित र सोझा छन् तर सुधी, निष्कपट तथा पवित्र रहेका छन् । तिनीहरूको चरित्र पहाडमा बग्ने खोलाको जलजस्तो निर्मल छ तथा हृदय पहाडका टाकुरामा बग्ने वायु जस्तो छ । तर यी दुवै गुणको कदर गर्न नजान्ने निर्दयी पुरुष जातिका अन्याय, शंका र रीसका शिकार हुन्छन् (वाङ्देल, २०६४: परिचय) । पैसा कमाउने र सुखी जीवन बिताउँने लक्ष्य बोकेर हिँडेका म्याउची र मसिनी दुवै मुग्लान झरेका छन् । म्याउचीले तन, मनले रनेलाई प्रेम गरेकी छ भने मसिनीले माहिला भुजेललाई । आफ्ना पतिप्रति पूर्ण रूपले समर्पित यी नारीहरू आफ्ना पतिका आवेशका सिकार भएका छन् । रनेले म्याउचीलाई नचाहिदो कुराको आरोप लगाएर रीसको झोकमा मारिदिन्छ भने माहिला भुजेलले मसिनीलाई सधैका लागि त्यागी दिन्छ । यस उपन्यासका नारीपात्रहरू पुरुषको अन्यायमा परेका छन् । उनीहरूको कोमलभावलाई यस उपन्यासका पुरुष पात्रले बुझ्न सकेका छैनन् । यस उपन्यासका नारीपात्रहरू पति/पुरुषका कारण जीवनभर दुःखी बनेका छन् । त्यसकारण उपन्यासकार प्रधानका उपन्यासका नारीपाहरूसँग धेरै स्थानमा यी पात्रहरू मिल्दाजुल्दा देखिन्छन् ।

यस उपन्यासका अन्य नारीपात्रहरूमा दलबहादुरकी आमा, सेर्पेनी बुढी, दलबहादुरकी स्वास्नी, रूपा पनि रहेका छन् । यस उपन्यासमा यी कुनैपनि नारीको जीवन सुखी बन्न सकेको छैन । दलबहादुरकी आमा छोरा जन्मिएको सातै वर्षमा पतिको मृत्युले दुःखी बनेकी छ र मसिनी सानोतिनो निहुँमा आफूलाई निर्घात पिटेर सधैका लागि माहिला भुजेलले छाडेपछि जीवनभर दुःखी

बन्दछे । सेर्पेनी बुढी आफ्नो रक्स्याहा, तासे, कपटी, बद्मास लोग्नेका कारण सुखको मुखसमेत देख्न नपाइ मर्दछे । भने रूपा आमाको एक्लो जीवनबाट विरक्तिएकी छ । आफ्नो जीवन पतिका कारण जति पीडादायी बने पनि यिनीहरू पतिलाई कहिल्यै दोष दिँदैनन् बरु पतिलाई अत्यन्तै श्रद्धा भावका साथ सम्झिरहन्छन् । दलबहादुरकी आमा आफ्नो मृत पतिलाई सम्झेर उसकै सतीत्वमा एक्लो जीवन बिताउँछे भने मसिनी आफूलाई त्यति अन्याय गर्ने पतिलाई सधै माया गरिरहन्छे । रूपा आफ्नी आमालाई निर्घात कुटेर मरणासन्न अवस्थामा छाडेर दुःखको भुङ्ग्रोमा पुऱ्याउने बाबुलाई अन्तिम समयमा पाउँदा हर्षले गद्गद् हुन्छे । यी नारीहरू चुपचाप पुरुषको अन्याय सहन्छन् । यसका विपरीत प्रधानका नारीपात्रहरू आफ्नै पतिले गरेको अन्याय, अत्याचार र शोषणका विरोध गर्दछन् । मुलुकबाहिरका जस्ता निरीह र कमजोर चरित्र प्रधानका नारीपात्रहरूमा छैन । यस उपन्यासका नारीहरू अबला र निमुखा छन् । पुरुषहरूको शोषणबाट पीडित यी नारीहरूमा अन्यायको विरुद्ध बोल्न सक्ने सामर्थ्य छैन तर प्रधानका नारीपात्रहरू अबला र निमुखा छैनन् । अन्यायको विरुद्धमा आवाज उठाउन त के यसका विरुद्ध लड्न पनि तयार छन् । यिनीहरू मुलुकबाहिरका नारीहरू जस्ता पुरुष निर्भर छैनन् । पुरुष यातना प्रधानका नारीपात्रहरूले भन्दा मुलुकबाहिरका नारीपात्रले अझ बढी भोगेका छन् । यहाँसम्म कि पुरुषहरूले यिनीहरूको हत्या क्षण भरमै गरेका छन् । अन्यायले यति चरम रूप लिँदासमेत यी नारीहरू आफ्नो अधिकार खोज्दैनन् र स्वतन्त्रताका लागि लड्दैनन् तर प्रधानका नारीहरू आफ्नो अधिकार र स्वतन्त्रताका लागि सधैं संघर्षशील रहेका छन् ।

यस प्रकार प्रधानका उपन्यासका नारीपात्रहरू 'मुलुकबाहिर' उपन्यासका नारीहरूभन्दा भिन्न रहेका छन् । आफ्नो अधिकारका लागि लड्ने, आफ्नो नारीत्वको हनन हुन नदिने र समाजमा पुरुष सरह आफ्नो स्थान बनाउनका लागि सधैं लड्ने प्रवृत्तिले गर्दा यी नारीहरू अन्य उपन्यासका नारीका तुलनामा अग्रपङ्क्तिमा आउन सफल भए । उपन्यासकार प्रधान क्रान्तिकारी विचारधारा भएका कारण उनको एकमात्र उद्देश्य समाज परिवर्तन गर्नु नै हो र यसकै कारण उनले यस्ता पात्रहरूको सिर्जना गरे । तर वाङ्देलको उपन्यासको उद्देश्य समाजका गतिविधिलाई देखाउनु हो ।

उपन्यासकार हृदयचन्द्रसिंह प्रधान आधुनिक नेपाली उपन्यासमा विशिष्ट स्थान ओगट्न सफल भएका छन् । उनका उपन्यासहरू आधुनिक उपन्यासँग तुलनात्मक रूपले पनि अगाडि रहेका छन् । नारीवादी उपन्याकार प्रधानका उपन्यासहरू नारीवादी चिन्तनले ओतप्रोत रहेका छन् । उनका उपन्यासका नारीपात्रहरू पनि अन्य उपन्यासका नारीपात्रका तुलनामा अगाडि रहेका छन् । अन्य उपन्यासहरू जस्तैः 'भ्रमर', 'रूपमती', 'मुलुकबाहिर' का नारीहरू जस्तो कमजोर र पुरुषनिर्भर प्रधानका नारीपात्रहरू छैनन् बर पुरुषलाई मार्गनिर्देश गर्न सफल भएका छन् ।

## पाँचौं परिच्छेद

# सारांश र निष्कर्ष

'हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा नारीपात्र' शीर्षकको प्रस्तुत शोधपत्र जम्मा पाँच परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदको शोधपरिचय र पाँचौं परिच्छेदको निष्कर्ष शोत्र पत्रका अनिवार्य खण्ड हुन् । दोस्रो परिच्छेदको सैद्धान्तिक खण्ड र तोस्रो परिच्छेदको उपन्यासकार हृदयचन्द्रसिंह प्रधान र उनका उपन्यासका नारीपात्र, चौंथो परिच्छेदको हृदयचन्द्रसिंहका नारीपात्रका आधार यी खण्डहरू प्रायोगिक खण्डका रूपमा रहेका छन् ।

वि.सं. १९७२ माघ १९ गते काठमाडौंको मरूहिटीमा जन्मेका हृदयचन्द्रसिंह प्रधानको वास्तविक नाम चन्द्रप्रसाद प्रधान हो । 'नेपाली स्रेस्ता परीक्षा' उत्तीर्ण गरेका हृदयचन्द्रसिंह प्रधान वि.सं. १९९३ मा 'शारदा' पत्रिकाबाट आफ्नो नाम परिवर्तन गरी नेपाली साहित्यका क्षेत्रमा उदाए । आफ्नै स्वअध्ययनबाट नै साहित्य लेखनमा लागि दक्षता हासिल गरी नौसिन्दा तहको जागिरमा प्रवेश गरेर बहिदार, राइटर, मुखया हुँदै वि.सं. २००४ मा नेपाली भाषा प्रकाशिनी समितिमा ग्रन्थकारको पदसम्म पुगे । 'साहित्यस्रोत', 'जागरण' र 'जनचेतना' जस्ता नेपाली भाषाको पत्रिकाको समेत सम्पादन गरेका प्रधानले निबन्ध विधाबाट नेपाली साहित्यको फाँटमा प्रवेश गरी नेपाली व्याकरण, समालोचना, कविता, कथा, एकाङ्की, उपन्यास, व्यङ्ग्य, निबन्ध जस्ता साहित्य सिर्जना गरेका छन् । उनका सिर्जनामा समाजमा रहेका अन्धपरम्परा, कुरीति, अन्याय, अत्याचार र शोषणविरुद्धका सन्देशहरू छचल्किएका छन् । आफ्ना सम्पूर्ण कृतिहरूमा सामाजिक यथार्थको चित्रण प्रस्तुत गर्दै प्रगतिशील समाजको स्थापनाको लागि अभिप्रेरित प्रधानले निबन्ध र उपन्यास विधामा प्रसिद्धि पाएका छन् ।

नेपाली साहित्यमा पात्रको समानार्थी रूपमा चरित्र शब्द प्रचलित रहेको छ । चरित्रको शाब्दिक अर्थ व्यवहार, आदत, चालचलन, अभ्यास, कृत्य, कर्म, प्रकृति, स्वभाव, कर्तव्य आदि हुन्छ । उपन्यासका महत्त्वपूर्ण तत्त्वहरू मध्ये चरित्र पनि एक हो । चरित्रलाई कतै क्रियाकलाप र कार्यव्यापार आदिका नामबाट पनि चिनाउने प्रयास गरिन्छ । मानवजीवनको व्यापक भाष्य उतार्ने तत्त्व चरित्र हो । चरित्रलाई विभिन्न आधारमा वर्गीकरण गरिन्छ । चरित्र वर्गीकरणका सन्दर्भमा विभिन्न नेपाली विद्वान्हरूले आफ्नो मत अघि सारेका छन् । टङ्कप्रसाद न्यौपानेले कथावस्तुका भूमिकाका आधारमा वर्गीय र वैयक्तिक पात्र भनी वर्गीकरण गरेका छन् । कृष्णहरि बराल र नेत्र एटमले पात्रको वर्गीकरण गतिशील पात्र र स्थिर, यथार्थ र आदर्श, मन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक र चेप्टा, प्रतिनिधि र व्यक्तिपरक, अन्तर्मुखी र बहिर्मुखी भनेर चरित्रको वर्गीकरणसम्बन्धी आफ्नो मत अघि सारेका छन् । त्यसैगरी मोहनराज शर्माले सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, आसन्नताका आधारमा नेपथ्य र मञ्चीय, आवद्धताका आधारमा बद्ध र मुक्त पात्र भनी वर्गीकरण गरेका छन् । यी विभिन्न आधारहरू मध्ये मोहनराज शर्माको वर्गीकरणको आधार पूर्ण र वैज्ञानिक

रहेको छ । उपन्यासको सबैभन्दा महत्त्वपूर्ण तत्त्व नै चरित्र भएकाले उपन्यासमा चरित्रचित्रणको महत्त्व रहेको छ । चरित्र चित्रणका दुईवटा तरिकाहरू रहेका छन् । प्रत्यक्ष र अप्रत्यक्ष ।

आख्यानात्मक र चरित्रको आयतन विस्तृत भएका रचनाहरूले नेपाली उपन्यासको उपन्यासको प्राथमिक काल (वि.सं. १८२६-१९४५) को पृष्ठभूमि तयार पारेका छन् भने नेपाली उपन्यासको माध्यमिक काल (वि.सं. १९४६: १९९०) मानिने ४६ वर्षको अवधिमा देखापरेका कृतिहरूले औपन्यासिक स्वरूप स्थापना गर्न नसके पनि प्राथमिक कालको तुलनामा केही आशा लाग्दो स्थिति देखाएका छन् । वि.सं. १९९१ को 'रूपमती' उपन्यासले आधुनिकताको ढोका खोलिदिएपछि एकपछि अर्को थुप्रै उपन्यासहरू देखापर्दै गए । 'रूपमती' उपन्यासले आदर्शोन्मुख यथार्थवादी धाराको प्रारम्भ गऱ्यो 'भ्रमर' (१९९३) ले स्वच्छन्दावादी धाराको प्रारम्भ गऱ्यो । त्यसैगरी 'मुलुकबाहिर' (२००४) ले सामाजिक यथार्थवादी धाराको प्रारम्भ गऱ्यो । आधुनिककाल अन्तर्गत् देखापरेको आलोचनात्मक यथार्थवादी र नारीवादी धाराको आरम्भ 'स्वास्नीमान्छे' (२०११) र 'एकचिहान' (२०१७) ले गरे । यसपछि पनि अन्य उपन्यास र उपन्यासकार आधुनिक कालमा देखापरेका छन् ।

उपन्यासकार हृदयचन्द्रसिंह प्रधान 'स्वास्नीमान्छे' (२०११) र 'एकचिहान' (२०१७) उपन्यासबाट नेपाली साहित्याकाशमा चर्चित बनेका हुन् । सामाजिक विषयवस्तुलाई आफ्नो उपन्यासको मूल कथानक बनाउने प्रधानले समाजमा देखिएका र देखिने विषमता, कुरीति, परम्परागत रुढि, आडम्बर र थिचोमिचोलाई विरोध गर्दै स्वच्छ र शान्तिपूर्ण समाजको स्थापना गर्न खोजेको पाइन्छ । उनी मानवतावादी लेखक हुन् त्यसैले उनले उपन्यासमा मानवद्वारा मानवमाथि गरिने अन्याय, अत्याचारको भर्त्सना गरेका छन् । उनका उपन्यासहरूले पितृसत्तात्मक समाजको नचाहिँदो सामन्तवादको विरोध गरेका छन् । नारीहरूप्रति उनको सहानुभूति रहेको छ । उनको 'स्वास्नीमान्छे' उपन्यास नारीवादी चिन्तनले भरिएको छ । यस उपन्यासकै माध्यमबाट प्रधान नारीवादी उपन्यासकारसमेत बनेका छन् ।

हृदयचन्द्रसिंह प्रधानका दुई उपन्यास मध्ये 'स्वास्नीमान्छे' ले नारीउपर गरिने भेदभाव भोगवादी प्रवृत्तिलाई हाँक दिँदै सङ्घर्षका लागि एकजुट हुने प्रेरणा दिएको छ । यसमा समाजमा रहेका शोषकवर्गको छद्म क्रियाकलापलाई उदाङ्गो पारी नारीशोषणको अन्त्य गर्ने पहलका लागि आवाज उठाइएको छ । वेश्यासम्बन्धी सामाजिक धारणामा परिवर्तन आउनुपर्ने कुरामा यसले जोड दिएको छ । त्यसैगरी उनको 'एकचिहान' उपन्यासमा किसानहरूको समस्या र स्वप्नचर्या छ । समाजिक प्रचलन र विचारमा देखिएका सबै प्रकारका संकीर्णता, अन्धविश्वास र भेदभावका विरुद्ध सुधार गर्ने, नयाँ समाज रच्ने आदर्श भावना 'एकचिहान' मा अंकित छ ।

उनका उपन्यासमा प्रयुक्त नारीपात्रहरूको अध्ययनका लागि मोहनराज शर्माको पात्र वर्गीकरणसम्बन्धी मतलाई आधार लिइएको छ । उनको चरित्र वर्गीकरणका सम्बन्धमा देखिएका आधारहरू- लिङ्गको आधार, कार्यको आधार, प्रवृत्तिको आधार, स्वभावको आधार, जीवनचेतनको आधार, असन्नताको आधार र आवद्धताको आधारमा प्रधानको नारीपात्रको अध्ययन गरिएको छ । कार्यको आधारमा मोतीमाया प्रमुख भूमिकामा रहेकी छ भने कमला, हीराज्यान, वासन्ती,

मैयाँनानी, लीलादेवी, मिश्री, अञ्जनाकुमारी सहायक पात्र र चूली, जुइँनानी, चम्पा, दालचीनी, नानीप्राण, मोहनबहादुरका बहिनीहरू, बुढीकाकी, बाइजीहरू, दुहुनी पट्टी, मैयानानीको छोरी गौण पात्रका रूपमा रहेका छन् । त्यसैगरी 'एकचिहान' उपन्यासमा नानीथकुं प्रमुख, रञ्जनादेवी, लतमाया, हाकुमाया, सहायक भूमिकामा र पुतली सिन्तली, बाबुचाकी आमा, पुनचाकी स्वास्नी, छिमेकी आइमाईहरू, पुतलीको आमा, बेली गौण भूमिकामा रहेका छन् । प्रवृत्तिका आधारमा 'स्वास्नीमान्छे' का मोतीमाया, वासन्ती, मैयाँनानी, लीलादेवी, नानीप्राण, चम्पा अनुकूल र हीराज्यान, मिश्री, अञ्जनाकुमारी, कमला र वेश्यालयका अन्य आइमाईहरू प्रतिकूल पात्र हुन् । त्यसैगरी 'एकचिहान' का नानीथकुं, रञ्जनादेवी, लतमाया, हाकुमाया, सिन्तली, पुतली, पुतलीकी आमा अनुकूल र आगन्तुक आइमाई र छिमेकी आइमाईहरू प्रतिकूल चरित्र हुन् । त्यसैगरी स्वभावका आधारमा 'स्वास्नीमान्छे' का मोतीमाया, नानीप्राण गतिशील पात्र हुन् भने अन्य पात्रहरू स्थिर पात्र हुन् । त्यसैगरी 'एकचिहान' मा नानीथकुं र लतमाया गतिशील पात्रका रूपमा रहेका छन् भने यस उपन्यासमा उल्लिखित अन्य नारीहरूलाई स्थिर रहेका छन् । यस्तै 'स्वास्नीमान्छे' का कमला, मोतीमाया, हीराज्यान, मिश्री, अञ्जनकुमारी वर्गीय चरित्र हुन् भने अन्य पात्रहरू व्यक्तिगत पात्र हुन् । त्यसैगरी 'एकचिहान' का नानीथकुं, लतमाया, रञ्जनादेवी, हाकुमाया, कमला, हीराज्यान, वासन्ती, नानीप्राण, मैयाँनानी, लीलादेवी, मिश्री, चूली, दालचीनी, मञ्चीयपात्र हुन् भने तबला बजाउने बाइजीहरू र मैयाँनानीको छोरी नेपथ्य पात्र हुन् । 'एकचिहान' का नानीथकुं, रञ्जनादेवी, लतमाया, हाकुमाया, सिन्तली, पुतली, आगन्तुक आइमाई, छिमेकी आइमाईहरू मञ्चीय पात्र र पुतलीकी आमा, पुनचाकी स्वास्नी, बाबुचाकी आमा, बेली, शिवनारांकी ६ वर्षकी छोरी नेपथ्य पात्र हुन् । यसैगरी 'स्वास्नीमान्छे' का मोतीमाया, कमला, अञ्जनाकुमारी, हीराज्यान, वासन्ती, मैयाँनानी, लीलादेवी बद्ध पात्र हुन भने अन्यपात्रहरू मुक्त हुन् । यस्तै 'एकचिहान' का प्रमुख तथा सहायक पात्रहरू बद्ध पात्रका रूपमा रहेका छन् । प्रधानका उपन्यासका नारीपात्रहरू पितृसत्तात्मक समाजका सिकार भएका छन् । पुरुषप्रधान समाजले शोषण अन्याय र अत्याचार गरी निरीह जीवन विताएका यी नारीहरू अन्त्यमा पितृसत्ताका विरुद्धमा उठेका छन् ।

उपन्यासकार प्रधानका नारीपात्रहरूलाई प्रगतिवादी आधार आलोचनात्मक यथार्थवादी आधार समाजशास्त्रीय आधार, मनोवैज्ञानिक आधार, सामाजिक आधार र राजनैतिक आधारमा गरी सात वटा आधारमा अध्ययन गरिएको छ । पितृसत्तात्मक समाजका विरुद्ध आफ्नो अधिकार प्राप्तिका लागि मैयाँनानी, वासन्ती, लीलादेवीका क्रान्तिकारी कार्यले प्रगतिवादको परिचय दिएको छ भने 'एकचिहान' उपन्यासमा रञ्जनादेवीले गरेकी डा.गोदत्तप्रसादको नारीशोषणप्रति को भर्त्सना, नानीथकुंको अन्तर्जातीय विवाह, हाकुमायाको रामबहादुर जस्ता शोषक सामन्तीहरूको विरोधले प्रगतिवादको परिचय दिएको छ । प्रधानका यी दुई उपन्यासहरू आलोचनात्मक यथार्थवादका प्रारम्भकर्ता हुन् । समाजमा भइहरहेको विकृति, विसङ्गति, पुरुषहरूका नारीपिपाशु प्रवृत्तिको यस उपन्यासमा कुट आलोचना गरिएको छ । 'स्वास्नीमान्छे' मा मिश्रीले चलाएको नारीव्यापार नेपाली समाजका लागि आलोच्य बनेको छ । मोतीमायाको सौता कमलाको मोतीमायाप्रतिको व्यवहार, नाठो आएको बनावटी कुरा र किर्ते प्रेमपत्र समाजका लागि असह्य छ ।

नानीथकुंको गोदत्तप्रसादसँगको प्रेम र लतमायाका परम्परागत धारणाहरू जस्तैः मुत्यु संस्कारमा गरिने दान दक्षिणा, विवाहमा गरिने भोजभतेर, दाइजोहरू पनि उपन्यासकार प्रधानका दृष्टिमा आलोच्य बनेको छ । साहित्यमा आउने समाजका अनेक रूप, अनेक पक्ष, अनेक प्रश्न, अनेक विषयहरूलाई यी उपन्यासले आत्मसात गरेका हुँदा यसको युक्तिसङ्गत अध्ययन समाजशास्त्रीय आलोचनामा गरिएको छ । राजनीतिक आधारअन्तर्गत् यी उपन्यासमा नारीपुरुषको समान सहभागिता आवश्यक ठहऱ्याइएको छ । पुरुषहरूद्वारा परिवारको साँधुरो घेरामा सीमित बन्न पुगेका नारीहरू, आफ्ना अधिकारका लागि उठेका छन् । मैयानानी, वासन्ती, लीलादेवीले गरेको कार्य र 'एकचिहान' मा भएका समाजसुधारको कार्यले राष्ट्रिय एकताको परिचय दिएको छ । त्यस्तै सामाजिक आधारअर्न्तगत यी उपन्यासको मूल कथानक सामाजिकता नै हो र यसका सम्पूर्ण चरित्रहरू समाजका प्रतिनिधि पात्र हुन् । आफ्नो पतिको अत्यन्तै दवावका कारण र आर्थिक अवस्था अत्यन्तै कमजोर भएका कारण यी उपन्यासका नारीपात्रहरू मानसिक रूपमा विक्षिप्त बनेका छन् ।

नारीहरूलाई केन्द्रमा राखेर अध्ययन गर्ने नारीवादी समालोचना नेपाली समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण रहेको छ । सामाजिक, साहित्यिक, आदि अनेक विषयमा नारीका पक्षबाट बोल्नु नारीवादी समालोचनाको सैद्धान्तिक पक्ष हो । पितृसत्ताले तोकिदिएको घरपरिवारको साँघुरो घेराभित्रबाट नारीलाई स्वतन्त्र गराउने लक्ष्य नारीवादको रहेको छ । भर्जिनिया उल्फको 'अ अफ वन्स वन' भन्ने आख्यान तथा 'विमिन एन्ड राइटिङ्' मा सङ्कलित निबन्धहरू यसका जग मानिन्छन् ।

नारीवादको मूल अभिष्ठ समतामूलक समाज व्यवस्था हो । सबैको साझा सवालका रूपमा रहेको रानजीतिमा पुरुष सरह महिलाहरूको पनि हक हुनुपर्छ भन्ने मान्यता नारीवादको राजनीतिक दृष्टिकाणअन्तर्गत् पर्दछ । मनोविश्लेषणका क्षेत्रमा यिनीहरूको ढल्काइ फ्रायडतिर नभएर लँकतिर रहेको छ । आफ्नो परिचयका लागि निरन्तर लडिरहने आग्रह नारीवादको मार्क्सवाद अन्तर्गत् रहेको छ । त्यस्तै सामाजिक रूपमा पुरुषका समकक्षीमा नारीलाई पुऱ्याउने लक्ष्य नारीवादी समालोचनाको समाजशास्त्रीय दृष्टिकोणामा पाइन्छ ।

आधुनिक नेपाली उपन्यास 'रूपमती', 'भ्रमर' र 'मुलुकबाहिर' सँग प्रधानका उपन्यासहरूको तुलनात्मक अध्ययन गरिएको छ । प्रधानका उपन्यासका नारीपात्रका तुलनामा 'रूपमती', 'भ्रमर' र 'मुलुकबाहिर' का नारीपात्रहरू निरीह, कमजोर मानिसकता भएका र पुरुषनिर्भर रहेका छन् । प्रधानका उपन्यासका नारीपात्रहरूमा जस्तो विद्रोहात्मकता, क्रान्तिकारिता जस्ता गुणहरू यी उपन्यासका नारीपाहरूमा पाइँदैन् । पुरुषको अन्याय यी उपन्यासका नारीपात्रहरू चुपचाप सहन्छन् भने प्रधानका नारीपात्रहरू विद्रोह गर्दछन् । यिनीहरूका हातबाट शोषक र अत्याचारी पुरुषहरूको अन्त्यसमेत भएको छ ।

यस प्रकार उपन्यासकार प्रधानका नारीपात्रहरू अन्य उपन्यासका नारीपात्रहरू भन्दा तुलनात्मक रूपमा अग्रपङ्क्तिमा रहेका छन् । पितृसत्तात्मक समाजलाई हाँक दिने उनका नारीपात्रहरू पुरुष समाजका समेत पथप्रदर्शक बनेका छन् । क्रान्तिकारिता र विद्रोहात्मकता

उनका नारीपात्रहरूको विशेषता हो । उनका उपन्यासका नारीपात्रहरूमा सबैको भूमिका उत्तिकै महत्त्वपूर्ण छैन । उनका नारीपात्रहरू भित्र पनि सत्, असत् प्रवृत्ति रहेको छ । 'स्वास्नीमान्छे' उपन्यासका तुलनामा 'एकचिहान' का नारीपात्र अलि कमजोर देखिन्छन् र यो उपन्यास नारीवादी दृष्टिकोणबाट त्यति सशक्त छैन तर नारीहरूको स्वतन्त्रता र अधिकारका बारेमा यस उपन्यासले प्रशस्त आवाज उठाएको छ । नेपाली नारीहरूको उत्थान आवश्यक छ, नारीहरूको उत्थान नभएसम्म नेपाली समाजको उत्थान हुनै सक्दैन भन्ने कल्पनालाई साकार बनाउन प्रधान तम्सिएका छन् । उनको दृष्टि भोलिका नारी समाजका विविध समस्यालाई मुख्य स्थान दिँदै नारीमाथि हुने विभिन्न किसिमका विकृत समस्याहरूो आमूल परिवर्तन गर्नेतिर लम्किरहेको छ ।

# सन्दर्भसामग्रीसूची

## पुस्तकसूची

### (क) नेपाली पुस्तकसूची


गौतम, कृष्ण (२०५०), **आधुनिक आलोचना, अनेक रूप अनेक पठन,** ललितपुरः साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०४९), **प्रगतिवादः परम्परा र मान्यता,** डबली प्रेस । प्रकाशक मुना बराल

जोशी, कुमारबहादुर (२०५७), **पाश्चात्य साहित्यका प्रमुख वाद,** साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०२८), **विचरण,** काठमाडौँः भानु प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०४९), **नेपाली साहित्यको रूपरेखा,** दो.सं., नेपाली साहित्य प्रचार प्रसार समिति ।

**नेपाली साहित्यकोश** (२०५५), काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण (२०३३), **एक मन सात चिन्तन** काठमाडौँः रत्न पुस्तक भण्डार ।

प्रधान हृदयचन्द्रसिंह (२०२४), **कुरा साँचो हो,** काठमाडौँः रत्न पुस्तक भण्डार ।

_______ _______ (२०४६), **एक चिहान,** सातौँ सं., साझा प्रकाशन ।

_______ _______ (२०५८), **स्वास्नीमान्छे,** आठौँ सं., साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, (२०५२), **नेपाली उपन्यास र उपन्यासकार,** तेस्रो सं., ललितपुरः साझा प्रकाशन ।

पौड्याल, हीरामणि शर्मा (२०४१), **समालोचनाको बाटोमा,** पर्वत, चितीपानी फलेबास ।

बराल, ऋषिराज (२०५२), **मार्क्सवाद र उत्तरआधुनिकतावाद,** विराटनगर प्रकाशक सबिता बराल ।

_______ _______ (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र**, दोस्रो. सं., काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५५), **उपन्यासको विश्लेषण,** काठमाडौँः नवीन प्रकाशन ।

बराल, कृष्णहरि (२०६१), **वस्तुपरक समलोचना,** काठमाडौँः स्टुडेन्टस बुक्स (पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स), कीर्तिपुर ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दोस्रो सं., काठमाडौँः साझा प्रकाशन ।

भट्टराई घटराज (२०४०), **प्रतिभै प्रतिभा र नेपाली साहित्य,** काठमाडौँः डिल्लीबजार, नेशनल रिसर्च एसोसिएट ।

राई, इन्द्रबहादुर (२०५०), **नेपाली उपन्यासका आधारहरू**, दोस्रो सं., काठमाडौँः साझा प्रकाशन ।

वाङ्देल, लैनसिंह (२०६४), **मुलुकबाहिर,** बाह्रौं सं., काठमाडौंः रत्न पुस्तक भण्डार ।

_______ _______ (२०५९), **शैलीविज्ञान,** दोस्रो सं., नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, गोपिकृष्ण (२०४४), **अवलोकन र विवचेना,** काठमाडौंः साभ्फा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** दोस्रो सं., साभ्फा प्रकाशन ।

**(ख) संस्कृत पुस्तकसूची**

आप्टे, वामन, शिवराम (१९६९), **संस्कृत हिन्दीकोश,** दोस्रो सं., दिल्ली, मोतीलाल वनासीदास पब्लिसर्स प्रा.लि ।

धनञ्जय (२०१९), **दशरूपकम व्याख्या,** दोस्रो सं., वराणसी : चौखम्बा विद्याभवन ।

**(ग) पत्रपत्रिकासूची**

एक सज्जन, 'हृदयचन्द्रसिंह', **साहित्य** (वर्ष २, अङ्क १-४, २०१७ - २०१८, पुस - साउन, पृ. ४४) ।

कर्माचार्य, माधवलाल, श्री हृदयचन्द्रसिंह प्रधान उपन्यासकारका रूपमा, **साहित्य** (वर्ष २, अङ्कः १-४, २०१७ - २०१८, पुस - साउन, पृ. १५)

केतु नारायण : स्वास्नीमान्छे : एक विचार, **रूपरेखा** (२०२८) ।

तिवारी, भीमनिधि 'श्रद्धाञ्जली', **सुस्केरा,** (वर्ष २, अङ्क २, २०२८, जेठ-असार) ।

प्रधान हृदयचन्द्रसिंह, कसरी म लेखक हुन आएँ ?, **सुस्केरा** (वर्ष २, अङ्क २, २०२८, जेठ - असार)

भट्टराई, विश्वनाथ, 'स्वास्नीमान्छे एक सिंहावलोकन' **मधुपर्क** (वर्ष ३, २०२७, कार्त्तिक) । सम्पा. गोपाल प्रसाद भट्टराई र अन्य ।

**(घ) शोधग्रन्थसूची**

आचार्य, वासुदेव, **उपन्यासकार हृदयचन्द्रसिंह प्रधान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०३६ ।

उप्रेती, कमला, **स्वास्नीमान्छे उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०६३ ।

घिमिरे, रामबाबु, **हृदयचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०३६ ।

बराल, ऋषिराज, **प्रगतिशील उपन्यासको मूल प्रवृत्ति**, अप्रकाशित विद्यावारिधि, शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०४८ ।

सुवेदी नेत्रमणि, **भ्रमर उपन्यासको कृतिपरक अध्ययनः** अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, २०५२ ।